## अध्याय एक (CHAPTER ONE)

# १. परिचय (INTRODUCTION)

## १.१ अध्ययनको पृष्ठभूमी (Background of the study)

शिक्षा देश, समाज र व्यक्ति विकासको मेरुदण्ड हो । शिक्षाले नै कुनै पनि राष्ट्र, समाज र व्यक्तिका हरेक पक्षलाई व्यवस्थापन गर्न महत्वपूर्ण भूमिका खेल्दछ । कुनै पनि व्यक्तिको बौद्धिक, सामाजिक, सास्ँकृतिक र मनोवैज्ञानिक विकास हुनका लागि शिक्षाको आवश्यकता पर्दछ । व्यक्तिको विकास भयो भने समाजको विकास हुन्छ । समाजको विकास भयो भने राष्ट्रको विकास हुन्छ । शिक्षाले मानव स्रोतको विकास गर्न प्रमुख भूमिका खेल्ने हुनाले शिक्षा क्षेत्रलाई गुणस्तरिय एवम् समय सापेक्ष बनाउनको लागि उचित लगानीको आवश्यकता पर्दछ । अन्य क्षेत्रमा गरिएको लगानी भन्दा शिक्षा क्षेत्रमा गरिएको लगानी बढि उपयोगी, स्थायी र दीर्घकालिन हुन्छ । जसले विकासको लागि आधार तयार पार्दछ(शर्मा, २०६५) ।

मानव सभ्यताको विकास कमसँग सँगै शिक्षामा पनि विकास भएको पाइन्छ । समयको कालखण्ड व्यतित गर्दै शिक्षा आजको आधुनिक युगमा प्रवेश गरेको छ । विश्व परिवेशलाई हेर्दा सन् १९४८ मा संयुक्त राष्ट्रसंघले घोषणा गरेको मानव अधिकार सम्बन्धी घोषणापत्रले सबैलाई शिक्षाको अधिकार र न्यूनतम मानव अधिकारको व्यवस्था गरेको पाइन्छ । शिक्षालाई संसार भरि सर्वसुलभ र सबैको पहुँचमा पुऱ्याउन सन् २००० मा सेनेगलको डकारमा विश्व सम्मेलन भएको थियो (घिमिरे, २०६५) ।

नेपालको शैक्षिक इतिहासको अध्ययन गर्दा औपचारिक शिक्षाको इतिहास त्यति लामो छैन तर अनौपचारिक शिक्षाको इतिहासलाई भने प्राचिन काल देखि नै लिन सकिन्छ । नेपालमा आधुनिक शिक्षाको शुरुवात जंगबहादुर राणाले बेलायत यात्राबाट फर्केपछि वि.सं. १९१० सालमा आफ्ना सन्तानलाई अंग्रेजी शिक्षा दिलाउन थापाथली दरबारको तल्लो तलामा दरबार स्कुलको स्थापना भएपछि शुरु भएको मानिन्छ । त्यसपछिको समयमा शिक्षाको विकासको क्षेत्रमा विविध परिवर्तन हेरफेर हुदैं आयो । १९९० सालमा एस.एल.सी. बोर्डको स्थापना गरियो । २००७ सालको राजनैतिक परिवर्तनपछि शिक्षा क्षेत्रको विकास पनि तिव्र रुपमा हुँदै गयो । विद्यालय पनि तिव्र रुपमा खुल्दै जान थाले । २००७ सालसम्म आइपुग्दा १ वटा कलेज, ३२२ वटा प्राथमिक विद्यालय, ११ वटा माध्यमिक विद्यालय स्थापना भएका

थिए । त्यस पछिको समयमा शिक्षा प्रणालीलाई सुधार गर्नको लागि विभिन्न योजना आयोग समिति तथा प्रतिवेदनहरु समय परिस्थिति अनुसार परिवर्तन र परिमार्जन हुँदै जान थाले (शर्मा, २०६२) ।

शिक्षालाई विकासको पूर्वाधारको रुपमा लिएको छ । शिक्षामा सर्वसुलभता, समान पहुँच र सक्षमता गुणस्तरियता र सान्दर्भिकता कायम गर्नु आजको आवश्यकता र चुनौतिबनेको छ । शिक्षा समाजलाई उन्नतीको शिखरमा पुऱ्याउने, विकासमा टेवा पुऱ्याउने गरिबी निवारण गर्ने, रोजगारीमा बृद्धि गर्ने माध्यम बनेको छ । वर्तमान समयमा सबैको लागि शिक्षा भन्ने नारा विश्वव्यापि बनिरहेको छ । शिक्षाबाट कोहि पनि वञ्चित हुन नपरोस् भन्ने मान्यता अनुरुप नेपालमा विभिन्न कार्यक्रमहरु अगाडी ल्याइएको छ । मानिस एक सामाजिक प्राणी हो । उसमा चेतनाको विकास गरी सभ्य एंव विकसित प्राणीको रुपमा उसको सभ्यताको विकास गर्नुमा शिक्षाको महत्वपूर्ण भूमिका रहन्छ । जसको आधारमा नै उन्नति र प्रविधिको विकास गर्न सकिन्छ । शिक्षित जनशक्ति तयार गर्न सबै नागरिकलाई प्रभावकारी एंव गुणस्तरिय शिक्षाको आवश्यकता पर्दछ (DOE, 2001)।

माध्यमिक शिक्षा देशको शिक्षा प्रणालीकै एक महत्वपूर्ण भाग हो । यसले देशलाई आवश्यक पर्ने मध्यमस्तरीय श्रमशक्तिको उत्पादन गर्नुको साथै उच्च शिक्षाका लागि आधार प्रदान गर्दछ । उच्च शिक्षाको उदेश्य भनेको राज्यलाई आवश्यक पर्ने सामाजिक, आर्थिक र राजनैतिक क्षेत्रमा उच्चस्तरको जनशक्ति उत्पादन गर्नु हो, जुन माध्यमिक शिक्षाको गुणस्तरमा निर्भर गर्दछ (Bista,2000)।

नयाँ वैज्ञानिक प्रविधि र नयाँ उत्पादन तरीका मानव संसाधनमा निर्भर गर्दछ जसको उत्पादन एउटा राम्रो शिक्षा प्रणालीले गर्न सक्दछ । विकासका अन्य क्षेत्रमा गरिएको लगानी बराबर नै यदि शिक्षा क्षेत्रमा लगानी गर्ने हो भने राष्ट्रिय आयको वृद्धिदरमा अन्य क्षेत्रको लगानीले भन्दा शिक्षामा गरिएको लगानीले बढी योगदान दिने गर्दछ । त्यसैले शिक्षालाई लगानीका रुपमा लिनु पर्दछ । कुनैपनि राष्ट्रको शिक्षा र विकास एउटा सिक्काको दुई पाटाजस्तै अन्तरनिर्भर हुने भएकाले सरकार, समाज तथा व्यक्तिले शिक्षा क्षेत्रमा लगानीको दर बढाउनु पर्दछ (भावुक, २०६०) ।

२०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भएपछि विद्यालय अनुदान कार्यक्रम अर्न्तगत दुर्गम जिल्लामा निम्न माध्यमिक र माध्यमिक शिक्षकको तलब भत्ता सरकारले

शतप्रतिशत व्यहोर्नुको साथै दुर्गम भत्ताको पनि व्यवस्था गरेको थियो । बाँकी अन्य ठाउँहरुको लागि निम्न माध्यमिक र माध्यमिक शिक्षक तलब भत्ता वापत क्रमशः ७५ प्रतिशत अनुदान दिने तर व्यवसायिक माध्यमिक विद्यालयका शिक्षकहरुलाई ७५ प्रतिशत नै तलब दिने व्यवस्था गरेको थियो । २०३८ सालदेखि व्यवसायिक माध्यमिक विद्यालय नरहने व्यवस्था भए पछि सबैखाले माध्यमिक विद्यालयहरुलाई ५० प्रतिशत तलब भत्ता अनुदान दिने व्यवस्था गरिएको थियो । पञ्चायत कालमा कर्मचारीको तलब भत्ता बढाउँदा तलब तुरुन्त नबढाउने फेरि तलब बढेको अनुपातमा आफूले व्यहोर्नुपर्ने प्रतिशत दिदा शिक्षकहरुले नमानेपछि बढेको तलबको शत प्रतिशत रकम नै दिने निर्णय भएको थियो । फलस्वरुप २०४९ सालसम्म माध्यमिक विद्यालयले ६० पतिशत तलबभत्ता अनुदान पाएको देखिन्छ ( पोखेल, २०६२) ।

२०२८ सालदेखि २०४९ सालपूर्व नेपालको माध्यमिक शिक्षामा लागू भएको लागत सहभागितालाई हेर्दा शिक्षामा हुने शैक्षिक लागतमा अभिभावकको पनि ठूलो योगदान रहेको देखिन्छ । तत्कालिन योजना अवधिमा विद्यालयहरुका भौतिक निर्माणमा जनसहभागिता तथा विद्यालयलाई भर्ना शुल्क तिरी अभिभावकले शैक्षिक लागतमा औसत ६० प्रतिशत लगाानी गरेको स्पष्ट हुन्छ (शिक्षा मन्त्रालय, २०६१) ।

२०४६ सालको राजनैतिक परिवर्तन तथा प्रजातन्त्रको पुर्नस्थापना पछि नेपालको माध्यमिक शिक्षामा पहुँच वृद्धि गराउनका लागि निःशुल्क शिक्षा हुनुपर्ने विषयमा चर्चा हुन थाल्यो । राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ ले दिएको सुझावहरुलाई आत्मसाथ गर्दै २०४६ सालपछिको पहिलो जननिर्वाचित सरकारले आ.व. २०४८/०४९ को आफ्नो बजेट वक्तव्यमार्फत माध्यमिक तहको शिक्षालाई आउँदो शैक्षिक सत्र २०४९/०५० बाट कक्षा ६ देखि क्रमशः लागू हुने गरी निःशुल्क गर्दै जाने निर्णय गऱ्यो । यसका साथै यो सरकारले सम्पूर्ण तहका शिक्षकहरुलाई शतप्रतिशत तलबी अनुदान दिने घोषणा गरेपश्चात् नेपालको माध्यमिक तहको लागत सहभागितामा परिवर्तन गर्ने नीति ल्याएको पाइन्छ ( अर्थमन्त्रालय,२०६३) ।

शिक्षा ऐन सातौँ संशोधनले प्राथमिक शिक्षा पूर्ण रुपले निःशुल्क हुने र माध्यमिक तहमा लागत सहभागिता र लागत असुलीको रणनीति लिने व्यवस्था गरेको छ । शिक्षामा पहुँच बढाई समानता कायम गर्न र खर्चको अभावमा कसैले पनि शिक्षाबाट वञ्चित हुन नपरोस् भन्नका लागि यस ऐनले गरिब र सुविधाविहिन समूहलाई लक्षित छात्रवृत्तिको व्यवस्था पनि

मिलाएको देखिन्छ । माध्यमिक शिक्षा सहयोग कार्यक्रमले लागत सहभागिताका रणनीतिहरुलाई विभिन्न समुदाय र आर्थिक सामाजिक समुहसम्म विस्तार गरी नमूना योजना बनाई शिक्षा ऐनको  भावना अनुरुप छात्रवृत्ति कार्यक्रमको व्यवस्था गर्ने लक्ष्य राखेको छ, साथै यसले माध्यमिक शिक्षक सहयोग कार्यक्रमको प्रथम ५ वर्षको अवधिमा संघगत कार्यक्रम लागू भएका १० जिल्लामा र अन्य ६५ जिल्लामा समेत छात्रवृत्तिको लागि प्रत्यक्ष रुपमा लगानी गर्ने व्यवस्था भएको छ (शिक्षा मन्त्रालय, २०५९)।

शिक्षा ऐन सातौं संशोधनले विद्यालय व्यवस्थापन समितिबाट सञ्चालन हुने सामुदायिक विद्यालयको अवधारणा पनि अगाडि ल्याएको छ, जसका केही सदस्यहरु निर्वाचित र केही मनोनित हुने गर्दछन् । यो अवधारणामा सरकारको भूमिका सामुदायिक विद्यालयलाई प्राविधिक सहायता दिने र वस्तुगत आधारमा आवश्यक स्रोत उपलब्ध गराइदिने सम्म हो । यसबाट माध्यमिक शिक्षामा समुदायको समान स्वामित्वको भावना जागृत हुनेछ भन्ने विश्वास लिइएको छ । विद्यालय केन्द्रित व्यवस्थापनलाई लागू गराउन बढी उत्तरदायित्व दिनका लागि एउटा स्पष्ट, परिमार्जित, नियन्त्रणकारी संयन्त्रको आवश्यकता पर्ने भएकाले विद्यालयलाई सशक्त बनाउनु र अभिभावक तथा स्थानीय समुदायको सदस्यहरुको भूमिका बढाउन विद्यालय सुधार योजना प्रक्रियाको थालनी गरिएको छ । सरकारले विद्यालयले तयार गरेको सुधार योजनालाई आंशिक रुपमा सहयोग गर्ने उद्देश्यले विद्यालय अनुदान कार्यान्वयन निर्देशिका २०६१ पनि जारी गरेको छ । नेपाल सरकार, २०५९ ले उक्त निर्देशिका अनुसार प्राथमिक, निम्न माध्यमिक र माध्यमिक विद्यालयलाई प्रशासनिक खर्च शीर्षकमा क्रमशः रु.११,०००/-, रु.१३,०००/- रु.२१,०००/- एवम् मसलन्द शीर्षकमा प्राथमिक तहका लागि प्रतिवर्ष प्रतिशिक्षक रु.३०० का दरले र निम्न माध्यमिक र माध्यमिक तहका लागि रु.५०० का दरले अनुदान दिने व्यवस्था गरेको छ । यसैगरी शतप्रतिशत शिक्षक तलब भत्ता अनुदानबाहेक साधन सहयोग शीर्षक अर्न्तगत प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तर्फ प्रतिवर्ष क्रमशः रु.५३,३००/-, रु.६६,३००/- रु.९७,५००/- दिने व्यवस्था गरेको छ । यसका साथै सरकारले प्राथमिक तहका विद्यालयलाई विद्यार्थी संख्याका आधारमा प्रतिविद्यार्थी रु. १७५/- देखि रु. २५०/- सम्मका दरले विद्यालय सुधार योजनाका लागि अनुदान दिने व्यवस्था गरेको छ । निम्न माध्यमिक र माध्यमिक तहका विद्यार्थीहरुलाई पूर्ण छात्रवृत्ति, निःशुल्क छात्रवृत्ति, दलित छात्रवृत्ति, द्वन्दपीडित छात्रवृत्ति बापत क्रमशः रु.

१,७००/-, रु.७००/-, रु.५,०००/- रु.७,२००/- का दरले कोटा अनुसार वितरण गर्ने व्यवस्था गरेको छ (शिक्षा मन्त्रालय, २०५९) ।

वर्तमान नेपालको शिक्षा संरचना अर्न्तगत कक्षा (१-५) प्राथमिक तह, कक्षा (६-८) निम्न माध्यमिक तह र कक्षा (९-१०) माध्यमिक तह मानिएको छ । प्राथमिक तहलाई वि.सं. २०५२ सालदेखि निःशुल्क गरी उक्त तहका लागि गरिने सम्पूर्ण खर्च सरकारले नै व्यहोर्दै आएको छ । निम्न माध्यमिक र माध्यमिक तहको शिक्षा पनि वि.सं.२०५० सालबाट कक्षा ६ देखि क्रमश लागु हुने गरी निःशुल्क गरिएको छ । यसले गर्दा हाल निम्न माध्यमिक र माध्यमिक तहमा शिक्षक तलब भत्ता खर्च सरकारले नै शतप्रतिशत व्यहोर्दै आएको छ तर पनि वर्तमान शिक्षा नियमावली २०५९ अनुसार माध्यमिक विद्यालयहरुको तोकिएको मापदण्डका आधारमा विभिन्न खालका शुल्क उठाउन पाउने व्यवस्था गरेकाले वर्तमान निःशुल्क माध्यमिक शिक्षा भन्ने नीति विरोधाभास भएको देखिन्छ (बुदुजा, २०६२) ।

समय र परिस्थितिसँगै शिक्षाको मागमा पनि वृद्धि हुँदै आएको छ । सोहि अनुसार विद्यालयको संख्यामा पनि वृद्धि हुँदै गएको छ । हाल सम्ममा पूर्व प्राथमिक विद्यालय तथा बाल विकास केन्द्रको संख्या ३४,१७४ वटा पुगेको छ । देशभरमा ३४,२९८ वटा प्राथमिक, १४,४४७ वटा निम्न माध्यमिक, ८,४१६ वटा माध्यमिक र ३५९६ वटा उच्च माध्यमिक विद्यालयहरु रहेका छन् । विद्यार्थी भर्ना तर्फ प्राथमिक तहको खुद भर्नादर ९५.३ प्रतिशत, आधारभूत तहमा ८६ प्रतिशत, माध्यमिक तह कक्षा ९-१० मा ५४.३ प्रतिशत र कक्षा ९-१२ मा ३१ प्रतिशत पुगेको छ । सामुदायिक विद्यालयमा प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहमा महिला शिक्षकको प्रतिशत कमश ३७.५ प्रतिशत, २०.१ प्रतिशत र १३.१ प्रतिशत पुगेको छ । त्यसैगरी सामुदायिक विद्यालयमा स्वीकृत दरबन्दीका आधारमा शिक्षक/विद्यार्थी अनुपात प्राथमिक, निम्न माध्यमिक र माध्यमिक विद्यालयमा क्रमशः ४०:१, ६०:१ र ३६:१ रहेको छ । करिब २३ लाख विद्यार्थीले वार्षिक रुपमा छात्रवृति प्राप्त गर्ने गरेका छन् (राष्ट्रिय योजना आयोग, २०७०/०७१-०७२/०७३) ।

शिक्षा क्षेत्रमा सरकारले गरेको लगानीको स्थितिलाई हेर्दा २०७२/०७३ को बजेट भाषणमा यस आर्थिक वर्षका लागि कुल बजेट ६ खर्ब १८ अर्ब १० करोड रुपैंया मध्ये शिक्षा क्षेत्रमा ९ करोड, ८६ लाख, ४२ हजार ८ सय २६ रुपैंया विनियोजन गरेको छ । वैशाख १२ गते देशव्यापी रुपमा गएको महाभूकम्पले क्षति पुऱ्याएको विद्यालयहरुको भौतिक निर्माण गर्नका

लागि मात्र ४० अर्ब लाग्ने जानकारी शिक्षा मन्त्रालयको छ । यस्तो स्थितिमा सरकारले शिक्षा क्षेत्रमा छुट्याएको बजेट अत्यन्तै न्यून रहेको छ (अर्थ मन्त्रालय, २०७२) ।

शैक्षिक लगानी पश्चात मात्र शैक्षिक उपलब्धीको प्राप्ती गर्न सकिन्छ । मानवीय जीवनलाई समय सापेक्ष वातावरण अनुसार परिस्कृत गराउन सक्नु र समाजको प्रतिनिधिको रुपमा व्यवहार गर्न सक्ने हुनुलाई शैक्षिक उपलब्धीको रुपमा मान्न सकिन्छ । शैक्षिक उपलब्धी भनेको शैक्षिक लगानी गरेपश्चात मानवीय व्यवहारहरुलाई उपयोगी बनाउने कार्यहरु गर्नुका साथै उदाहरणीय व्यक्ति बनि गुणस्तरि जीवन व्यतित गर्दै समाजमा शिक्षाको ज्ञान बढाउने कुरामा सहयोग गर्नुलाई मान्न सकिन्छ । शैक्षिक उपलब्धीलाई उतीर्ण प्रतिशत, कक्षा छाड्ने प्रवृति, उतीर्ण श्रेणी, कक्षा दोहोऱ्याउने प्रवृति, चेतना, शिक्षित र अशिक्षित बीचको अन्तर जस्ता कुराले निर्धारण गर्दछ (गौतम, २०६७) ।

## १.२ समस्याको कथन (Statement of the problems)

शिक्षा भनेको कुनै पनि व्यक्तिमा रहेको अन्तरनिहित प्रतिभालाई बाहिर प्रस्फुटन गर्न सहयोग गर्ने एउटा साधन हो । कुनै पनि देशले आर्थिक विकास गर्नका लागि शिक्षामा लगानी गर्नुपर्ने हुन्छ । जुन देशले शिक्षा क्षेत्रमा बढी लगानी गरेको हुन्छ, त्यस देशमा मानव संसाधनको विकास धेरै भएको पाइन्छ । मानव संसाधनको विकास हुनु भनेको देशको विकास हुनु हो (अधिकारी, २०७१) ।

सर्वसुलभ र सबैको लागि निःशुल्क शिक्षा भन्ने नारा सम्पूर्ण राजनीतिक दलहरुले आफ्नो घोषणापत्र मार्फत आम नागरिकहरुलाई उद्घोषण गरेको पाइन्छ । शिक्षामा सरकारले पर्याप्त रुपमा लगानी गर्न नसकेको र अभिभावकहरुले आफ्ना छोराछोरीहरु प्रति पर्याप्त शिक्षामा खर्च गर्न नसकेको अवस्थाले गर्दा शिक्षा लिने दिने कार्य कठिन बन्दै गएको छ । जसले गर्दा माध्यमिक तहको शिक्षा जसोतसो चलेको छ । हाल नेपालमा माध्यमिक शिक्षा सम्म पूर्ण रुपमा निःशुल्क बनाइएको छ भने प्राथमिक शिक्षा पूर्ण निःशुल्क हुनुका साथै सिमान्तकृत र सुविधाविहिन बालबालिकाको लागि शिक्षा सुनिश्चित गर्न दिवा खाजा, पोशाक-छात्रवृति र छात्राहरुको लागि तेल सहित उपलब्ध गराउदै आएको छ ।

हाल विद्यालयको शिक्षा दुई क्षेत्रको लगानी र व्यवस्थापनमा चलिरहेको सन्दर्भमा ती विद्यालयहरुवाट उत्पादन हने जनशक्ति, विद्यालय सुविधा तथा पहुँचको अवस्था, विद्यालय शिक्षामा समाविष्ट भौतिक संरचनाको विवरण तथा अवस्था, विद्यार्थि तथा विद्यार्थी भर्ना

संवन्धी विवरण तथा सुचकहरु, प्रणालीको सक्षमता सम्वन्धी अवस्था तथा सुचकहरु, विद्यमान अवस्थामा कार्यान्वयन भएका कार्यक्रमहरुको विवरण आदी जस्ता कराहरुको स्पष्ट विश्लेषणात्मक अध्ययन गरी समस्याको पहिचान र समाधानका विधिहरुको खोजीको टड्कारो आवश्यकता छ । सामुदायिक तथा संस्थागत विद्यालयवाट दुई भिन्न गुणस्तरका जनशक्ति उत्पादन किन र कसरी भइराखेको छ ? यी विद्यालयहरु बीचमा अन्तर रहनुको कारण के हो ? यसको पछाडी आर्थिक पक्षले कस्तो प्रभाव पारिराखेको छ ? शैक्षिक उपलव्धीको स्तरमा फरक पर्नुको पछाडी कुन कुन पक्ष वढी महत्वपूर्ण रहेको छ ? आदी जस्ता समस्यामुलक प्रश्नहरुको उत्तरको खोजीमा नै यस अध्ययन केन्द्रित रहेको छ ।

## १.३ अध्ययनको महत्व (Significance of the study)

कुनै पनि राष्ट्रको आर्थिक विकासका लागि मध्यम स्तरिय जनशक्ति तथा माध्यमिक शिक्षा प्राप्त जनशक्तिको ठूलो योगदान हुने गर्दछ । माध्यमिक तहको शिक्षा उच्च शिक्षाको आधार भएको हुनाले माध्यमिक शिक्षाको गुणस्तर र सहभागिताले उच्च शिक्षाको गुणस्तर र सहभागितामा प्रभाव पार्ने गर्दछ । त्यसैले प्राविधिक र वैज्ञानिक अनुसन्धानका लागि माध्यमिक तहबाट नै यसको थालनी गर्नुपर्दछ । यसबाट उत्पादित जनशक्तिले देशको आर्थिक परिवर्तन तथा विकासमा टेवा पुऱ्याउनुका साथै कृषिमा आधुनिकीकरण आउने र औद्योगिक विकास संभव हुने गर्दछ । त्यसैले माध्यमिक तहको शिक्षालाई उत्पादनमूलक र समय सापेक्ष जनशक्ति उत्पाद गर्ने खालको बनाउन यस तहको शिक्षामा देखा परेका वित्तीय तथा लागत सम्बन्धी वर्तमान अवस्थाको अध्ययन गर्नु सान्दर्भिक छ ।

विद्यार्थीहरुलाई प्राथमिक शिक्षामा आकर्षित गर्ने एउटा महत्वपूर्ण आधारका रुपमा माध्यमिक शिक्षालाई मान्यता दिइदैछ । किनभने धेरै जसो अभिभावकहरु रोजगार पाउने सम्भाव्यता सुनिश्चित गर्न आफ्ना छोराछोरीलाई कम्तिमा पनि माध्यमिक तहसम्मको शिक्षा दिलाउन चाहन्छन् । परम्परागत रुपमा समाजमा रहेका सुविधा विमुख समुहलाई माध्यमिक शिक्षाको तहमा बढ्दो सहभागिता गराउन तथा उनीहरुको परम्परागत अडानलाई परिवर्तन गराउन कम्तीमा पनि माध्यमिक तहसम्मको शिक्षाको अवसर उनीहरुका लागि खुला गरिनु अत्यावश्यक देखिएको छ । माध्यमिक तहमा बढ्दो संख्यामा रहेका बालबालिकाहरुलाई विश्व अर्थव्यवस्थामा सहभागी हुन सक्ने तथा त्यसबाट फाइदा लिन सक्ने सक्षम जनशक्तिको उत्पादन गर्न सक्नु आजको आवश्यकता हो । यसका लागि माध्यमिक विद्यालयमा देखा परेका वित्तिय तथा लागत सम्बन्धी समस्याहरुको पहिचान गरी समयमा नै

आवश्यक कदम चाल्नुपर्ने हुन्छ । अतः यस अध्ययनमा माध्यमिक विद्यालयको वित्तिय तथा लागत अवस्थाको विश्लेषण गर्न खोजिएको छ । यसबाट प्राप्त निष्कर्षले वर्तमान समयमा देखा परेका माध्यमिक विद्यालयसँग सम्बन्धित विभिन्न समस्याहरुको बारेमा जानकारी प्रदान गर्नेछ । माध्यमिक शिक्षामा सरकारले गर्ने लगानीको अवस्था कस्तो छ ? सरकारले गरेको लगानी सही ढंगले कार्यान्वयन भएको छ वा छैन ? लगानी अनुसार विद्यार्थीको उपलब्धी छ वा छैन ? लगानी र उपलब्धीलाई के कस्ता तत्वहरुले प्रभाव पारिरहेका छन् आदि जस्ता प्रश्नको जवाफ खोजिने भएकाले यस अध्ययनबाट निकालिएको निष्कर्षले माध्यमिक तहमा गरिने लगानीका उपयुक्त नीतिनिर्माण गर्न सम्बन्धित निकायलाई आधार प्रदान गर्नेछ । यसका अतिरिक्त माध्यमिक शिक्षाको शैक्षिक उपलब्धीलाई लक्ष्यसम्म पुऱ्याउनमा सहयोगी भूमिका निर्वाह गर्ने शिक्षक, अभिभावक, वि.व्य.स., नितिनिर्माण, लगानीकर्ता, संघसंस्था आदिलाई आ-आफ्नो भूमिका निर्वाह गर्न सहयोग गर्नुका साथै शिक्षा क्षेत्रमा योगदान दिन चाहने सरकारी गैरसरकारी संघसंस्थाहरु र अनुसन्धानकर्ताहरुका लागि समेत सहयोगी बन्न सक्ने छ भन्ने अपेक्षा राखिएको छ ।

### १.४ अध्ययनको उद्देश्य (Objectives of the study)

यस अध्ययनको साधारण उद्देश्य सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयमा आर्थिक लगानी र शैक्षिक उपलव्धी वीच तुलनात्मक विश्लेषण गर्नु रहेको छ भने उक्तसाधारण उद्देश्य परिपूर्ति गर्न यस अध्ययनका विशिष्ट उद्देश्यहरु निम्न अनुसार रहेकोछ :

- सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयको आम्दानीको स्रोत तथा खर्चका क्षेत्रहरु पहिचान गर्नु ।
- सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयको प्रति एकाई विद्यार्थी लागतको अनुमान गर्नु ।
- सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयको प्रति एकाई विद्यार्थी लागत र शैक्षिक उपलव्धीको तुलनात्मक विश्लेषण गर्नु ।

## १.५ अनुसन्धान प्रश्न (Research questions)

यस अध्ययनले सरकारी विद्यालयमा सरकाले गरेको लगानी र त्यसबाट प्राप्त शैक्षिक उपलब्धी कस्तो रहेको छ ? भन्ने कुरालाई आधार मानि निम्न प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरिएकोछ ।

- सामुदायिक र संस्थागत माध्यमिक विद्यालयको आम्दानीको श्रोत के छ ?
- सामुदायिक र संस्थागत माध्यमिक विद्यालयका खर्चका क्षेत्रहरु के के छन् ?
- सामुदायिक र संस्थागत माध्यमिक विद्यालयमा शैक्षिक लगानी र उपलब्धी बीचको सम्बन्ध कस्तो छ ?
- के सामुदायिक र संस्थागत विद्यालयको शैक्षिक उपलव्धीमा अन्तर छ ?
- सामुदायिक र संस्थागत माध्यमिक विद्यालयमा प्रति विद्यार्थी लागतको अवस्था कस्तो छ ?

## १.६ अध्ययनको परिसीमा (Delimitation of the study)

यस अध्ययन निम्न लिखित परिसीमा भित्र रहि पुरा गरिएको छ ।

- यो अध्ययन सामुदायिक र संस्थागत माध्यमिक विद्यालयमा मात्र सिमित रहेको छ ।
- यस अध्ययन झापा जिल्लाको जलथल गा.वि.स.मा अवस्थित २ वटा माध्यमिक विद्यालयहरु श्री लक्ष्मी मा.वि.र चिल्ड्रेन गार्डेन अंग्रेजी मा.वि. मा सीमित गरिएको छ ।
- यस अध्ययन विद्यालयको आर्थिक तथा शैक्षिक तथ्याङ्कसँग मात्र सीमित रहेको छ ।
- यस अध्ययन विद्यालयको शैक्षिक सत्र २०७१/०७२ सालको तथ्याङ्कमा आधारित रहेको छ ।
- शैक्षिक उपलब्धी विद्यालयमा रहेका माध्यमिक तहका सम्पूर्ण विद्यार्थीहरुलाई आधार मानि लिइएको छ ।
- यस अध्ययनको निष्कर्षलाई सम्पूर्ण देशको संरचनामा सामान्यिकरण गर्न सकिने छैन ।

## १.७ मुख्य शब्दावलीको परिभाषा (Definition of the key words)

यस अध्ययनसँग सम्बन्धित मुख्य मुख्य शब्दहरुलाई निम्नानुसार परिभाषित गरिएको छ ।

| | | |
|---|---|---|
| माध्यमिक शिक्षा | - | कक्षा ९ र १० सम्मको शिक्षा |
| लगानी | - | सरकार, अभिभावक तथा अन्य संघसंस्थाद्वारा शिक्षामा गरिएको खर्च |
| शैक्षिक उपलब्धी | - | विद्यार्थी उत्तीर्ण संख्या |
| उतीर्ण | - | पास हुनु । |
| सामुदायिक विद्यालय | - | सरकार तथा समुदायद्वारा सञ्चालित विद्यालय |
| संस्थागत विद्यालय | - | निजी क्षेत्रबाट सञ्चालित विद्यालय |
| कक्षा दोहोऱ्याउनु | - | फेल भई पुनः उही कक्षामा भर्ना हुनु |

## १.८ अध्ययनको संगठन (Organization of the study)

यस अध्ययनलाई पाँच अध्यायमा विभाजन गरिएको छ । अध्याय एकमा अध्ययनको परिचय रहेको छ । जसमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको महत्व, उद्देश्य, अनुसन्धान प्रश्न, सीमा निर्धारण, मुख्य शब्दावली र संगठन राखिएको छ । अध्याय दुईमा सम्बन्धित साहित्यको पुनरावलोकन र कार्यात्मक ढाँचा राखिएको छ, जसमा सैद्धान्तिक साहित्य तथा अनुसन्धानसँग सम्बन्धित साहित्यको समीक्षा रहेको छ । अध्याय तीनमा अध्ययनको विधी र प्रकृयाहरु राखिएको छ । जसमा अध्ययनको ढाँचा र विधि, जनसंख्या, नमुना र नमुना रणनीति, अध्ययन क्षेत्र, तथ्याङ्क संकलनका साधन र प्रविधिहरु, तथ्याङ्क संकलन प्रकृयाहरु, तथ्यांक विश्लेषण प्रकृयाहरु र नैतिक सोच रहेका छन। अध्याय चारमा नतिजा व्याख्या र विश्लेषण रहको छ । जसमा तथ्याङ्क विश्लेषण र नतिजाको व्याख्या रहने छ । अध्याय पाँचमा सारांश, निश्कर्ष र सुझावहरु राखिएको छ। त्यसपछि अनुसुचि तथा सन्दर्भ सूचिहरु राखिएको छ ।

## अध्याय दुई (CHAPTRER TWO)

## २. सम्बन्धित साहित्यको पूनरावलोकन र सैद्धान्तिक संरचना (REVIEW OF RELATED LITERATURE AND THEORETICAL FRAMEWORK)

यस अध्यायमा सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक संरचना शीर्षक अर्न्तगत सैद्धान्तिक साहित्यको पुनरावलोकन, अनुसन्धानात्मक साहित्यको पुनरावलोकन, साहित्यको पुनरावलोकन अध्ययनको उपादेयिता, अनुसन्धान अन्तर, अवधारणात्मक संरचना र कार्यात्मक संरचना जस्ता उपशीर्षकहरुलाई क्रमशः प्रस्तुत गरिएको छ ।

### २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन (Review of Theoretical literature)

शर्मा (२०५८) का अनुसार शिक्षामा गरिने लगानीले मानवीय पूँजी निर्माणमा अत्यन्तै महत्वपूर्ण भूमिका प्रदान गर्दछ । शिक्षामा गरिएको लगानीले व्यक्तिको ज्ञान र कुशलतामा वृद्धि गर्दै लैजाने हुँदा उनीहरुको उत्पादकत्व बढ्दै जान थाल्छ तर कतिपय विकासशील देशहरुमा हाल कायम रहेको शैक्षिक प्रणाली साँच्चै भन्नुपर्दा बेरोजगार उत्पादन गर्ने कारखाना जस्तो बन्न पुगिसकेको छन् । विकासशील देशहरुमा शैक्षिक बेरोजगारले उग्ररुप लिदै गइरहेको छ । यसको मूल कारण आफ्नो आर्थिक सम्भाव्यता र आधार बिनाको कथित शिक्षा दिइने परम्परा हो । जापानले आर्थिक विकास गर्नु भन्दा पहिले आफ्नो देशको आर्थिक धरातल अनुरुप उपलब्ध साधन स्रोतको परिचालन गर्न आवश्यक पर्ने जनशक्तिको मूल्याङ्कन गरी सोही अनुसार शैक्षिक क्षेत्रमा आमूल गरेको थियो । चीनले कुन कुन क्षेत्रमा के-कति जनशक्तिको आवश्यकता पर्दछ भन्ने योजना बनाई सोही अनुसार जनशक्तिको उत्पादन गर्नछ । तर विकासशील देशमा एकातिर धरातल अर्कोतिर शैक्षिक उत्पादन हुन्छ । फलस्वरुप शैक्षिक उपाधि प्राप्त जनशक्ति त्यसै बस्नुपर्ने आवश्यकता रहेको छ ।

Harbinson and Mayer (1968) ले ७५ वटा देशलाई शैक्षिक जनशक्तिले कुल राष्ट्रिय उत्पादनमा (GNP) पारेको प्रभावको बारेमा अध्ययन गरेका थिए । उनीहरुले प्राथमिक, माध्यमिक तथा उच्च माध्यमिक तहको अध्ययन गरेका थिए । कुल राष्ट्रिय उत्पादनमा प्राथमिक शिक्षा लिएकाले भन्दा उच्च शिक्षा लिएकाले बढी योगदान गरेको पाइयो । तसर्थ १० देखि २० वर्षमा कुल राष्ट्रिय उत्पादनमा दोब्बर बृद्धि गर्ने हो भने प्राथमिक शिक्षामा दोब्बर तथा माध्यमिक शिक्षामा ५ गुणाले र उच्च शिक्षामा १० गुणाले लगानी बृद्धि

गर्नुपर्दछ । साथै उच्च शिक्षा लिएकालाई पूर्ण रोजगारी दिनुपर्दछ । त्यसैगरी Thumb employment and oupercal rule अनुसार भर्ना दरलाई पनि ५ गुणाले बृद्धि गरेमा पूर्व निर्धारित कुल राष्ट्रिय उत्पादन प्राप्त गर्न सकिन्छ ।

थापा (२०५८) का अनुसार शिक्षामा गरिएको खर्चबाट अपेक्षित प्रतिफल प्राप्त भएजस्तो देखिदैन । त्यसैले लगानी र यसबाट प्राप्त हुने प्रतिफलको लेखाजोखा गरी निश्चित अवधि तोकी लगानी गर्ने प्रवृत्तिको विकास गर्नु आवश्यक भएको छ । यसका लागि ठीक ठाउँमा र बढी प्रतिफल दिने ठाउँमा लगानी गर्नु आवश्यक छ । बडो मेहेनतका साथ ल्याएको रकम हल्का रुपमा लागत लाभको हिसाब नगरी खर्च गरिएको पाईन्छ । नीति नियम सबै छ तर वास्तविक लक्ष्य र प्रतिबद्धताको कमी छ । तर राजनैतिक तथा निहीत स्वार्थप्रति बढी लगनशील हुने प्रवृत्ति मौलाएको पाईन्छ । एकातर्फ प्रतिविद्यार्थी लगानी निकै बढेको देखिन्छ तर अर्कोतर्फ उक्त लगानीको उच्च सदुपयोग नभई आशातीत प्रतिफल प्राप्त हुन सकेको छैन । यस अवस्थामा स्पष्ट लक्ष्य दिने, आवश्यक प्रतिवद्धताको साथ उपयुक्त रुपमा लगानी गर्ने, लगानीमा पारदर्शिता कायम गर्ने, प्रभावकारी अनुगमन गर्ने जस्ता कार्यहरु गरेमा नेपालको शैक्षिक लगानीबाट आशातित प्रतिफल प्राप्त हुन्छ ।

शिक्षामा गरिने लगानीले मानवीय पूँजी निर्माणमा अत्यन्तै महत्वपूर्ण भूमिका प्रदान गर्दछ । शिक्षाको लगानीले व्यक्तिहरुको ज्ञान र कुशलतामा वृद्धि गर्दै लैजाने हुँदा उनीहरुको उत्पादकत्व बढ्दै जान थाल्दछ तर कतिपय विकासशील देशहरुमा हाल कायम रहेको शैक्षिक प्रणाली साँच्चै भन्नुपर्दा "बेराजगार उत्पादन गर्ने कारखाना" जस्तो बन्न पुगिरहेको छ । विकाशसील देशहरुमा शैक्षिक बेरोजगारीले उग्र रुप लिँदै गईरहेको छ । यसको मूल कारण आफ्नो आर्थिक सम्भाव्यता र आधार विनाको कथित शिक्षा दिइने परम्परा हो । जापानले आर्थिक विकास गर्नुभन्दा पहिले आफ्नो देशको आर्थिक धरातल अनुरुप उपलब्ध साधन स्रोतको परिचालन गर्न आवश्यक पर्ने जनशक्तिको मूल्यांकन गरी सोहीअनुसार शैक्षिक क्षेत्रमा आमूल परिवर्तन गरेको थियो । चीनले कुनकुन क्षेत्रमा के कति जनशक्तिको आवश्यकता पर्दछ भन्ने योजना बनाई सोहीअनुसार जनशक्तिको उत्पादन गर्दछ । तर विकाशसील देशमा एकातिरको धरातल अर्कोतिरको शैक्षिक उत्पादन हुन्छ । फलस्वरुप शैक्षिक उपाधि प्राप्त जनशक्ति त्यसै बस्नुपर्ने अवस्था रहेको छ ।

अधिकारी (२०६०) का अनुसार सरकारले माध्यमिक शिक्षालाई कूल बजेटको करिब २४ प्रतिशत विनियोजन गर्दछ । सरकारबाट विद्यालयहरुले प्राप्त गर्ने अनुदानको लगभग धेरैजसो रकम शिक्षक तलबमा खर्च हुन्छ । खासगरी प्रवेश शुल्क, पुनः प्रवेश शुल्क तथा मासिक शुल्क लिन नपाउने गरी माध्यमिक शिक्षालाई निःशुल्क घोषणा गरेपछि विद्यालयको आम्दानीका स्थानिय र परम्परागत स्रोतहरु सुक्दै गएका छन् । परिणामस्वरुप विद्यालयभित्रका गतिविधिको गुणस्तर वृद्धि गर्न आवश्यक खर्च अपर्याप्त हुन गएको छ । विद्यालयको भौतिक सुविधाको विकास तथा सञ्चालन खर्च जुटाउनका लागि अभिभावक र विद्यालय दुवैले कठिनाइको सामना गर्नुपरेको छ । अहिलेको स्थितिमा अभिभावकले विद्यार्थीको शैक्षिक खर्चमा एकतिहाई व्यहोरिरहेको अनुमान गरिएको छ र सरकारले शिक्षामा सम्पूर्ण जिम्मेवारी लिन्छ भन्ने भ्रम स्थानीय निकाय र जनसमुदायमा पर्न गएको छ ।

खनाल (२०६१) अनुसार पहिले पहिले नाफाको दृष्टिकोणले भन्दा पनि मानवीय दृष्टिकोणले शिक्षामा लगानी गरिन्थ्यो तर वर्तमानमा शिक्षामा गरिने लगानीद्वारा प्रतिफलको अपेक्षा राखिन्छ । सार्वजनिक शिक्षाको खर्च कसले व्यहोर्नुपर्ने हो ? व्यक्ति,उद्योग, राष्ट्र वा कसले ? यस प्रश्नको एउटै उत्तर पाइदैंन । शिक्षाले निजी लाभ पनि दिने हुँदा शिक्षामा लगानी पनि निजी स्रोतबाटै हुनुपर्दछ भन्ने एउटा बलियो तर्क छ भने अर्कोतर्फ शिक्षाले सामाजिक लाभ दिने हुँदा राज्यले नै शिक्षामा लगानी गर्नुपर्दछ भन्ने धारणा पनि देखिन्छ ।

शर्मा (२०६४) को लेख अनुसार शिक्षामा लगानी भन्नाले विभिन्न स्थानबाट स्रोत जुटाई शैक्षिक लक्ष्य प्राप्त गर्न गरिने योजनावद्ध खर्च भन्ने बुझिन्छ । दोस्रो विश्व युद्ध पछि विभिन्न देशले योजनावद्ध रुपमा शिक्षामा लगानी गरि देश विकाश गरेको पाईन्छ । नेपालमा पनि विद्यमान स्रोतको दक्षता विकाश गर्न योजनावद्ध शैक्षिक लगानी गर्ने परिपाटि छ । शिक्षामा गरिएको लगानीलाई मानव संसाधन विकाशको निम्ति दीर्घकालीन लगानीको रुपमा लिइन्छ । शिक्षामा लगानी सार्वजनिक लाभको सिद्धान्तको आधारमा गरिन्छ । शैक्षिक क्षमताको अभिवृद्धिमा वित्तिय पक्ष महत्वपूर्ण हुन्छ । यस क्षेत्रमा गरिएको लगानीको प्रकृति, आकार, वितरण दक्षताले शिक्षा प्रवर्द्धनमा महत्वपूर्ण भुमिका खेल्छ ।

खनाल र आचार्य (२०६५) का अनुसार शिक्षामा गरिने लगानी नै वास्तवमा दिगो उद्योगमा गरिने लगानी हो । यसले अर्थ व्यवस्थाको लागि आवश्यक जनशक्ति र सेवा पुऱ्याउँदछ । साथै कुल राष्ट्रिय उत्पादनमा पनि उल्लेखनीय योगदान पुऱ्याउँछ । अधिकांश विकाशोन्मुख

मुलुकहरुमा सार्वजनिक शिक्षाको खर्च जुटाउन राज्यको ढुकुटी नै प्रयोग गरेको पाइन्छ । हरेक नागरिकको शिक्षा पाउने अधिकार हो । शिक्षा दिने राज्यको दायित्व हो भन्ने कुरा सामान्य नागरिक देखि उच्च राजनीतिक सम्म उस्तै पाइन्छ । तथापि संसारका सबै नागरिकहरुले सबै किसिमका शिक्षा दिन पाएनन् । कसैले प्राथमिक शिक्षा, कसैले माध्यमिक शिक्षा त कसैले उच्च माध्यमिक शिक्षासम्म सरकारी स्रोतबाट उपलब्ध गराउने गरी आफ्नो र अन्य तहमा सरकारी लगानी घटाउदै जाने नीति एउटा साझा नीतिको रुपमा आयो । फलस्वरुप लोककल्याणकारी राज्य व्यवस्थाले सामाजिक लक्ष्यको सिद्धान्त अनुरुप शिक्षामा लगानी गर्नुपर्दछ भन्ने अवधारणाले व्यापकता पायो । तर यो सर्वसम्मत हुन सकेन र प्रविधिको कारणले नयाँ ज्ञान र सीपको आवश्यकता खोजी हुन थाल्यो र यसको दुर्लभता रह्यो । जसको प्राप्तिका लागि मूल्य चुकाउनु पर्ने भयो । फलस्वरुप शैक्षिक लगानीका वैकल्पिक मार्गहरुको अवधारणा आयो ।

शर्मा (२०६८) का अनुसार गुणस्तरिय शिक्षाले व्यक्तिको सामाजिक, आर्थिक, सास्ँकृतिक विकासमा आवश्यक व्यवहारको निर्माण गराउँदछ । जस्तो सुकै अप्ठ्यारो परिवेशमा पनि समायोजन हुन सहयोग पुऱ्याउँछ । उपलब्ध साधन र अवसरको पूर्ण उपयोगमा सहयोग पुऱ्याउँदछ । निजी हितलाई सामुहिक हितमा परिवर्तन गर्दै पारस्परिक सहयोगको विकास गराउँदछ । र पारिवारिक सामाजिक राष्ट्रिय र अन्तराष्ट्रिय हितमा व्यक्तिलाई सधैं सचेत गराउँदछ । यसको लागि शिक्षा क्षेत्रमा लगानी बढाउनु अत्यन्तै आवश्यक हुन्छ ।

अधिकारी (२०७१) का अनुसार शिक्षामा सरकारले गरेको अपर्याप्त लगानी वा बजेटको कारण गुणस्तरिय शिक्षाका लागि आवश्यक जस्तै :- शैक्षिक व्यवस्थापन, आर्थिक व्यवस्थापन, पर्यावरणिय संरचनागत नीति तथा कार्यक्रम गत, अनुगमन तथा मूल्याङ्कनगत समस्याहरुले गुणस्तरीय शिक्षा तथा शैक्षिक उपलब्धीलाई प्रभाव पारेको छ ।

## २.२ सम्बन्धित पूर्व साहित्यको समीक्षा (Review of Related literature)

चीराग (१९९५) ले उच्च माध्यमिक विद्यालयको भौतिक सुधार, शिक्षकको अवस्था र शिक्षण सिकाईको अवस्था अध्ययन गरी प्रतिवेदन लिएको थियो । नेपालको भौगोलिक क्षेत्रको प्रतिनिधित्व हुनेगरी ९५ वटा उच्च माध्यमिक विद्यालयको अध्ययन गरेको थियो जसमा शहरी क्षेत्रतर्फ ३७ प्रतिशत र ग्रामिण क्षेत्रतर्फ ६३ प्रतिशत उ.मा.वि. रहेको उल्लेख गरिएको छ । प्रतिविद्यालय शिक्षक संख्या औषतमा १३ जना, भवन संख्या ६ वटा भएको

देखाइएको छ भने १७ वटा विद्यालय सँग मात्र आफ्नो जमिन भएको देखाएको छ र ९५ विद्यालयको ८२ प्रतिशत विद्यालयको ८० वर्गफिट देखि १२१२ वर्गफीट सम्म देखाएको छ भने औषतमा ६४३ वर्गफिट क्षेत्रफल देखाएको छ । फर्निचरको हकमा ९४ प्रतिशत विद्यालयहरुमा पर्याप्त भएको, १३ प्रतिशत विद्यालयहरुको कार्यशाला भवन भएको, ३३ प्रतिशत सँग छात्रवास सुविधा भएको, सबैसँग पुस्तकालय सुविधा भएको तर पुस्तक संख्या अपुग भएको र खानेपानि र शौचालय व्यवस्था सबैमा भएको देखाईएको छ । प्रतिवेदन अनुसार ५०१ शिक्षक मध्ये महिला ४.६ प्रतिशत, योग्यता पुगेको ७६ प्रतिशत शिक्षक र कुल आयको ५३ प्रतिशत विद्यार्थी शुल्कबाट आम्दानी हुने देखाएको छ । उक्त आय ५५ प्रतिशत शिक्षक तलबभत्ता र ७ प्रतिशत कर्मचारी तलब भत्तामा खर्च हुने देखाएको छ भने प्रतिविद्यार्थि खर्च वार्षिक रु.८,८३९ रुपैया उल्लेख छ ।नेपालको राष्ट्रिय शिक्षापद्धतिको कार्यान्वयनमा स्थानीय स्तरबाट शैक्षिक क्षेत्रमा गरिने लगानी शून्य छ । यसको सम्पूर्ण शैक्षिक खर्च सरकारद्धारा नै गरिएको छ । सरकारले शैक्षिक प्रणालीलाई राष्ट्रियकरण गरेको छ, तदनुसार यसको लगानीको पूर्ण उत्तरदायित्व पनिसरकारले नै लिएको छ । नेपालमा शैक्षिक प्रणालीको राष्ट्रियकरण पनि स्थानीय सहयोगमा न्यून भएको हामी पत्ता लगाउन सक्छौं । लेखकहरुको सुझाब यो छ कि यदि नेपालले उनीहरुको खातिर गति अगाडि बढाउने हो भने शैक्षिक नेताहरुले तथा सरकारले जनसहभागिता तथा प्रगतिको लागि अन्य विभिन्न उपायहरुको खोजी गर्नुपर्दछ साथै स्थानीय जनताको विकास तथा प्रगतिको लागि अन्य विभिन्न उपायहरुको खोजी गर्नुपर्दछ ।

शैक्षिक नेता तथा सरकारलाई सुझाव दिँदै उपाध्याय (१९७३) ले गरेको एक अध्ययनमा शिक्षाको विभिन्न तहहरुमा सरकारको लगानीगत दायित्वको लेखाजोखा गरिएको छ । शिक्षाका समानुपातिक तथा निरपेक्ष दुवै क्षेत्रमा सरकारको लगानी महत्वपूर्ण रुपमा वृद्धि भएको छ । उक्त लगानीको परिपूर्ति गर्नका लागि अन्तर्राष्ट्रिय स्रोतहरुको परिचालन गर्नु हो भने शैक्षिक संस्थाभित्र उपलब्ध स्रोतहरुको उच्चतम प्रयोग गर्नु पनि हो । नेपालको पाँचौ योजनाले नेपाल सरकारको खर्चका क्षेत्रहरुको योजनालाई प्रष्ट रुपमा देखाएको छ । लगानीका प्रमुख क्षेत्रहरु भनेको यातायात, सञ्चार र अरु सहायक भनेको सामाजिक तथा आर्थिक सेवाका क्षेत्रहरु पनि हुन् । त्यति बेला निजी क्षेत्र अगाडि आइसकेको थिएन । सरकारले निमार्ण, व्यापार तथा सेवा क्षेत्रमा उद्योगहरुको संगठन निर्माण गरिरहेको थियो । नेपालमा सरकारी खर्च दिनप्रतिदिन बढ्दै गइरहेको थियो । सरकारी खर्च निरपेक्ष क्षेत्रमा

मात्र बढेको थिएन कि जनसंख्या वृद्धिद्वारा खर्च तथा शहरीकरणको वृद्धिद्वारा हुने खर्च पनि बढेको थियो । यहाँ सरकारी खर्चको विभिन्न क्षेत्रहरु थिए जस्तै : वस्तु तथा सेवाहरुको प्रत्यक्ष उपदानमा हुने खर्चहरु आदि थिए जसले गर्दा शिक्षा क्षेत्रमा त्यति ठूलो लगानी हुन सकेको देखिदैंन ।

शिवाकोटी (२००४) का अनुसार सरकारी र निजी माध्यमिक विद्यालयको वित्तिय समस्याको अध्ययनमा सरकारी माध्यमिक विद्यालयको आम्दानीको स्रोतको रुपमा ६४.४ प्रतिशत, सरकारी अनुदानबाट २८ प्रतिशत, अभिभावकबाट ७.५ प्रतिशत प्राप्त भएको देखिन्छ । अनुसन्धानकर्ताका अनुसार अभिभावकले तिर्ने विद्यालय शुल्कसँग सम्बन्धित खर्च सरकारी विद्यालयमा पढ्नेको रु. १,२४३ र निजी विद्यालयमा पढ्नेको औषत रु. १२,७८३ भएकाले सरकारी र निजी विद्यालयमा शैक्षिक लागतका बीचमा ठूलो भिन्नता रहेको छ । अभिभावकहरुबाट गरिने विद्यालय शुल्कसँग शैक्षिक खर्च सरकारी विद्यालयमा रु. ५,२१७ र निजी विद्यालयमा रु. ७,६८४ भएको देखाइएको छ । सरकारी विद्यालयले न्यून रुपमा वार्षिक शुल्क र निजी विद्यालयले चर्को दरमा मासिक शुल्क उठाइ आफ्नो आय स्रोत जम्मा गरेको सरकारी विद्यालयले शैक्षिक गुणस्तर बृद्धि गर्ने जस्ता क्षेत्रमा निकै कम मात्र खर्च गरी ठूलो रकम शिक्षक तलब भत्तामा नै खर्च गरेको सरकारी माध्यमिक विद्यालयमा औसत ५१६ जना र निजीमा १८९ जना विद्यार्थीहरु हुने भएकाले सरकारी विद्यालयमा विद्यार्थी शिक्षक अनुपात बढी र निजी विद्यालयमा सो अनुपात निकै कम देखिएको छ ।

शिवाकोटी (२०६१) "A comparative study of financing and cost of public and private secondary school of Nepal" का अनुसार सरकारी माध्यमिक विद्यालयको आम्दानीका स्रोतहरुमा ६३.४ प्रतिशत सरकारी अनुदानबाट, २८ प्रतिशत अभिभावकबाट, ७.५ प्रतिशत विद्यालयको आफ्नै स्रोतबाट र केही प्रतिशत अन्य स्रोतबाट प्राप्त हुन आएको तर निजी विद्यालयको पुरै आम्दानी अभिभावकहरुबाट मात्र प्राप्त भएको देखिएको छ । त्यसैगरी उक्त अध्ययनबाट सरकारी माध्यमिक विद्यालयको सरकारी अनुदान रकममा शिक्षक तलबका लागि नै ठूलो रकम निकासा हुने र शैक्षिक गुणस्तर तथा स्टेशनरीतर्फ निकै थोरै अनुदान प्राप्त हुने भएकाले विद्यालयमा शैक्षिक सामग्रीको अभाव हुने स्थिती देखाइएको छ । त्यसैगरी उक्त अध्ययनमा अनुसन्धानकर्ताले अभिभावकबाट गरिने वार्षिक लागत विद्यालयको शुल्कसँग सम्बन्धित र असम्बन्धित दुवै खर्चको आधारमा सरकारी विद्यालयमा प्रतिवर्ष प्रतिविद्यार्थी औसत रु. ६,४६० र निजी विद्यालयमा प्रतिवर्ष प्रतिविद्यार्थी औसत रु.

२०,४६० लागेको देखाएका छन् । त्यसैगरी सरकारी विद्यालयले शुल्कर अन्य शैक्षिक लागतका लागि गरिब विद्यार्थीहरुका लागि छात्रवृत्ति दिने गरेको तर निजी विद्यालयमा सर्वोत्कृष्ट विद्यार्थीलाई मात्र प्रदान गरेको देखाएका छन । उक्त अध्ययनमा अनुसन्धानकर्ताले निजी विद्यालयको मासिक शुल्क कक्षाको तह बढ्दै जाँदा बढ्दै गएको, चर्को रुपमा मासिक शुल्क उठाई आफ्नो आयस्रोत जम्मा गरेको र सरकारी विद्यालयले न्यून रुपमा मासिक शुल्क उठाएको देखाएका छन । यसैगरी सरकारी विद्यालयले शिक्षक तलबमा ठूलो रकम खर्च गरेको र शैक्षिक गुणस्तर वृद्धिका लागि थोरै रकम खर्च गरेको कुरा अध्ययनकर्ताले निष्कर्षमा उल्लेख गरेका छन् । अध्ययनकर्ताले यस्ता समस्या समाधान गर्नका लागि वा गुणस्तरिय शिक्षा प्रदानगर्न अभिभावकको लगानी प्रतिशत बढाउनुपर्ने, पूर्णरुपले सरकारी अनुदानमा भर नपरि वैकल्पिक स्रोतका रुपमा व्यक्ति, समुदाय र संस्थाको खोजि गर्नु पर्ने कुरामा जोड दिएका छन् ।

बुदुजा (२०६२) ले माध्यमिक शिक्षामा लगानी र शैक्षिक उपलब्धि शीर्षकमा म्याग्दी जिल्लाको शिख गा.वि.स. मा गरेको एक अध्ययन अनुसार माध्यमिक शिक्षामा गरिएको लगानीमध्ये ७०.३% लगानी सरकारको तर्फबाट, समुदायको तर्फबाट २७.४ प्रतिशत र अभिभावकबाट २.३४ प्रतिशत लगानी गरिएको पाइयो । सरकारले गरेको लगानीमध्ये ९५.५७ प्रतिशत शिक्षकको तलब भत्तामा र ४.४३ प्रतिशत प्रशासनमा खर्च भएको देखिन्छ । विद्यालयको कुल आम्दानीमध्ये ६७.३४ प्रतिशत शिक्षकको तलब भत्तामा, २५.२२ प्रतिशत भवन निर्माण तथा मर्मतमा, ६.४६ प्रतिशत प्रशासनिक क्षेत्रमा र १.० प्रतिशत अतिरिक्त क्रियाकलापमा खर्च भएको देखाइएको छ । माध्यमिक तहको शैक्षिक उपलब्धी अत्यन्त निम्न रहेको पाइयो । शैक्षिक सत्र २०५६ देखि २०६१ सम्मको कक्षा ९ को उत्तीर्णदर औसतमा ४२.८ प्रतिशत र S.L.C.परिक्षाको उत्तीर्णदर ४८.६ प्रतिशत रहेको देखियो । यसरी उत्तीर्णदर न्यून हुनुमा आर्थिक लगानीको कमीलाई प्रमुख कारण मानेका छन् । अभिभावकको विचारमा माध्यमिक शिक्षाको सम्पूर्ण खर्च सरकारले गर्नुपर्ने बताएका छन् ।

सुवेदी (२०६२) ले उच्च माध्यमिक विद्यालयको वर्तमान अवस्था एक अध्ययन शिर्षकमा उ.मा.वि. को लागत विवरणमा जम्मा खर्चको ८३.४० प्रतिशत शिक्षक तलब भत्तामा, कर्मचारी तलब भत्ता १०.१४ प्रतिशत र विद्यालयको भौतिक सुधारमा ४.१ प्रतिशत खर्च भएको देखिन्छ । यसबाट उनले भौतिक सुधार तथा शैक्षिक स्तर बढाउने पुस्तकालय,

शैक्षिक सामाजिक छात्रवृत्तिमा न्यून खर्च भएको पत्ता लगाएका छन् । आय स्रोत सम्बन्धमा ग्रामिण क्षेत्रका बसोबास गर्ने अभिभावक तथा विद्यार्थीबाट ४० प्रतिशत र शहरी क्षेत्रबाट ६० प्रतिशत प्राप्त हुन आएको छ । ग्रामिण क्षेत्रमा गैरसरकारी संस्थाबाट २० प्रतिशत र सरकारी अनुदान र स्थानिय निकायबाट २५ प्रतिशत प्राप्त भएको देखिन्छ । त्यस्तै शहरी क्षेत्रमा गैरसरकारी क्षेत्रबाट ७ प्रतिशत, स्थानिय निकायबाट १० प्रतिशत देखिन्छ । यस अध्ययनमा ग्रामिण क्षेत्रका उ.मा.वि. मा कार्यरत शिक्षकहरुमध्ये ४७.७ प्रतिशत योग्यता पुगेका र बाँकि योग्यता नपुगेका शिक्षकहरु देखिन्छ । त्यस्तै शहरी क्षेत्रमा ८०.१ प्रतिशत योग्यता पुगेका र बाँकि योग्यता नपुगेका देखाइएको छ ।

घिमिरे (२०६३) ले उच्च माध्यमिक शिक्षामा आर्थिक लगानि र शैक्षिक उपलब्धि एक अध्ययन भन्ने शिर्षकमा दाङ जिल्लाको घोराहि नगरपालिकाअर्न्तगत सञ्चालित सामुदायिक र निजि उ.मा.वि. हरुमध्ये केही नमुना छनौट गरी यी दुई बिचको शैक्षिक लगानी र उपलब्धिको बारेमा तुलनात्मक अध्ययन गर्नु भएको छ । जसमा अनुसन्धानकर्ताका अनुसार सामुदायिक विद्यालयमा शिक्षक शिक्षिकाहरुमा ५० प्रतिशत तालिम लिएका छन् भने संस्थागत उ.मा.वि. मा कुनै पनि शिक्षक शिक्षिकाले तालिम लिएको पाइएन । सामुदायिक उ.मा.वि. को आम्दानि हेर्दा सरकारी अनुदानबाट रु. ७७,७९,७६६ र विद्यार्थी शुल्कबाट रु. १,३०,६१,६३१ प्राप्त भएको देखिन्छ भने संस्थागत उ.मा.वि. मा औषत रु. २२,२०,२६,६०३ आम्दानि देखाइएको छ भने सरकारी अनुदान लगायत अन्य आम्दानि शून्य देखिन्छ । सामुदायिक उ.मा.वि. मा प्रत्यक्ष खर्च जम्मा रु. १,१९,८९,७२१.३ र अप्रत्यक्ष खर्च जम्मा रु. १३,८९५ छ भने संस्थागत उ.मा.वि. मा औषतमा हेर्दा प्रत्यक्ष खर्च जम्मा रु. १,८७,०६,४४० र अप्रत्यक्ष खर्च जम्मा रु. २२,७२५ देखिन्छ । अनुसन्धानकर्ताको अनुसार सामुदायिक उ.मा.वि. का १ जना विद्यार्थीका लागी वार्षिक औषत लागत रु. १०,११२ पाइयो भने संस्थागत उ.मा.वि. मा १ जना विद्यार्थीका लागी रु. १२,९७८.३२ पाइयो साथै सामुदायिक उ.मा.वि.मा उत्तीर्ण दर ६८.६० पाइयो । यसरी हेर्दा सामुदायिक विद्यालयको लगानी र उपलब्धि दुबै संस्थागत विद्यालयको तुलनामा कम देखिन्छ । उहाँले सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयको १५ प्रतिशत बढी शैक्षिक उपलब्धि भएको पाइएको हुँदा आगामी दिनमा सामुदायिक विद्यालयहरुले पनि संस्थागत विद्यालयले जस्तै उपलब्धि ल्याउनुपर्ने बताउनुभयो । संस्थागत विद्यालयहरुले शैक्षिक उपलब्धि हाँसिल गरेको कारणहरु

जस्तै : व्यवस्थापकिय सक्षमता, अध्ययन गराउने विधि, विद्यालय आचरण तथा अनुशासन र सम्बन्धित शिक्षकको दक्षता आदि कुरामा सामुदायिक विद्यालयले ध्यान दिनुपर्ने छ ।

शिवाकोटी (२०६३) ले नेपालको माध्यमिक शिक्षामा लगानी शिर्षकमा काठमाडौं उपत्यकामा गरेको एक अध्ययन अनुसार सार्वजनिक माध्यमिक विद्यालयहरुको कूल आम्दानीमध्ये ६३ प्रतिशत आम्दानीको स्रोत सरकारी अनुदान रहेको कुरा बताएको छ । अभिभावकबाट प्राप्त आम्दानीको स्रोत २८ प्रतिशत र विद्यालयको आफ्नै स्रोतबाट ८ प्रतिशत रहेको थियो । निजी विद्यालयहरुको आम्दानीको स्रोत पूर्ण रुपमा विद्यार्थीबाट उठाइने शुल्क रहेको थियो । सरकारी विद्यालयको शिक्षा भन्दा निजी विद्यालयको शिक्षा अत्यधिक महङ्गो रहेको पाइयो । निजी विद्यालयको प्रति विद्यार्थी प्रति वर्ष औसत लागत रु. १०,०१६ थियो भने सरकारी विद्यालयको रु. ५,५१० रहेको थियो । मुख्य रुपमा उच्च शिक्षा प्राप्त उच्च आर्थिक अवस्था भएका अभिभावकहरु निजी विद्यालयहरुले प्रदान गर्ने शिक्षा प्रति आर्कषित भएको पाइयो ।

आचार्य (२०६५) अनुसार सुर्खेत जिल्लाको भेरी क्षेत्रमा गरेको एक अध्ययन मा माध्यमिक विद्यालयको कुल आयस्रोतमा सरकारी अनुदान ८५.२७ प्रतिशत, अभिभावकहरुको लगानी ५.४१ प्रतिशत र अन्य स्रोतबाट प्राप्त आम्दानी ५ प्रतिशत रहेको पाइयो । त्यसैगरी २०५९/६० सालको जम्मा आम्दानीमध्ये ८९ प्रतिशत तलब भत्तामा, कर्मचारीको तलब भत्तामा ४.२५ प्रतिशत, मसलन्दमा १.०१ प्रतिशत, शैक्षिक सामग्रीमा ०.३६ प्रतिशत र अन्य शीर्षकमा नगण्य मात्रामा खर्च भएको देखिन्छ । एस.एल.सी. उतीर्ण प्रतिशत न्यून भएकोले एस.एल.सी. को प्रति विद्यार्थी लागत रु. ७८,३५१ रहेको देखिएको छ । त्यसबाट माध्यमिक तहमा लागत उच्च रहेको देखिन्छ । अभिभावकहरुले माध्यमिक तहमा अध्ययन गर्ने आफ्ना बालबालिकाहरुलाई गरेको जम्मा खर्चमध्ये विद्यालयको शुल्कसँग सम्बन्धित खर्च ६.८ प्रतिशत र अन्य सम्बन्धित खर्च ९३.२० प्रतिशत देखिन्छ । यसरी शैक्षिक खर्चमध्ये पोशाकमा ४३.२० प्रतिशत, स्टेशनरीमा ४१.५७ प्रतिशत र अन्य शीर्षकमा १४.५९ प्रतिशत भन्दा कम खर्च गरेको देखिन्छ । माध्यमिक तहमा अभिभावकले गरेको कुल प्रतिविद्यार्थी लगानी रु.३५१२/- लागेको देखिन्छ । यसमा पनि विद्यालय शुल्कमा रु.२३९/- र अन्यमा रु.३२७३/- लागेको देखिन्छ ।

## २.३ प्रस्तुत अध्ययनका लागि पूर्व अध्ययनको प्रभाव (Implication of the review for the research)

विभिन्न आयोग संघसंस्था र व्यक्तिहरुले गरेको अनुसन्धन शोध तथा लिखित पुस्तकहरुको लेखहरुको अनुसार शैक्षिक लगानी बृद्धि गर्दा शैक्षिक उपलब्धी पनि बुद्धि हुने कुरालाई ध्यान दिएको पाइयो । राष्ट्रनिर्माणको लागि प्रथम आधारभूत आवश्यकता भनेको नै शिक्षा क्षेत्र हो । शिक्षा बिना आवश्यक दक्ष जनशक्ति उत्पादन गर्न, सुचना प्रविधिको प्रयोग, उपयोग र विकास गर्न पनि सकिदैन, जुन राष्ट्र निर्माणको लागि अति आवश्यक हुन्छ । हाम्रो जस्तो विकासशील देशमा त झन दक्ष जनशक्तिको बढी आवश्यकता हुने र यसका लागि शिक्षामा लगानी र यसको राम्रो उपलबधी हुन अति आवश्यक छ । वर्तमान समयको आर्थिक विकास, विज्ञान र प्रविधिको विकासमा केन्द्रित भएको छ । जसले गर्दा दक्ष जनशक्ति उत्पादनको लागि शिक्षामा लगानी र शैक्षिक उपलब्धी पनि आर्थिक विकासको लागि चर्चाको विषय बनिरहेको छ ।


वास्तवमा शिक्षाले अर्थव्यवस्थाको लागि आवश्यक जनशक्ति र सेवा पुऱ्याउँदछ । साथै कुल राष्ट्रिय उत्पादनमा पनि उल्लेखनीय योगदान पुऱ्याउँछ । अधिकांश विकासोन्मुख मुलुकहरुमा सार्वजनिक शिक्षाको खर्च जुटाउन राज्यको ढुकुटी नै प्रयोग गरेको पाइन्छ । हरेक नागरिकको शिक्षा पाउने अधिकार हो र शिक्षा दिनु राज्यको दायित्व हो । सामुदायिक विद्यालयको नतिजा उच्च बनाउन परिक्षाको नतिजा सुधार गर्नको लागि र शिक्षामा स्तरीयता ल्याउनको लागि शिक्षक कार्यभार, तालिमको प्रयोग, सेवा सुविधा, पारिश्रमिकतालाई समग्र व्यवस्थापिकीय पक्षलाई एकरुपताका साथ कार्यान्वयन गराई लागु गर्नुपर्ने हुन्छ । विद्यार्थीले प्राप्त गरेको उपलब्धीले नै उसको जीवनस्तर निर्धारण गर्दछ । यसको लागि कुनै एक निकाय मात्र जिम्मेवार हुन सक्दैन् । यो विद्यार्थी, अभिभावक शिक्षक, विद्यालय व्यवस्थापक, सरकार सबैको हो । यिनै कुराहरुलाई ध्यानमा राखी शैक्षिक लगानी र शैक्षिक उपलब्धी बिचको सम्बन्धलाई विश्लेषण गरी शैक्षिक लगानीमा बृद्धि गर्न र उपलब्धीमा अझ सुधार ल्याउन यो अध्ययन गरिएको छ ।

## २.४ अनुसन्धान अन्तर (Research Gap)

माथि उल्लेखित साहित्यहरुको पुनरावलोकन गरेर हेर्दा विभिन्न अध्ययनहरु आर्थिक लगानीमा बढी मात्रामा केन्द्रित भएको पाईयो । यो अध्ययन भने मुख्य रुपले आर्थिक लगानीका साथै शैक्षिक उपलब्धिमा समेत केन्द्रित रहेको छ । नेपालमा हाल दुई किसीमका माध्यमिक विद्यालयहरु सञ्चालनमा छन् । सरकारी तवरबाट सञ्चालित विद्यालय सामुदायिक विद्यालय र निजी क्षेत्रबाट लगानी गरी सञ्चालन भएका विद्यालयलाई संस्थागत विद्यालय भनिन्छ । उल्लेखित साहित्यको पुनरावलोकन गर्दा नेपालका यी दुई विद्यालयहरुको आर्थिक लगानी तथा शैक्षिक उपलब्धिको तुलनात्मक अध्ययन गरेको पाइएन । त्यसैले पनि अध्ययनमा संस्थागत तथा सामुदायिक विद्यालयहरुको आर्थिक लगानी तथा शैक्षिक उपलब्धिको तुलनात्मक विश्लेषण गरिएको छ ।

## २.५ अवधारणात्मक ढाँचा (Conceptual Framework)


यस अध्ययनको उद्देश्य पूरा गर्न र अध्ययनलाई अझ प्रभावकारी बनाउन अध्ययनसँग सम्बन्धित अवधारणात्मक ढाँचालाई निम्नानुसार प्रस्तुत गरिएको छ ।




स्रोत : दाहाल, २०७२

## २.६ अध्ययनको कार्यात्मक ढाँचा (Functional Frame Work)

यस अध्ययनमा विषयवस्तुसँग सम्बन्धित अवधारणात्मक ढाँचाको आधारमा निम्नानुसारको कार्यात्मक ढाँचालाई प्रस्तुत गरेर अनुसन्धान कार्य अघि बढाइएको छ ।



## अध्याय तीन (CHAPTER THREE)

## ३. अनुसन्धान विधि र प्रकृया (RESEARCH METHOD AND PROCEDURES)

यस अध्यायमा अनुसन्धान गर्दा अपनाइने विधि र प्रक्रियाहरुको बारेमा व्याख्या गरिएको छ । जसअन्तर्गत अनुसन्धान ढाँचा, तथ्याङ्कको स्रोत, अध्ययनको जनसङ्ख्या,नमुना आकार र नमुना छनौट रणनीति, अध्ययन क्षेत्रको परिचय, तथ्याङ्क संकलनको साधनहरु, तथ्याङ्क संकलन प्रविधि, तथ्याङ्कको विश्लेषण प्रकृया र नीतिगत प्रावधान जस्ता शीर्षकहरुलाई समावेश गरिएको छ ।

### ३.१ अनुसन्धान ढाँचा (Research design)

यस अध्ययन वर्णनात्मक विश्लेषण ढाँचामा आधारित रहेको छ । यसका लागि परिमाणात्मक र गुणात्मक विधिबाट तथ्याङ्क संकलन गरिएको छ । अनुसन्धानको उद्देश्यअनुसार अन्तरवार्ता, प्रश्नावली, छलफल र अवलोकनको माध्यमबाट प्राथमिक तथ्याङ्क संकलन गरी व्याख्या तथा विश्लेषण गरिएको छ । साथै अध्ययनको उद्देश्य र सान्दर्भिकताका आधारमा द्वितिय स्रोतको पनि प्रयोग गरिएको छ । प्राप्त तथ्याङ्कहरुको विश्लेषण तालिका र शाब्दिक रुपबाट प्रस्तुत गरिएको छ ।

### ३.२ तथ्याङ्कको स्रोत (Source of data)

यस अध्ययनमा तथ्याङ्कहरु मुख्य रुपमा प्राथमिक स्रोतबाट लिइएको छ र अध्ययनका लागि आवश्यक पर्ने थप तथ्याङ्कहरु द्वितिय स्रोतबाट लिइएको छ । यि तथ्याङ्कका स्रोतहरु यस प्रकारका छन् ।

#### ३.२.१ प्राथमिक स्रोत (Primary source)

प्राथमिक स्रोत अन्तरगत अनुसन्धानकर्ता स्वंयमको उपस्थितिमा छनौटमा परेका विद्यालयका प्र.अ., शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय प्रशासन आदि यस अध्ययनको प्राथमिक स्रोत रहेका छन् ।

#### ३.२.२ द्वितीय स्रोत (Secondary source)

यस अध्ययनको उद्देश्य पुरा गर्न द्वितीय स्रोत अन्तरगत शिक्षा मन्त्रालय, शिक्षा विभाग, अर्थमन्त्रालय, जि.शि.का., केन्द्रिय तथ्याङ्क विभाग, प्रकाशित पुस्तक, लेख रचना,

अप्रकाशित दस्तावेज साथै आवश्यक तथ्याङ्क प्राप्त हुने सबै खाले विषयवस्तुलाई द्वितीय स्रोतको रुपमा प्रयोग गरिएको छ ।

## ३.३ जनसंख्या, नमुना आकार र नमुना रणनीति (Population, sample size and sample strategy)

यस अध्ययनका लागि जनसङ्ख्या र यसबाट छनौट गरिएको नमुनाको आकार तथा नमुना छनौट रणनीतिलाई यसप्रकार उल्लेख गरिएको छ ।

### ३.३.१ जनसंख्या (Population)

यस अध्ययनमा झापा जिल्लाको जलथल गा.वि.स. मा सञ्चालित २ वटा माध्यमिक विद्यालयहरु श्री लक्ष्मी मा.वि र चिल्ड्रेन गार्डेन अंग्रेजी मा.वि का सम्पूर्ण शिक्षक, विद्यार्थी, अभिभावकहरुलाई जनसंख्याको रुपमा लिइएको छ । जहाँ सामुदायिक विद्यालय तर्फ ६२४ जना विद्यार्थी, १७ जना शिक्षक त्यसैगरी संस्थागत विद्यालय तर्फ ५१३ जना विद्यार्थी, १८ जना शिक्षक र संपुर्ण विद्यार्थीका अभिभावक नै यस अध्ययनको जनसंख्या मानिएको छ ।

### ३.३.२ नमुनाको आकार (Sample size)

यस अध्ययनको लागि आवश्यक पर्ने सुचना संकलनको लागि अध्ययनमा समावेश गरिएका दुवै विद्यालयबाट कुल विद्यार्थी संख्याको १० प्रतिशतका दरले प्रतिनिधित्व हुने गरी विद्यार्थीहरुलाई सामान्य सम्भावनायुक्त नमुना छनौट विधिद्वारा छनौट गरिएको छ । यसरी छनौट गर्दा सामुदायिक विद्यालय तर्फ ६२ जना र संस्थागत विद्यालय तर्फ ५१ जना विद्यार्थी छनौट गरियो । दुवै विद्यालयका प्र.अ. हरुलाई उद्देश्यमुलक नमुना छनौट विधिद्वारा छनौट गरिएको छ । र छनौट भएका विद्यार्थीहरु मध्येबाट १०/१० जना अभिभावकहरुलाई पनि सामान्य संभावना युक्त नमुना छनौट विधिद्वारा छनौट गरि तथ्यांक संकलन गरियो ।

### ३.३.३ नमुना छनौट रणनीति (Sampling strategy)

- यस अध्ययनमा झापा जिल्लाको जलथल गा.वि.स.लाई उद्देश्यमुलक नमुना छनौट विधिको आधारमा छनौट गरिएको छ ।
- जलथल गा.वि.स. मा रहेका २ वटा सामुदायिक माध्यमिक विद्यालय मध्येश्री लक्ष्मी मा.वि. लाईउद्देश्यमुलक नमुना छनौट विधिद्वारा रसंस्थागत विद्यालय अन्तर्गत

चिल्ड्रेन गार्डेन अंग्रेजी मा.वि. लाई शत प्रतिशत संगणना विधिको आधारमा अध्ययनमा समावेश गरिएको छ ।

- दुवै माध्यमिक विद्यालयबाट कुल विद्यार्थी संख्याको १० प्रतिशत का दरले प्रतिनिधित्व हुने गरी सामान्य सम्भावना युक्त नमुना छनौटलाई आधार मानी गोला प्रथाद्वारा विद्यार्थी संख्या छनौट गरिएको छ ।
- छनौटमा परेका विद्यार्थीबाट नै १०/१०जना अभिभावकलाई गोलाप्रथाद्वारा छनौट गरियो ।
- दुवै विद्यालयका प्र.अ. लाई स्वत छनौट गरिएको छ भने ५/५ जना शिक्षकहरुलाई उद्देश्यमुलक नमुना विधिद्वारा छनौट गरियो ।

## ३.४ अध्ययन क्षेत्रको परिचय (Introduction of the study area)

पूर्वाञ्चल विकास क्षेत्रको मेची अञ्चलमा पर्ने झापा जिल्ला स्थित जलथल गा.वि.स.मा सञ्चालित २ वटा माध्यमिक विद्यालयहरु श्री लक्ष्मी मा.वि. र चिल्ड्रेन गार्डेन अंग्रेजी मा.वि. यस अनुसन्धानको अध्ययन क्षेत्र रहेको छ ।

## ३.५ तथ्याङ्क संकलनका साधनहरु (Tools of data collection)

अनुसन्धानको लागि आवश्यक तथ्याङ्क, सूचना तथा जानकारी प्राप्त गर्नको लागि निम्न साधनहरु प्रयोग गरिएको छ ।

### ३.५.१ प्रश्नावली (Questionniare)

यस अध्ययनलाई पूर्णता प्रदान गर्नका लागि खुल्ला एवम् बन्द दुवै प्रकारको प्रश्नावलीको प्रयोग गरिएको छ । यस अध्ययनको क्रममा तथ्याङ्क संकलनका लागि अभिभावक, विद्यार्थी, प्र.अ. र कर्मचारीका लागि छुट्टाछुट्टै प्रश्नहरु तयार गरिएको छ । जसलाई अनुसुचि १,२,३,४ मा क्रमैसंग उल्लेख गरिएको छ ।

### ३.५.२ अवलोकन सुची (Observatioin list)

यस अध्ययनलाई पुरा गर्न अध्ययनकर्ता स्वयम् अध्ययन स्थलमा गएर छनौटमा रहेका माध्यमिक विद्यालयको भौतिक अवस्था, सरसफाइ, खानेपानीको अवस्था, शौचालयको

अवस्था, खेल मैदान तथा विद्यार्थी शिक्षक बिचको सम्बन्ध आदि कुराको बारेमा अवलोकन फारम तयार गरि प्रत्यक्ष अवलोकन द्वारा सुचना तथा तथ्यांक संकलन गरियो ।

### ३.५.३ छलफल निर्देशिका (Disscussion Gride)

यस अध्ययन अनुसन्धानलाई प्रभावकारी रुपमा तथ्यमा आधारित भई पूर्णता प्रदान गर्न अनुसन्धानकर्ता र नमुना छनौटमा परेका विद्यालयका प्र.अ., शिक्षक, अभिभावक र विद्यालय व्यवस्थापन समिति सँग उ.मा.वि. का समस्याहरु र तिनका समाधानका उपायहरु पत्ता लगाउनका लागि छलफल निर्देशिका तयार गरि लक्षित समूह छलफल संचालन गरियो ।

## ३.६ तथ्याङ्क संकलनको तरिका (Techniques of data collection)

अनुसन्धानको लागि आवश्यक तथ्याङ्क, सूचना तथा जानकारी प्राप्त गर्नको लागि तथ्यांक संकलनका निम्न विधीहरु प्रयोग गरिएको थियो ।

### ३.६.१ अन्तरवार्ता (Interview)

यस अध्ययनमा प्राथमिक तथ्याङ्क संकलनका लागि अन्तरवार्ता प्रश्नावलीको माध्यमबाट आवश्यक तथ्याङ्कहरु संकलन गरिएको छ । नमुना छनौटमा परेका विद्यालयका सरोकारवालाहरु सँग आमनेसामने बसी प्रत्यक्ष प्रश्नोत्तरका माध्यमबाट तथ्याङ्क संकलन गर्न प्रत्यक्ष अन्तरवार्ता सञ्चालन गरियो ।

### ३.६.२ प्रत्यक्ष अवलोकन (Direct Observation)

अध्यनयको उद्देश्य प्राप्तिका लागि आवश्यक पर्ने तथ्याङ्क संकलन गर्न अनुसन्धानकर्ता स्वयं छनौट गरेको विद्यालयमा गई त्यहाँको भौतिक अवस्था, खानेपानी, शौचालय, खेलमैदान आदिको अवलोकन गरिएको छ ।

### ३.६.३ लक्षित समुह छलफल (Focus Group discussion)

प्र.अ., शिक्षक अभिभावक, विद्यालय प्रशासन, सरोकार निकायहरु तथा सरकारी माध्यमिक विद्यालयमा आर्थिक तथा शैक्षिक समस्या र ती समस्या समाधानका उपायहरुको खोजी गर्न आवश्यक सुझाव संकलन गर्न लक्षित समुह छलफल विधिको प्रयोग गरिएको छ ।

## ३.७ तथ्याङ्क विश्लेषण प्रकृया (Data Analysis Procedures)

यस अनुसन्धानको कममा विभिन्न प्रकृयाबाट संकलन गरिएका तथ्याङ्कहरुलाई गुणात्मक र परिमाणात्मक स्रोतको आधारमा वर्गिकरण गरिएको छ । परिमाणात्मक तथ्याङ्कबाट प्राप्त जानकारीहरुलाई तालिकाको माध्यमबाट प्रस्तुत गरि व्याख्या विश्लेषण गरिएको छ भने गुणात्मक रुपमा प्राप्त तथ्याङ्कलाई वर्णनात्मक रुपमा प्रस्तुत गरिएको छ ।

## ३.८ नीतिगत प्रावधान (Ethical Consideration)

यस अध्ययनको क्रममा आवश्यक पर्ने सुचना तथा तथ्याङ्कहरुको जानकारी लिनको लागि अन्तरवार्ता लिनुपूर्व अन्तरवार्ता दिने व्यक्तिलाई आफ्नो विश्वासमा लिइ अन्तरवार्ताको लागि अनुमति लिइयो । र उनीहरुबाट प्राप्त जानकारी तथा सुचनालाई गोपनिय राख्नुका साथै प्राप्त तथ्याङ्कलाई कुनै तोडमोड गरिएको छैन । अन्तरवार्ताको क्रममा उनीहरुले दिएको जवाफ प्रति अनुसन्धानकर्ताले कुनै पनि किसिमको आपतिजनक प्रतिकृया नदेखाई जस्ताको तस्तै सुचना संकलन गरिएको छ र उनीहरुबाट प्राप्ततथ्याङ्कलाई अध्ययनको उद्देश्यबाहेक अन्य प्रयोजनका लागि प्रयोग गरिने छैन । बालबालिकाहरुसँग अन्तरवार्ता लिनु पर्दा अभिभावकको अनुमतिमा मात्र लिइयो ।

## अध्याय चार (CHAPTER FOUR)

## ४.तथ्याङ्कको प्रस्तुतिकरण र विश्लेषण (INTERPRETATION AND ANALYSIS OF THE RESULT)

यस अनुसन्धानको कमका विभिन्न साधनहरुबाट संकलन गरीएका तथ्याङ्कहरुलाई विभिन्न शीर्षकमा विभाजन गरी सरल र स्पष्ट भाषामा विश्लेषण गरीएको छ । साथै प्रारम्भिक रुपमा संकलित कोरा तथ्याङ्कबाट कुनै पनि सुचना स्पष्ट रुपमा व्यक्त नहुने हुँदा तथ्याङ्कको विश्लषण गर्नुपर्ने हुन्छ । अध्ययनको उद्देश्य पुरा गर्नका लागी प्रारम्भमा अध्ययन क्षेत्रको रुपमा रहेको झापा जिल्ला जलथल गा.वि.स को समग्र परिचयलाई प्रस्तुत गरिएको छ । त्यसपश्चात अध्ययन गरिएको सामुदायिक र संस्थागत माध्यमिक विद्यालयको भौतिक एवम् शैक्षिक अवस्थाको संक्षिप्त विवरण प्रस्तुत गर्दै अनुसन्धानका क्रममा प्राप्त गरिएका तथ्याङ्कहरुलाई अध्ययनको उदेश्य अनुसार निम्न बुँदाहरुमा क्रमबद्ध रुपले प्रस्तुत गरिएको छ ।

### ४.१ झापा जिल्लाको परिचय (Introduction to the Jhapa District)

झापा जिल्ला नेपालको पूर्वाञ्चल विकाश क्षेत्रभित्र पर्ने सुदुरपूर्वी तराईको एक विकसित जिल्ला हो । क्षेत्रफलको हिसावले ४७ औं र जनसंख्याको हिसाबले चौथो स्थानमा पर्ने यो जिल्ला उत्तरमा २६° २०'देखि २६° ५०' अक्षांशसम्म र पूर्वमा ८६° ३९' देखि ८८° १२' देशान्तरसम्म फैलिएको छ । यो जिल्ला समुद्र सतहबाट ७० मिटर देखि ५०० मिटरको उचाइमा अवस्थित छ । धान र चियाको लागि समेत यो जिल्ला परिचित रहेको छ । साथै वंगालको खाडीबाट बहने मनसुनी वायुका कारणले यहाँ धेरै वर्षा हुने गर्दछ । नेपालको कुल क्षेत्रफल मध्ये १६०६ वर्ग कि.मि. ओगटेको यस जिल्लाको पूर्व पश्चिम लम्बाई ४६ कि.मि. र उत्तर दक्षिण चौडाई २९ कि.मि. छ । उत्तरमा चुरे क्षेत्र र दक्षिणमा समथर क्षेत्र रहेको यस जिल्लामा हिउँदमा चिसो र गृष्ममा बढि गर्मी हुने गर्दछ ।

मानव विकास सुचकांकमा झापा जिल्ला तेस्रो स्थानमा रहेको छ । यस जिल्लामा ३३ वटा गा.वि.स. र ८ वटा नगरपालिका रहेका छन । यस जिल्लाको सदरमुकाम चन्द्रगढि हो । जुन झापाको मुटू मानिने विर्तामोडबाट १३ कि.मि. दक्षिणमा पर्दछ । यस क्षेत्रको हावापानी ज्यादै उष्ण र शुष्क हुने हुँदा स्वास्थ्यका लागि उपयोगी नभएर पनि कृषि कार्यका लागि उपयोगी मानिन्छ । यहाँ तापक्रम उष्ण मनसुनी गृष्मकाल मा ३२० देखि ३५० सेन्टिग्रेट र

शीतकालमा १४५० देखि १०० सेन्टिग्रेट सम्म ओर्लिन्छ । यसको उत्तरी क्षेत्रमा भावर प्रदेश क्षेत्रमा बलौटे र तराई क्षेत्रमा पाँगो माटो पाइन्छ । झापा जिल्लाको भौगोलिक सिमाना लाई हेर्दा पूर्वमा मेचि नदि, पश्चिममा मोरङ जिल्ला, उत्तरमा इलाम जिल्ला र दक्षिणमा भारतको विहार रहेको छ (जि.वि.स.झापा, २०७२) ।

घरधुरी संख्या १,८४,५५२ रहेको यस जिल्लामा कुल जनसंख्या ८,१२,६५० जना रहेका छन भने महिला ४,२७,५५४ जना र पुरुष ३,८५,०९३ जना रहेका छन । औषत घरपरिवार संख्या ४.४ र जनघनत्व ५.६ प्रति वर्ग कि.मि. रहेको छ । जसमा विभिन्न जातजातिहरु राजवंशी, गनगाइ, थारु, ताजपुरिया, धिमाल, मेचे, झाँगड, किसान, सन्थाल आदि जातिको बाहुल्याता दक्षिणी भेग तिर रहेको छ भने उत्तरी भेगमा ब्राह्मण, क्षेत्री, नेवार, राइ, लिम्बु, मगर, गुरुङ, कामी, दमाई जातिको बसोबास रहेको छ । त्यसैगरी झापा जिल्लालाई चिनाउने प्रमुख धार्मिक स्थलहरु सतासीधाम, किच्चक वध, अर्जुनधारा, विराटपोखरी सरोवर, कन्काई माइ रहेका छन (जि.वि.स.झापा, २०७२) ।

### ४.१.१. भौगोलिक अवस्था (Geographical situation)

भौगोलिक दृष्टिकोणबाट झापा जिल्लालाई दुई भागमा बाड्न सकिन्छ । पहिलो उत्तर तर्फको भिरालो प्रदेश वा भावर प्रदेश पहाडबाट वगेर आएका नदिहरुले तराइका समतल फाँटसम्म बगाएर ल्याएको चट्टानी माटो थुपारी बनेको भावर प्रदेश हो । यो भाग चुरे पर्वतको छेउमा अवस्थित छ र यसले करिब ५० प्रतिशत भु-भाग ओगटेको छ ।दोस्रो दक्षिणको तराई प्रदेश भावर प्रदेशमा आएर मिसिएका नदिहरुले यहाँको तहवर्ती जग्गालाई सिञ्चित गरेको छ ।

झापा जिल्ला पूर्वाञ्चल विकाश क्षेत्रमा पर्ने तराइको जिल्ला हो । जिल्लाको सदरमुकाम चन्द्रगढि महेन्द्रराजमार्गको विर्तामोडबाट १३ कि.मि. दक्षिणमा पर्दछ । यस जिल्लामा नेपालको दोस्रो होचो भु-भाग केचनकवल (७० मी.) र सबै भन्दा लामो पक्की पुल कन्काइ (७०३ मी.) पनि पर्दछ । यसका साथै पूर्वको पशुपतिनाथले परिचित अर्जुनधारा धाम पनि यहि जिल्लामा अवस्थित छ । भौगोलिक स्थिति २०° २०' देखि २६° ५०' उत्तरी अक्षांश र ८७° ३९' देखि ८८° १२' पूर्वी देशान्तर रहेको यस जिल्लाको कुल क्षेत्रफल १६०६ वर्ग

कि.मि. रहेको छ । यस जिल्लाको सिमाना पूर्वतिर भारत बंगाल, पश्चिममा मोरङ जिल्ला उत्तर तिर इलाम जिल्ला र दक्षिणमा भारतको विहार पर्दछ । (जि.वि.स. झापा, २०७२)

### ४.१.२. झापा जिल्लाको राजनैतिक विभाजन (Political distribution of jhapa district)

देशको केन्द्रीय राजनीतिमा मुख्य भुमिका खेल्दै आएको झापा जिल्लालाई ७ वटा संसदीय निर्वाचन क्षेत्र, १७ वटा इलाका ८ वटा नगरपालिका र ३३ वटा गा.वि.स. मा विभाजन गरिएको छ ।

**तालिका ४.१**

**झापा जिल्लाको राजनैतिक विभाजन, २०७१**

| संसदिय क्षेत्र नं. | गा.वि.स. ⁄नगरपालिका |
|---|---|
| १ | बाहुनडाँगी, धाइजन, शान्तीनगर, मेचिनगर नगरपालिका |
| २ | अनारमनी, दुवागढी, ज्यामिरगढी, चन्द्रगढी, हल्दिवारी, चारपाने, गरामनी |
| ३ | जलथल, घेरावारी, पथरिया, केचना, पाठामारी, वनियानी, वालुवाडी, पृथ्वीनगर, महेशपुर, भद्रपुर |
| ४ | सुरुङ्गा, धैलाडुब्वा, अर्जुनधारा, खुदुनावारी, शनिश्चरे, बुधवारे |
| ५ | पाँचगाछी, सतासीधाम, शिवगञ्ज, कुमरखोद, शरणामति, टागनडुब्वा, चकचकि, डाँगीबारी, गोलधाप |
| ६ | महाभारा, वैगुनधुरा, कोरोवारी, गौरादह, गौरीगञ्ज, जुरोपानी, खजुरगाछी, महारानी झोडा, कोहवारा |
| ७ | लखनपुर, तोपगाछी, दमक, धरमपुर |

(स्रोतः जि.वि.स. प्रोफाइल, २०७१)

त्यसैगरी झापा जिल्लामा जम्मा नगरपालिका ८ वटा रहेका छन जसलाई यसप्रकार देखाउन सकिन्छ ।

१. दमक नगरपालिका

२. भद्रपुर नगरपालिका

३. विर्तामोड नगरपालिका

४. मेचीनगर नगरपालिका

५. कन्काई नगरपालिका

६. शनिअर्जुन नगरपालिका

७. गौरादह नगरपालिका

८. शिवसतासि नगरपालिका

### ४.१.३. शैक्षिक अवस्था (Educational situation)

झापा जिल्ला शैक्षिक क्षेत्रमा अग्रस्थानमा रहेको जिल्ला मध्ये एक हो । शैक्षिक क्षेत्रमा उल्लेखनिय रुपमा सामुदायिक तथा निजि विद्यालयहरु सञ्चालीत रहेका छन । वितेको दश वर्षमा झापामा साक्षरता ६०.६ प्रतिशत बाट १५.२ प्रतिशतले बढेर ७५.८ प्रतिशत पुगेको देखिएको छ । झापामा महिला र पुरुषको साक्षरता दरमा धेरै फरक रहेको छ । महिलाको साक्षरता दर भन्दा पुरुषको साक्षरता दर १६ प्रतिशत भन्दा बढि ले फरक रहेको छ । झापा जिल्लाको समग्र शैक्षिक स्थितिको अध्ययन गरी वि.स. २०७३ साल जेष्ठ १७ गते झापा जिल्लालाई २५ औं पूर्ण साक्षर जिल्ला घोषणा गरियो । अहिले झापाको साक्षरता प्रतिशत ९८.३३ प्रतिशत रहेको छ । झापा जिल्लामा सञ्चालित शैक्षिक संस्थाहरुको विस्तृत विवरण तालिका ४.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४. २**

**झापा जिल्लाको शैक्षिक झलक २०७२**

| क.स. नं. | विवरण | संख्या | विद्यार्थी संख्या |
|---|---|---|---|
| १ | पूर्व प्रावि | ६२२ | ३२,२७५ |
| २ | प्रा.वि. | ३२९ | १,१७,५९६ |
| ३ | नि.मा.वि. | १०९ | ५३,४३३ |
| ४ | मा.वि. | १५३ | २८,४१८ |
| ५ | सामुदायिक विद्यालय | ३५९ | - |
| ६ | संस्थागत विद्यालय | २९० | - |
| ७ | क्याम्पस | १८ | - |
| ८ | सामुदायिक अध्ययन केन्द्र | ६ | - |
| ९ | स्रोत केन्द्र | १७ | - |
| १० | मदरसा | ५० | - |
| ११ | गुरुकुल आश्रम | २० | - |

(स्रोत: जि.वि.स. झापा, २०७२)

### ४.१.४ आर्थिक अवस्था (Economic status)

झापा जिल्लाको मुख्य खेती भनेको धान, मकै, चिया, गहुँ र तरकारी खेती रहेको छ । यहाँको अधिकांश मानिसहरुको आयस्रोत खेती भएपनि व्यापार व्यवसायमा पनि उत्तिकै संलग्नता रहेको पाइन्छ । यसै गरी निजामति कर्मचारी, शिक्षण पेशामा पनि आबद्ध छन । यहाँका प्रायः मानिसहरु मध्यम परिवारका रहेका छन । तैपति आर्थिक सुधारको निम्ति वैदेशिक रोजगारीमा जानेको संख्या प्रशस्तै रहेको पाइन्छ । झापा जिल्लाको उत्तर र दक्षिण तर्फ घना जंगलले ढाकेको हुनाले यहाँ हर्रो, बर्रो, अमला, तितेपनी, कुरिलो, टिमुर, सल्ला, रिठ्ठा जस्ता जडिबुटिहरु पाइन्छन । यस जिल्लाको अधिकांश भाग सडकले जोडी सकेको छ । साथै हवाइ मैदान हरुपनि रहेका छन । (जि.वि.स. झापा, २०७२)

### ४.१.५. पेशागत अवस्था (Occupational situation)

मानिसले आफ्नो जिविकोपार्जनका लागि अंगालेको व्यवसाय नै पेशा हो । मुलुकमा अधिकांश मानिसहरु कृषि पेशामा आवद्ध भएकाले यस जिल्लाको अधिकांश मानिसहरु कृषि माछापालन, कुखुरा पालन व्यवसायलाई आफ्नो पेशाको रुपमा अँगालेका छन । जिल्लाको पेशागत विवरण निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका ४.३**

**झापा जिल्लाको पेशागत अवस्था, २०७२**

| क. स. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कानुनविद्, उच्चपदस्थ कर्मचारी र व्यवस्थापन | ४३६६ | १.६०३ |
| २ | व्यवसायी | ३४७९ | २.७९ |
| ३ | प्राविधिक र संगठनात्मक व्यवस्थापन | ४२२७ | १.५८ |
| ४ | कार्यालय सहायक | ५३८३ | २.०० |
| ५ | सेवा प्रदायक पसले तथा बजार प्रतिनिधि | ३३९५७ | १२.६९ |
| ६ | दक्ष र अर्ध दक्ष कृषि, वन र माछाव्यवसायी | ११५८०९ | ४३.२ |
| ७ | काष्ठ कला कर्मीहरु | २६१३१ | ९.७५ |
| ८ | मेकानिक्स | ५५६७ | २.०५ |
| ९ | अन्य व्यवसायी | ६४९०३ | २४.२० |
| १० | उल्लेख नभएका | २७१ | ०.१ |
| | जम्मा | २६८०९४ | १००.०० |

(स्रोत: जि.वि.स. झापा, २०७२)

तालिका ४.३ अनुसार झापा जिल्लामा कृषि जन्य व्यवसाय अँगाले मानिसहरुको संख्या अत्याधिक रहेको कुरा प्रष्ट पारिएको छ । यसमा क्रमशः कृषि, वन र माछा व्यवसाय, अन्य व्यवासयी, सेवाप्रदायक पसले तथा बजार प्रतिनिधि, काष्ठकला कर्मीहरु, मेकानिक, कार्यालय सहायक रहेका कुरा तालिकाले प्रष्टाएको छ ।

### ४.१.६ भु-उपयोगको अवस्था ( Situation Of Land Use)

नेपालको कुल भुभागको अठार प्रतिशत मात्र कृषि योग्य भुमि रहेकोमा झापा जिल्लामा कुल भुभागको ६३ प्रतिशत भुभाग कृषि योग्य जमिन रहेको छ । झापा जिल्ला १ लाख ५९ हजार ९ सय २ हेक्टर क्षेत्रफलमा फैलिएको छ (स्रोतः जि.वि.स. झापा,२०७३) ।

**तालिका ४.४**

**झापा जिल्लाको भु-उपयोगको अवस्था, २०७२**

| विवरण | क्षेत्र (हे.) | प्रतिशत |
|---|---|---|
| कुल क्षेत्रफल | १५९९०२ | १०० |
| कृषि खेतियोग्य जमिन | ९९७१६ | ६३ |
| बसोबास गरिएको क्षेत्र | २०९८२ | १३ |
| वनजंगलले ढाकेको क्षेत्र | १९४५९ | १२ |
| चरन क्षेत्र | १७४३ | १.११ |
| नदिनाला, भिरपाखा र अन्य | १८००२ | ११ |
| खेतियोग्य जमिनमा सिचाई उपलब्ध ६३.९० | | |

(स्रोतः जि.वि.स. झापा,२०७३)

## ४.२ जलथल गा.वि.स.को परिचय (Introduction to Jalthal VDC)

जलथल गा.वि.स. झापा जिल्लामा अवस्थित एक गा.वि.स. हो । झापा जिल्लाको सदरमुकाम चन्द्रगढी बाट १० कि.मि. दक्षिण पश्चिम भागमा यस गा.वि.स. पर्दछ । क्षेत्रफलको हिसाबले झापा जिल्लाको अन्य गा.वि.स.को तुलनामा सबैभन्दा ठूलो गा.वि.स. जलथल हो । नेपालको पूर्वी दक्षिणमा रहेको चारकोसे जंगल पनि यसै गा.वि.स.मा रहेको छ । जसले गर्दा यहाँका मानिसहरु विभिन्न वन पैदावरका वस्तु यसै बनबाट प्राप्त गरिएका

छन । यस गा.वि.स.को पूर्वमा देउनीया खोला उत्तरमा हल्दिबारी गा.वि.स. दक्षिणमा पृथ्वीनगर गा.वि.स. र पश्चिममा राजगढ र भुतेनी खोला सिमाना रहेको छ । यस गा.वि.स.को दक्षिणी भागमा चारकोसे जंगल रहेको छ (गाविस प्रोफाइल,२०७२) ।

जलथल गा.वि.स.को घरधुरी संख्या २,९२२ रहेको छ। जसमा कुल जनसंख्या १३,३६४ जना रहेको छ भने पुरुष ६,०९० जना र महिलाको संख्या ७,२७३ जना रहेको छ। आर्थिक रुपले सकृय जनसंख्या जम्मा ८,०२६ जना जसमा पुरुषको संख्या ४,२५२ जना रहेको छ भने महिला ३,८७४नाम रहेका छन् । त्यस्तै गरी आर्थिक रुपले निष्कृय रहेको जनसंख्या कुल २,४३० जना रहेकोमा महिला १,४०९ जना र पुरुष १,०२१ जना रहेको छन् भने जलथल गा.वि.स.को कुल साक्षरता प्रतिशत ७३.०५ रहेको छ। जसमध्ये पुरुष ८०.५७ प्रतिशत र महिला ६६.८६ प्रतिशत रहेको छ  (गा.वि.स. प्रोफाइल, २०७२) ।

यस गाविसमा विभिन्न समुदायका मानिसहरु बसोबास गर्ने रहेको पाइन्छ। अर्थात, मिश्रित समुदाय रहेको छ। यहाँ ब्राह्मण, क्षेत्री, राइ, लिम्बु, मगर अन्य जातिहरुको बसोबास रहेको छ। यहाँको प्रमुख सतार, राजवशीं, कुर्मी, मेचे प्रमुख आदिवासी हुन ।  यस गा.वि.स. मा अल्पसंख्यक मेचे समुदायको पनि बसोबास रहेको  छ। जसलाई नेपाल सरकारले मासिक प्रतिव्यक्ति रु. १००० दिदैं आएको छ। यस गा.वि.स.को माटो कृषि क्षेत्रका लागि ज्यादै उपयोगी रहेको छ। जसले गर्दा नगदे बाली र अन्य बालीबाट पनि राम्रो आम्दानी लिन सकिन्छ। त्यसैले यस गा.वि.स.लाई अन्न भण्डारको रुपमा लिन सकिन्छ साथै वनसम्पदा पनि यसको आम्दानीको एउटा प्रमुख स्रोत रहेको छ (गा.वि.स. प्रोफाइल, २०७२) ।

जलथल गा.वि.स.मा बढि मात्रामा आदिवासी समुदायका मानिसहरुको बसोबास रहेकाले यहाँ धेरै जसो मानिसहरु अझै पनि अशिक्षित छन। पुरुष साक्षरता भन्दा महिला साक्षरता अत्यन्तै न्युन छ। जलथल गा.वि.स.को कुल साक्षरता ७५.४ प्रतिशत रहेको छ। जसमा महिला साक्षरता ३२.११ प्रतिशत र पुरुष साक्षरता ४३.२९ प्रतिशत रहेको छ । यस गाविसमा हालसम्ममा १० वटा विद्यालयहरु सञ्चालनमा रहेका छन। जसमध्ये संस्थागत विद्यालय ३ वटा र सामुदायिक विद्यालय ७ वटा रहेका छन । जलथल गा.वि.स.मा सञ्चालीत विद्यालयलाई तालिका ४.५ बाट देखाउन सकिन्छ।

**तालिका ४.५**

**जलथल गा.वि.स.मा सञ्चालित विद्यालयहरु २०७२**

| क्र.स. | विद्यालय | संख्या |
|---|---|---|
| १ | प्रा. वि. | २ |
| २ | नि.मा.वि. | ४ |
| ३ | मा.वि. | ३ |
| ४ | उ.मा.वि. | १ |

(गा.वि.स प्रोफाइल, २०७२)

## ४.३ सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयहरुको वर्तमान भौतिक अवस्था (Present Physical Condition of the Community and Institutional secondary school)

अध्ययन क्षेत्रमा परेका सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयहरुको वर्तमान भौतिक अवस्थाको पहिचान गर्न विद्यार्थी, शिक्षक, अभिभावक, प्राचार्य, कर्मचारी र विद्यालय व्यवस्थापन समितिसंग छलफल, प्रश्नावली, सर्वेक्षण फारम, अवलोकन आदिको सहायताबाट सम्बन्धित विद्यालयको यथार्थ अवस्थाको विवरण तयार पारिएको छ , जसलाई निम्नानुसार बुँदागत रुपमा प्रस्तुत गर्न सकिन्छ :-

### ४.३.१ विद्यालय भवन तथा कक्षाकोठा (School Building and Class room)

अध्ययन गरिएको दुवै माध्यमिक विद्यालयहरु आफ्नै निजि भवनमा सञ्चालन गरेको पाइयो । सामुदायिक विद्यालयमा जम्मा ६ वटा पक्की भावन र एउटा निर्माणाधिन भवन रहेको थियो । निजि विद्यालय २ वटा पक्की भवनमा सञ्चालन गरेको पाइयो । सामुदायिक विद्यालयमा जम्मा १५ वटा कक्षाकोठामा कक्षा १ देखि १० सम्म पढाई सञ्चालन हुने गरेको पाइयो भने संस्थागत विद्यालयमा १६ वटा कक्षाकोठामा कक्षा नर्सरी देखि कक्षा १० सम्म पढाई सञ्चालन हुने गरेको पाइयो । त्यसैगरि दुवै विद्यालयमा अफिस कोठा १/१ वटा, स्टोर रुम १/१ वटा, पुस्तकालय र कम्प्युटर कोठा १/१ वटा रहेका पाइयो । प्रतिविद्यार्थी कक्षाकोठाको क्षेत्रफललाई तालिका ४.६ मा देखाईएको छ ।

**तालिका ४.६**

**प्रति विद्यार्थी कक्षाकोठाको क्षेत्रफल (वर्गफिट) २०७१/०७२**

| विद्यालय | कक्षाकोठा संख्या | कोठाको क्षेत्रफल | विद्यार्थी संख्या | प्रति विद्यार्थी क्षेत्रफल |
|---|---|---|---|---|
| सामुदायिक | १५ | १५२० | ६२४ | २.४४ |
| संस्थागत | १६ | १३२० | ५१३ | २.५७ |
| जम्मा | ३१ | २७८० | ११३७ | २.५० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

तालिका ४.६ मा प्रतिविद्यार्थी कक्षाकोठाको क्षेत्रफल देखाइएको छ जसमा छनौटमा परेका मा.वि. हरुमा जम्मा ३१ वटा कक्षाकोठा रहेको छ भने त्यसको कुल क्षेत्रफल २,८४० रहेको छ । दुवै मा.वि.को कुल विद्यार्थी संख्या ११३७ जना रहेका छन । छनौटमा परेका मा.वि.लाई छुट्टाछुट्टै रुपमा यसरी व्याख्या गरिएको छ । सामुदायिक मा.वि. मा १५ वटा कक्षाकोठा रहेका छन जसको कुल क्षेत्रफल १,५२० वर्ग फिट रहेको छ  भने विद्यार्थी संख्या ६२४ जना देखिन्छ। त्यस्तै गरि प्रतिविद्यार्थी क्षेत्रफल २.४४ वर्ग फिट रहेको छ। संस्थागत मा.वि. मा भने १७ वटा कक्षाकोठा रहेको छ जसमा कक्षाकोठाको क्षेत्रफल १३२० वर्ग फिट छ भने विद्यार्थी संख्या ५१३ जना छन र प्रतिविद्यार्थी क्षेत्रफल २.५ वर्गफिट रहेको छ।

## ४.३.२ फर्निचर संख्या (Number of Furniture)

शैक्षिक उपलब्धी उच्च तुल्याउन कक्षाकोठाको पर्याप्तताका साथसौ आवश्यक मात्रामा फर्निचरको पनि सुविधा हुनुपर्दछ । अध्ययन गरिएको विद्यालयमा आवश्यक साइजका फर्निचर विद्यार्थी अनुपात अनुसार नै रहेको पाइयो । दुवै विद्यालयको फर्निचरको आवश्यकतालाई तालिका ४.७ द्धारा देखाउन सकिन्छ।

**तालिका ४.७**

**प्रति विद्यार्थी फर्निचर अनुपात शैक्षिक वर्ष २०७१/०७२**

| विद्यालय | विद्यार्थी संख्या | डेक्स वेञ्च | प्रति विद्यार्थी डेक्स वेञ्च |
|---|---|---|---|
| सामुदायिक | ६२४ जना | १६० थान | ०.२६ |
| संस्थागत | ५१३ जना | १२४ थान | ०.२४ |

स्रोतः संस्थागत सर्वेक्षण, २०७३

तालिका ४.७ मा अनुसन्धान गरिएको विद्यालयमा उपलब्ध डेक्स वेञ्चको अवस्थालाई प्रस्तुत गएिको छ । विद्यालयमा उपलब्ध डेक्स वेञ्चको संख्यालाई कुल विद्यार्थी संख्याले भाग गरी औषत रुपमा प्रति विद्यार्थी डेक्स वेञ्च संख्या निकालिएको छ । तालिकामा सामुदायिक विद्यालयमा प्रति विद्यार्थी ०.२६ डेक्स वेञ्च पर्ने देखिन्छ । अर्थात एउटा डेक्सवेञ्चमा लगभग ४ जना विद्यार्थी वस्ने गरेको पाइन्छ । त्यसैगरी संस्थागत विद्यालयमा प्रति विद्यार्थी ०.२४ डेक्स वेञ्च पर्ने कुरा तालिका बाट प्रष्ट हुन्छ ।

### ४.३.३ शौचालय संख्या (Number of the Toilet)

अध्ययन गरिएको दुवै विद्यालयमा शौचालयको व्यवस्था रहेको पाइयो । सामुदायिक विद्यालयमा छात्राको लागि ७ वटा, छात्रको लागि ७ वटा र शिक्षकको लागि २ वटा शौचालयको छुट्टाछुट्टै व्यवस्था गरेको पाइयो । त्यसै गरी संस्थागत विद्यालयमा पनि छात्रछात्राको लागि अलग-अलग ३/३ वटा र शिक्षकको लागि १ वटा शौचालयको व्यवस्था रहेको थियो । शौचालय भित्र नै पानीको व्यवस्था नभएकाले शौचालय केहि मात्रामा फोहोर र दुर्गन्धित थियो ।

### ४.३.४ खेल मैदान (Play Ground)

अध्ययन गरिएको दुवै विद्यालयमा १/१ वटा ठूलो खेल मैदानको व्यवस्था रहेको थियो । संस्थागत विद्यालयको खेलमैदान तथा विद्यालयलाई पर्खाल र गेट लगाएर व्यवस्थित रुपमा घेरिएको थियो । भने संस्थागत विद्यालयको खेल मैदान तथा विद्यालयलाई तारघेरा गरी बेरिएको थियो । दुवै विद्यालयको खेल मैदान समथर रहेको थियो । सामुदायिक विद्यालयको

खेलमैदान ७५०० वर्ग मिटर र संस्थागत विद्यालयको खेलमैदान ७००० वर्ग मिटर रहेको अध्ययनले देखाउँछ ।

### ४.३.५ खानेपानीको सुविधा (Facilities of Drinking Water)

दुवै विद्यालयको खानेपानीको अवस्थाको अध्ययन गर्दा शुद्ध पिउने पानीको अभाव रहेको देखियो । दुवै विद्यालयमा ट्युवेलको पानी शुद्धिकरण नगरी सिधै पीउने गरेको पाइयो । सामुदायिक विद्यालयमा पिउने पानीको लागि ३ वटा ट्यूवेलको व्यवस्था थियो भने संस्थागत विद्यालयमा पनि पिउने पानीको लागि २ वटा ट्यूवेल नै व्यवस्था थियो । जुन स्वास्थ्यको दृष्टिकोणले हानिकारक रहेको छ ।

यस बाहेक विद्यालयमा उपलब्ध अन्य केहि महत्वपूर्ण भौतिक स्रोत तथा साधनलाई तालिका ४.८मा देखाउन सकिन्छ ।

**तालिका ४. ८**

**सामुदायिक तथा संस्थागत विद्यालयमा उपलब्ध भौतिक स्रोत तथा साधनहरु शैक्षिक वर्ष २०७१/०७२**

| क.स. | विवरण | सामुदायिक | संस्थागत |
|---|---|---|---|
| १ | यातायातको सुविधा (वसगाडी) | - | २ वटा |
| २ | कम्प्युटर | ८थान | १५ थान |
| ३ | प्रिन्टर | १ थान | १ थान |
| ४ | टेवल कुर्सी | २५ थान | २२ थान |
| ५ | दराज | १४ थान | १० थान |
| ६ | सेतोपाटी | १६ थान | १८ थान |
| ७ | स्टेज (मञ्च) | - | १ वटा |
| ८ | पङ्खा | १९ थान | २२ थान |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२

तलिका ४.८ मा समुदायिक र संस्थागत विद्यालयमा उपलब्ध भौतिक सामग्रीहरुको सुचि तयार पारिएको छ । तालिकामा सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयमा भौतिक सुविधा बढि भएको देखिन्छ ।

## ४.४ सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयको शैक्षिक विवरण (Educational Profile of Sampled Community and Institutional Secondary School)

शैक्षिक क्षेत्रका महत्वपुर्ण लगानी विद्यार्थी भएकाले उनीहरुले नै माध्यमिक विद्यालयमा लगानी गर्ने गर्दछन र उपलब्धिको मापन पनि उनीहरु बाटै हुन्छ । जसको कारण माध्यमिक विद्यालयहरुको राम्रो नतिजा शैक्षिक प्रक्रियासंग प्रत्यक्ष सम्बन्ध रहन्छ । अध्ययनको उद्देश्य पूरा गर्नका लागी नमुना छनौटमा परेका माध्यमिक विद्यालयको शैक्षिक स्थितिलाई निम्न उपशिर्षकहरुमा विश्लेषण गर्न सकिन्छ ।

### ४.४.१ सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयमा विद्यार्थी भर्ना (Student Enrollment of Community and Institutional Secondary School)

यस अध्ययनमा सामुदायिक र संस्थागत दुवै विद्यालयको शैक्षिक वर्ष २०७१/०७२ सालमा भर्ना भएका कुल विद्यार्थी भर्नालाई तालिका ४.९ मा देखाइएको छ ।

**तालिका ४. ९**

**सामुदायिक तथा संस्थागत विद्यालयको विद्यार्थी भर्ना**

**शैक्षिक वर्ष २०७२**

| विद्यालय | विद्यार्थी भर्ना | | |
|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा विद्यार्थी संख्या |
| सामुदायिक | २८० | ३४४ | ६२४ |
| संस्थागत | २५८ | २५५ | ५१३ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

तालिका ४.९ मा सामुदायिक र संस्थागत विद्यालयको शैक्षिक वर्ष २०७२ सालमा कक्षा १ देखि १० सम्म भर्ना भएका कुल विद्यार्थी संख्यालाई देखाइएको छ । तालिका अनुसार संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना बढि रहेको देखिन्छ । सामुदायिक विद्यालयमा जम्मा ६२४ विद्यार्थी भर्ना भएकोमा छात्रा ३४४ जना र छात्र २८० जना छन । अर्थात केटा भन्दा केटिको भर्ना सामुदायिक विद्यालयमा बढि देखिन्छ । त्यसै गरी संस्थागत विद्यालयमा कुल विद्यार्थी भर्ना ५१३ मध्ये छात्र २५८ जना र छात्रा २५५ जना रहेका छन । अर्थात संस्थागत विद्यालयमा केटा र केटिको भर्ना लगभग समान देखिन्छ ।

### ४.४.२ सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात (Teacher-Pupil Ratio in Community and Institutional Secondary School)

यस अध्ययनमा नमुना छनौटमा परेका सामुदायिक र संस्थागत विद्यालयमा शिक्षक-विद्यार्थी अनुपातको गणना गर्दा शै.स. २०७१/२०७२ सालमा भर्ना भएका कुल विद्यार्थी संख्यालाई आधार मानी जम्मा शिक्षक संख्याले कुल विद्यार्थी संख्यालाई भाग गरी शिक्षक विद्यार्थी अनुपात निकालिएको छ ।

**तालिका ४.१०**

**सामुदायिक तथा संस्थागत विद्यालयमा शिक्षक विद्यार्थी अनुपात शै.व. २०७१/०७२**

| क्र.स. | विवरण | सामुदायिक विद्यालय | संस्थागत विद्यालय |
|---|---|---|---|
| १. | कुल विद्यार्थी संख्या | ६२४ | ५१३ |
| २. | शिक्षक संख्या | १७ | १८ |
| ३. | शिक्षक विद्यार्थी अनुपात | १:३७ | १:२९ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

तालिका ४.१० अनुसार नमुना छनौटमा परेको सामुदायिक माध्यमिक विद्यालयमा रहेका कुल विद्यार्थी संख्या ६२४ लाई शिक्षक संख्या १७ ले भाग गर्दा शिक्षक विद्यार्थी अनुपात १:३७ देखिन्छ । अर्थात १ जना शिक्षक बराबर ३७ जना विद्यार्थी भागमा पर्दछन । सरकारी नीति अनुसार तराइ र उपत्यकामा प्रति शिक्षक ५० जना, पहाडमा ४५ जना र हिमालमा ४० जना तोकिएको छ । (शिक्षक नियमावली २०४९) । जसअनुसार यस सामुदायिक माध्यमिक विद्यालयको शिक्षक विद्यार्थी अनुपात उपयुक्त नै रहेको छ ।

संस्थागत विद्यालयमा शैक्षिक वर्ष २०७१/७२ मा भर्ना भएका जम्मा विद्यार्थी संख्या ५१३ रहेका छन । उक्त ५१३ जना विद्यार्थी संख्यालाई कुल शिक्षक संख्या १८ ले भाग गर्दा शिक्षक विद्यार्थी अनुपात १:२९ हुन आउँछ । अर्थात् उक्त संस्थागत विद्यालयमा १ जना शिक्षक बराबर २९ जना विद्यार्थी पर्न आउँछ ।

### **४.४.३ सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयमा शिक्षकहरुको विवरण (Profile of Teachers on community and Institutional Secondary School )**

नमुना छनौटमा परेका सामुदायिक र संस्थागत माध्यमिक विद्यालयमा शिक्षकहरुको विवरण यसप्रकार रहेको छ ।

**तालिका ४.११**

**सामुदायिक माध्यमिक विद्यालयमा शिक्षकको विवरण शै.व. २०७१/०७२**

| क.स. | तह | शिक्षक संख्या | तालिका प्राप्त | तालिम प्राप्त नभएका |
|---|---|---|---|---|
| १ | बाल विकास | १ | - | १ |
| २ | प्रा.वि. | ५ | ५ | - |
| ३ | नि.मा.वि. | ४ | ३ | १ |
| ४ | मा. वि. | ३ | २ | १ |
| ५ | राहत शिक्षक | २ | - | २ |
| ६ | निजी शिक्षक | २ | १ | १ |
| जम्मा | | १७ | ११ | ६ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

तलिका ४.१२ मा अध्ययन गरिएको सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको तथ्यांकलाई प्रस्तुत गरिएको छ । तालिका अनुसार जम्मा शिक्षक संख्या १७ रहेको छ । जसमध्ये तालिम प्राप्त शिक्षकको संख्या ११ जना छ भने तालिम प्राप्त नभएका शिक्षक ६ जना रहेका छन । त्यसै गरी वालविकासमा १ जना, प्रा.वि. तहमा ५ जना, नि.मा.वि. तहमा ४ जना, मा.वि. तहमा ३ जना, राहत शिक्षक २ जना र विद्यालयले राखेको निजि शिक्षक २ जना गरी जम्मा १७ जना शिक्षक रहेका छन । यहि जम्मा शिक्षक संख्याको आधारमा शिक्षक-विद्यार्थी अनुपात निकालिन्छ ।

## तलिका ४.१२

## संस्थागत माध्यमिक विद्यालयमा शिक्षक विवरण शै.व. २०७१/०७२

| तह | शिक्षक संख्या | तालिम प्राप्त शिक्षक | तालिम नलिएका शिक्षक |
|---|---|---|---|
| प्रा.वि | ८ | २ | ६ |
| नि.मा.वि. | ५ | २ | ३ |
| मा.वि. | ५ | ३ | २ |
| जम्मा | १८ | ७ | ११ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

तालिका ४.१२ मा संस्थागत विद्यालयमा अध्ययनरत शिक्षकहरुको विवरण प्रस्तुत गरिएको छ । संस्थागत विद्यालयमा जम्मा शिक्षक संख्या १८ रहेको देखिन्छ । तालिम प्राप्त शिक्षक संख्या जम्मा ७ र तालिम प्राप्त नभएका शिक्षक संख्या ११ जना रहेको देखिन्छ । त्यसैगरी प्रा.वि. तहमा पढाउने शिक्षक ८ जना नि.मा.वि. तहमा पढाउने शिक्षक ५ जना र माध्यमिक तहमा पढाउने शिक्षक ५ जना रहेका छन । यहि शिक्षक संख्याको आधारमा संस्थागत विद्यालयको शिक्षक विद्यार्थी अनुपात निकाल्न सकिन्छ ।

## ४.५ सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयको आम्दानीको स्रोत तथा खर्चका क्षेत्रहरु (Source of Income and Sectors of Expenditure on Sampled Community and Instotutional Secondary School )

यस शीर्षक अर्न्तगत नमुना छनौटमा परेका सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयको आम्दानीको स्रोत तथा खर्चका क्षेत्रहरुलाई विभिन्न उपशीर्षकहरुमा विश्लेषण गरिएको छ ।

### ४.५.१ सामुदायिक माध्यमिक विद्यालयहरुको आम्दानीको स्रोत (Sources of Income on Community Secondary School)

सामुदायिक विद्यालयहरुको आयको प्रमुख स्रोत सरकारी अनुदान हो । त्यसैगरी विद्यार्थी शुल्क तथा सामुदायिक स्रोतबाट पनि सामुदायिक विद्यालयहरुले आम्दानी प्राप्त गर्ने गरेको पाइयो । जसलाई तालिका ४.१४ बाट प्रष्ट पार्न सकिन्छ ।

**तालिका ४.१३**

**सामुदायिक विद्यालयमा आय विवरण**

**शैक्षिक वर्ष २०७१-२०७२**

| आम्दानी विवरण / शैक्षिक वर्ष | सरकारी अनुदान रु. | प्रतिशत | विद्यार्थी शुल्क रु. | प्रतिशत | सामुदायिक स्रोत रु. | प्रतिशत | जम्मा रु. | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| २०७१ | ३०,६१,२५० | ९२.९९ | ८०.५५० | २.४५ | १,५०,००० | ४.५६ | ३२,९१,८०० | १०० |
| २०७२ | ३१,६३,२०० | ९२.६ | ७७,८५० | २.२८ | १७५,००० | ५.१२ | ३४,१६,०५० | १०० |
| जम्मा | ६२,२४,४५० | ९२.७९ | १,५८,४०० | ४.७३ | ३२५,००० | ९.६८ | ६७,०७,८५० | १०० |
| औषत आम्दानी | ३१,१२,२२५ | ९२.७९ | ७९,२०० | २.३७ | १,६२,५०० | ४.८४ | ३३,५३,९२० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

तालिका ४.१३ मा छनौटमा परेको सामुदायिक माध्यमिक विद्यालयको आयको विवरण प्रस्तुत गरिएको छ । सामुदायिक माध्यमिक विद्यालयमा औषतमा कुल आम्दानी रु.३३,५३,९२० रहेको देखिन्छ । आयका प्रमुख स्रोतहरु तीनवटा रहेका छन । सामुदायिक विद्यालयको आयको सबैभन्दा महत्वपूर्ण स्रोत सरकारी अनुदान हो भन्ने कुरालाई तालिका ४.१४ ले प्रष्ट पारेको छ । जहाँ सरकारी अनुदाबाट ९२.७९ प्रतिशत आम्दानी र विद्यार्थी शुल्कबाट २.३७ प्रतिशत आम्दानी प्राप्त भएको देखिन्छ । त्यसैगरी सामुदायिक स्रोतबाट ४.८४ प्रतिशत आम्दानी प्राप्त भएको छ । यसका साथै शैक्षिक वर्ष २०७१ को तुलनामा शैक्षिक वर्ष २०७२ सालमा अनुदानको मात्रा पनि बृद्धि भएको देखिन्छ ।

### ४.५.२ सामुदायिक माध्यमिक विद्यालयको खर्च (Expenditure of Community Secondary School)

नमुना छनौटमा परेको सामुदायिक विद्यालयले आफ्नो वार्षिक आम्दानीको स्रोतबाट कुन-कुन क्षेत्रमा कति-कति रकम खर्च गर्ने गर्दछ भन्ने कुराको विश्लेषण गरिएको खर्चको विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

### तालिका ४.१४

### सामुदायिक विद्यालयको वार्षिक खर्चको विवरण

### शैक्षिक वर्ष २०७१-२०७२

| खर्चको विवरण / शैक्षिक वर्ष | तलब तथा भत्ता रु. | भौतिक सुविधा वृद्धि रु. | प्रशासनिक खर्च रु. | अतिरिक्त कृयाकलाप रु. | अन्य रु. | बैंक मौज्दात रु. | जम्मा रु. |
|---|---|---|---|---|---|---|---|
| २०७१ | २७,५०,००० | ३,००,००० | ६५,००० | ३०,००० | ६०,४५० | ८६,३५० | ३२,९१,८०० |
| २०७२ | २८,१५,५०० | ४,३५,००० | ६७,००० | २५,००० | ८३,५५० | - | ३४,१६,०५० |
| जम्मा | ५५,६५,५०० | ७,२५,००० | १,३२,००० | ५५,००० | १,४४,००० | ४६,३५० | ६७,०७,८५० |
| प्रतिशत | ८२.९६ | १०.८ | १.९६ | ०.८२ | २.१५ | १.३ | १०० |

स्रोत: स्थलगत सर्वेक्षण, २०७३

तालिका ४.१४ अनुसार नमुना छनौटमा परेका सामुदायिक विद्यालयको आम्दानीलाई कुन-कुन क्षेत्रमा खर्च गरिएको थियो भन्ने कुरा प्रष्ट भएको देखिन्छ । तालिकामा उल्लेख भए अनुसार सबैभन्दा बढि आयको हिस्सा शिक्षक तथा कर्मचारीको तलब भत्तामा खर्च भएको छ । त्यसैगरी भौतिक सुविधा बृद्धिमा १०.८ प्रतिशत, प्रशासनिक खर्चमा १.९६ प्रतिशत अतिरिक्त कृयाकलापमा ०.८२ प्रतिशत र अन्य विविध खर्चमा २.१५ प्रतिशत खर्च भएको देखिएको छ। भने विद्यालयको नगद मौज्दात १.३ प्रतिशत रहन गएको छ।

### ४.५.३ सामुदायिक माध्यमिक विद्यालयको वार्षिक बचत (Surplus Of Community Secondary School)

सामुदायिक माध्यमिक विद्यालयको  शैक्षिक वर्ष २०७०/०७१ देखि २०७१/०७२ मा कुल आम्दानी रु.६७,०७,८५० प्राप्त भएको देखियो भने कुल खर्च रु.६६,६१,५०० भएको छ । यसरी २ वर्षमा सामुदायिक माध्यमिक विद्यालयमा रु.४६३५० रकम बचत भएको छ । त्यसैगरि शैक्षिक वर्ष २०७०/०७१ मा मात्र कुल आम्दानी रु.३२,९१,८०० प्राप्त भएको छ

भने कुल खर्च रु.३२०५४५५० भएको मा कुल बचत रु.८६,३५० भएको छ । शैक्षिक वर्ष २०७१/०७२ मा कुल आम्दानी रु.३४,१६,०५० र कुल खर्च पनि रु..३४,१६,०५० भएकोमा बचत शून्य भएको छ । यसरी सामुदायिक मा.वि. मा २०७०/०७१ मा भन्दा २०७१/०७२ मा आम्दानी र खर्च  बढि भएको देखिन्छ ।

### ४.५.४ संस्थागत माध्यमिक विद्यालयको आम्दानीको स्रोत (Source of Income In Private Secondary school)

संस्थागत माध्यमिक विद्यालयको आम्दानीको एउटै स्रोत विद्यार्थी शुल्क हो । यस्ता माध्यमिक विद्यालयमा सामुदायको लगानी र सरकारी अनुदान प्राप्त हुँदैन । निजि प्रयास र लगानीबाट सञ्चालित संस्थागत माध्यमिक विद्यालय विद्यार्थीहरुलाई सेवा पुऱ्याउने उद्देश्यले स्थापना भएता पनि बढि मात्रामा नाफाबाट प्रेरित हुने गर्दछ । नमुना छनौटमा परेको संस्थागत माध्यमिक विद्यालयको  आम्दानीको विवरणलाई तालिका ४.१७ मा देखाइएको छ ।

**तालिका ४.१५**

**संस्थागत मा.वि.को आम्दानी विवरण, २०७०/०७१–२०७१/०७२**

| शैक्षिक सत्र | विद्यार्थी शुल्कबाट प्राप्त आम्दानी (रु.) |
|---|---|
| २०७०/०७१ | ३९,४२,००० |
| २०७१/०७२ | ४,३९,८५,०० |
| जम्मा(रु.) | ८३,४०,५०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

तालिका ४.१५ मा संस्थागत माध्यमिक विद्यालयको आम्दानीको विवरण देखाइएको  छ । जसमा शैक्षिक सत्र २०७०/७१ म विद्यार्थी शुल्कबाट विद्यालयले रु.३९,४२,००० आम्दानी प्राप्त गरेको छ भने शैक्षिक सत्र २०७१/७२ मा आम्दानी बढेर रु.४३,९८,५०० पुगेको छ । यसबाट के देखिन्छ भने शैक्षिक सत्र २०७०/०७१ मा भन्दा २०७१/०७२ मा विद्यार्थी शुल्कबाट बढि आम्दानी प्राप्त भएको छ । उक्त माध्यमिक विद्यालयले २०७०/०७१ देखि २०७१/०७२ सम्ममा जम्मा रु.८३,४०,५०० आम्दानी प्राप्त गरेको छ ।

### ४.५.५ संस्थागत माध्यमिक विद्यालयको खर्चको क्षेत्र ( Expenditure of Institutional Secondary School)

संस्थागत माध्यमिक विद्यालयको आम्दानिको मुख्य स्रोत नै विद्यार्थी भर्ना शुल्क र मासिक शुल्क हो । यसरी संस्थागत विद्यालयले आफ्नो आम्दानीको स्रोतबाट निम्न क्षेत्रमा खर्च गर्ने गरेको तालिकाबाट देखाउन सकिन्छ ।

**तालिका ४.१६**

**संस्थागत माध्यमिक विद्यालयको वार्षिक खर्च विवरण २०७१/२०७२**

| खर्च विवरण / शैक्षिक सत्र | तलब भत्ता रु. | भौतिक सेवा सुविधा वृद्धि रु. | प्रशासनिक खर्च रु. | अतिरिक्त कृयाकलाप रु. | बैंकको व्याज भुक्तानी रु. | अन्य रु. | बैंक मौज्दात रु. | जम्मा रु. |
|---|---|---|---|---|---|---|---|---|
| २०७१ | १७,६४,००० | १,००,००० | १५,३००० | ७५,००० | २,००,००० | १,३०,००० | १५,२०,००० | ३९,४२,००० |
| २०७२ | २०,००,००० | १,५०,००० | १,९८,००० | ९५,५०० | २,००,००० | १,५५,००० | १६,५०,००० | ४३,९८,५०० |
| जम्मा | ३७,६४,००० | २,५०,००० | ३,५१,००० | १,७०,५०० | ४,००,००० | २,८५,००० | ३१,७०,००० | ८३,४०,५०० |
| प्रतिशत | ४५.१२ | २.९९ | ४.२० | २.०४ | ४.२४ | ३.४१ | ३.८ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

तालिका ४.१६ अनुसार नमुना छनौटमा परेको संस्थागत विद्यालयको आम्दानीलाई कसरी कुन-कुन क्षेत्रमा खर्च गरिएको छ भन्ने कुरा देखाइएको छ । तालिकाबाट प्राप्त खर्चको विवरणलाई प्रतिशतमा बदल्दा शिक्षक तथा कर्मचारीको तलब भत्ता बापत ४५.१२ प्रतिशत खर्च भएको देखिनछ । भौतिक सुविधा वृद्धिमा २.९९ प्रतिशत प्रशासनिक खर्चमा ४.२० प्रतिशत, अतिरिक्त कृयाकलापमा २.०४ प्रतिशत, बैंकको व्याज भुक्तानी वापत ४.२४ प्रतिशत अन्य खर्चमा ३.४१ प्रतिशत खर्च भएको देखिन्छ भने बैंकमा नगद मौज्दात ३.८ प्रतिशत रहेको तालिकाबाट प्रष्ट हुन्छ । तालिका अनुसार सबैभन्दा बढि खर्च शिक्षक तथा कर्मचारीको तलब भत्तामा खर्च हुने गरेको देखिन्छ ।

### ४.५.६ संस्थागत माध्यमिक विद्यालयको बचत (Surplus of Institutional Secondary School)

संस्थागत माध्यमिक विद्यालयमा शैक्षिक सत्र २०७०/०७१ देखि २०७१/०७२ मा कुल आम्दानी रु.८३,४०,५०० भएको छ भने कुल खर्च रु.८,०२,३५,००० भएको देखिन्छ। यसरी २ वर्षमा संस्थागत मा.वि.को कुल बचत रु.३१,७०,००० रहेको देखिन्छ । शैक्षिक सत्र २०७०/०७१ मा संस्थागत मा.वि.को कुल आम्दानी रु.३९,४२,००० देखिन्छ भने कुल खर्च रु.२४,२२,००० भएको छ । जसमा बचत रु.१५,२०,००० भएको देखिन्छ । त्यस्तैगरि २०७१/०७२ मा कुल आम्दानी रु.४३,९८,५०० र कुल खर्च रु.२७,४८,५०० भई जम्मा वचत रु.१६,५०,००० भएको देखिन्छ । यसरी शैक्षिक सत्र २०७१ मा भन्दा २०७२ मा संस्थागत मा.वि. को बचत बढि भएको देखिएको छ।

## ४.६ सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयको प्रति एकाई विद्यार्थी लागत (Per Unit Student Cost In Community and Institutional Secondary School)

सामुदायिक र संस्थागत माध्यमिक विद्यालयको कक्षा ९ र १० मा अध्ययन गर्ने विद्यार्थीहरुले उक्त कक्षा उतीर्ण गर्दा लाग्ने कुल प्रत्यक्ष तथा अप्रत्यक्ष लागतका आधारमा प्रति विद्यार्थी लागत निकालिएको छ । प्रति विद्यार्थी लागतको गणना गर्दा विद्यार्थीले सामुदायिक र संस्थागत माध्यमिकलाई तिर्ने नगद रकम जस्तै भर्ना शुल्क, खेलकुद शुल्क, रजिस्ट्रेशन शुल्क आदि समावेश गरिएको छ। त्यस्तैगरी ड्रेस, कापीकलम, खाजा, पुस्तक, शिक्षण सामग्री आदिलाई पनि प्रति विद्यार्थी लागतमा नै समावेश गरिएको छ।

### ४.६.१ सामुदायिक माध्यमिक विद्यालयमा प्रति एकाई विद्यार्थी प्रत्यक्ष तथा अप्रत्यक्ष औषत लागत (Per Unit Student Direct and Indirect Average Cost In Community Secondary school)

**प्रत्यक्ष लागत (Direct cost)**

सामुदायिक माध्यमिक विद्यालयमा प्रति एकाई विद्यार्थी प्रत्यक्ष औषत लागतको गणना गर्नको लागि अभिभावकले पढाईमा प्रत्यक्ष रुपमा गरेको कुल खर्च रकमलाई कुल विद्यार्थी

संख्याले भाग गरि प्रति विद्यार्थी प्रत्यक्ष लागत निकाल्न सकिन्छ । नमुना छनौटमा परेका १० जना विद्यार्थीका अभिभावक सँग प्रत्यक्ष अर्तवार्ता लिँदा उनिहरुले दिएको २ वर्षको प्रत्यक्ष खर्च रकमलाई निम्न तालिकामा देखाइएको छ ।

**तलिका ४.१७**

**सामुदायिक माध्यमिक विद्यालयमा प्रति एकाई विद्यार्थी प्रत्यक्ष औषत लागत,२०७०/०७१–२०७१/०७२**

| | |
|---|---|
| प्रत्यक्ष कुल खर्च (रु.) | ३५,४०० |
| विद्यार्थी संख्या | १० जना |
| प्रति विद्यार्थी प्रत्यक्ष लागत (रु.) | ३,५०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका ४.१७ मा सामुदायिक माध्यमिक विद्यालयमा विद्यार्थीलाई कक्षा ९ र १० पढ्नका लगि लाग्ने प्रतिएकाई लागतलाई देखाइएको छ । यहाँ १० जना विद्यार्थीलाई नमुना छनौट गरी उनीहरुलाई पढ्न लाग्ने कुल लागत निकालिएको छ । २ वर्षका लागि प्रत्यक्ष कुल खर्च रु.३,५३,००० भएकोमा प्रति विद्यार्थी प्रत्यक्ष लागत रु.३,५४० हुन आउँछ ।

**अप्रत्यक्ष लागत (Indirect cost)**

माध्यमिक विद्यालयको कक्षा ९र १० मा अध्ययन गर्ने आफ्ना छोराछोरीका लागि अभिभावकले विद्यालय शुल्कबाहेक अन्य लागत पनि तिर्ने गरेको पाइन्छ । यसरी विद्यालय शुल्क बाहेक अन्य लागतलाई अप्रत्यक्ष लागत भनिन्छ । यस अन्तरगत शैक्षिक सामग्री खरिद, पोशाक, खाजा खर्च, ट्युशन शुल्क, शैक्षिक भ्रमण खर्च, अन्य खर्च आदि शिर्षकमा गरिएको खर्च पर्ने गर्दछ । अभिभावकले माध्यमिक शिक्षामा गरेको प्रत्यक्ष खर्चलाई विद्यालयको आय स्रोत अन्तरगत विद्यार्थी शुल्कमा समावेश गरिसकिएकाले नमुना छनौटमा यहाँ प्रत्यक्ष खर्चलाई समावेश गरिएको छैन । नमुना छनौटमा परेका विद्यार्थीहरु मध्येबाट १० जना अभिभावकहरुसंग गरिएको अन्तरवार्ता तथा प्रश्नावलीको आधारमा सामुदायिक माध्यमिक शिक्षामा अभिभावकले गर्ने अप्रत्यक्ष खर्चको विवरणलाई तालिका ४.१९ मा प्रष्ट संग उल्लेख गरिएको छ ।

**तालिका ४.१८**

**सामुदायिक माध्यमिक विद्यालयमा प्रति एकाई विद्यार्थी अप्रत्यक्ष औषत लागत,२०७०/०७१–२०७१/०७२**

| क.स. | खर्चको शिर्षक | खर्च रकम (रु) | प्रतिशत |
|---|---|---|---|
| १ | अतिरिक्त क्रियाकलाप | २०,५०० | २१.९८ |
| २ | वनभोज कार्यक्रम | ६,३०० | ७.८२ |
| ३ | शैक्षिक भ्रमण | २२,५०० | २४.१२ |
| ४ | खाजा खर्च | ३५,००० | ३६.५१ |
| ५ | अन्य खर्च | ८,००० | ८.५७ |
| जम्मा | | ९३,३०० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

तालिका ४.१८ मा सामुदायिक विद्यालयमा छनौटमा परेका १० जना अभिभावकले गरेको अप्रत्यक्ष खर्चलाई प्रस्तुत गरिएको छ । तालिका अनुसार अभिभावकले सबैभनदा बढि खर्च खाजा खर्चमा गर्ने गरेको देखियो । त्यसै गरी शैक्षिक भ्रमण मा २४.१२ प्रतिशत खर्च भएको छ । अतिरिक्त क्रियाकलाप बापत २१.९८ प्रतिशत, वनभोज कार्यक्रममा ७.८२ प्रतिशत र अन्य खर्चमा ८.५७ प्रतिशत खर्च हुने गरेको तथ्यांकले देखाएको छ । जहाँ समग्रमा माध्यमिक तह पुरा गर्न १० जना विद्यार्थी लाई अप्रत्यक्ष खर्च रु.९३,३०० लाग्दछ भने १ जना विद्यार्थी बराबर औषत रु. ९,३३० लाग्ने कुरा तथ्यांकबाट थाहा पाउन सकिन्छ । यहाँ माध्यमिक तह भन्नाले कक्षा ९ र १० लाई मानिएको छ । कक्षा ९ र १० पुरा गर्न एउटा विद्यार्थीलाई कम्तीमा २ वर्ष लाग्ने गर्दछ ।

सामुदायिक विद्यालयमा माध्यमिक तह पुरा गर्न लाग्ने प्रति विद्यार्थी अप्रत्यक्ष औषत लागत लाई तालिका ४.२० बाट प्रष्ट पार्न सकिन्छ ।

**तालिका ४.१९**
**सामुदायिक विद्यालयको माध्यमिक तहमा प्रति विद्यार्थी अप्रत्यक्ष लागत**
**शैक्षिक वर्ष २०७१-२०७२**

| | |
|---|---|
| अप्रत्यक्ष कुल लागत रु. | ९३,३०० |
| विद्यार्थी संख्या | १० |
| प्रति विद्यार्थी अप्रत्यक्ष लागत रु. | ९,३३० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

तालिका ४.१९ मा १० जना विद्यार्थीलाई माध्यमिक तह पुरा गर्दा लाग्ने कुल अप्रत्यक्ष लागतलाई समावेश गरिएको छ। उक्त विद्यार्थी संख्याले कुल अप्रत्यक्ष लागतलाई भाग गर्दा अप्रत्यक्ष खर्च अन्तरगत प्रति विद्यार्थी लागत प्राप्त गर्न सकिन्छ। तालिका अनुसार प्रति

विद्यार्थी अप्रत्यक्ष लागत रु. ९,३३० पर्न जाने देखिन्छ । त्यसै गरी अप्रत्यक्ष प्रति एकाई लागत सहित विद्यार्थीलाई कक्षा ९ र १० पुरा गर्न लागेको कुल प्रति एकाई लागतलाई तालिका ४.२१ बाट देखाउन सकिन्छ।

**तालिका ४.२०**
**सामुदायिक विद्यालयको माध्यमिक तहमा प्रति विद्यार्थी कुल लागत**
**शैक्षिक वर्ष २०७१-२०७२**

| लागत विवरण | लागत रकम रु. |
|---|---|
| प्रति विद्यार्थी अप्रत्यक्ष लागत | ९,३३० |
| प्रति विद्यार्थी प्रत्यक्ष लागत | ३,५४० |
| प्रति विद्यार्थी कुल लागत | १२,८७० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका ४.२० अध्ययन गर्दा माध्यमिक तह पुरा गर्न एक जना विद्यार्थीलाई औषतमा प्रति विद्यार्थी कुल लागत रु. १२,८७० पर्ने देखिन्छ। जहाँ विद्यार्थीको प्रत्यक्ष लागतको तुलनामा अप्रत्यक्ष लागत बढि पर्न जाने देखिन्छ। तालिकामा विद्यार्थीको प्रत्यक्ष खर्चमा प्रतिविद्यार्थी प्रत्यक्ष लागत रु.३,५४० पर्न गएको छ भने अप्रत्यक्ष खर्च अन्तरगत विद्यार्थीको प्रतिविद्यार्थी अप्रत्यक्ष लागत रु. ९,३३० गर्न गएको छ। यसरी हेर्दा सामुदायिक विद्यालयमा विद्यार्थीको शिक्षामा प्रत्यक्ष खर्चको तुलनामा अप्रत्यक्ष खर्चको मात्रा बढि देखिन्छ।

### ४.६.२ संस्थागत माध्यमिक विद्यालयमा प्रति एकाई विद्यार्थी प्रत्यक्ष तथा अप्रत्यक्ष औषत लागत (Per Unit Student Direct and Indirect Average Cost In Institutional Secondary School)

यस अध्ययनमा एस.एल.सी. उत्तीर्णलाई माध्यमिक तह उत्तीर्णका रुपमा लिइएको छ । त्यसैले नमुना छनौटमा परेको यस संस्थागत माध्यमिक विद्यालयमा २०७२ सालमा एस.एल.सी. उत्तीर्ण विद्यार्थी संख्याको आधारमा प्रति विद्यार्थी एकाई लागत निकालिएको छ । २०७१/२०७२ सालमा नमुना छनौटमा परेका संस्थागत विद्यालयमा एस.एल.सी. उत्तीर्ण गरेका विद्यार्थीका १० जना अभिभावकलाई नमुना छनौट गरी प्रत्यक्ष र अप्रत्यक्ष लागतको आधारमा औषतमा प्रति एकाई लागत निकालिएको छ । जसलाई तालिका ४.२२ मा देखाउन सकिन्छ ।

**तालिका ४.२१**

**संस्थागत विद्यालयको माध्यमिक तहमा अप्रत्यक्ष खर्च**

**शैक्षिक वर्ष २०७१-२०७२**

| क.स. | खर्चको शीर्षक | खर्च रकम (रु.) | प्रतिशत |
|---|---|---|---|
| १ | अतिरिक्त क्रियाकलाप | १,३०,००० | ४१.०१ |
| २ | वनभोज कार्यक्रम | ४५,००० | १४.०१ |
| ३ | शैक्षिक भ्रमण | २५,००० | ७.८९ |
| ४ | खाजा खर्च | ९५,००० | २९.९७ |
| ५ | अन्य खर्च | २२,००० | ६.९४ |
| जम्मा | | ३,१७,००० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

तालिका ४.२१ मा संस्थागत माध्यमिक विद्यालयको माध्यमिक तह कक्षा ९ र १० को अप्रत्यक्ष कुल लागत देखाइएको छ । यही अप्रत्यक्ष कुल लागतको आधारमा प्रति विद्यार्थी अप्रत्यक्ष औषत लागत निकाल्न सकिन्छ । संस्थागत माध्यमिक विद्यालयको औषतमा प्रतिविद्यार्थी एकाई लागतलाई तालिका ४.२२ मा प्रस्तुत गर्न सकिन्छ ।

## तालिका ४.२२

## संस्थागत विद्यालयको माध्यमिक तहमा प्रति विद्यार्थी कुल लागत

## शैक्षिक वर्ष २०७१-२०७२

| लागत विवरण | लागत रकम रु. |
| --- | --- |
| प्रति विद्यार्थी अप्रत्यक्ष लागत | ३१,७०० |
| प्रति विद्यार्थी प्रत्यक्ष लागत | ३६,३०० |
| प्रति एकाई विद्यार्थी कुल लागत | ६८,००० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका ४.२२ मा छनौटमा परेका १० जना विद्यार्थीको एस.एल.सी. उत्तीर्ण गर्दा छनौटमा परेका १० जना विद्यार्थीको विद्यार्थी लागत निकालिएको छ । तालिका अनुसार प्रति विद्यार्थी अप्रत्यक्ष लागत रु. ३१,७०० पर्न गएको छ । भने प्रति विद्यार्थी प्रत्यक्ष लागत रु. ३६,३०० लाग्ने देखिन्छ । एउटा विद्यार्थीलाई माध्यमिक तह पुरा गर्न औसतमा प्रति विद्यार्थी लागत रु. ६८,००० लाग्ने देखिन्छ । संस्थागत विद्यालयमा अप्रत्यक्ष खर्च र प्रत्यक्ष खर्च लगभग बराबर नै लाग्ने गरेको तालिका बाट देखिन आउँछ ।

### ४.७ सामुदायिक र संस्थागत माध्यमिक विद्यालयको शैक्षिक उपलब्धि (Educational Achievement in Community Secondary School)

यस शिर्षकमा छनौट गरिएको सामुदायिक र संस्थागत माध्यमिक विद्यालयको शैक्षिक उपलब्धिको विश्लेषण गर्न माध्यमिक तह कक्षा ९ र १० उत्तीर्ण गरेका विद्यार्थीहरुको कक्षा उत्तीर्ण दर, कक्षा दोहोऱ्याउने दर, विचैमा विद्यालय छाड्ने दर उत्तीर्ण श्रेणी, एस.एल.सी. उत्तीर्ण संख्या र प्राप्त ग्रेड आदिलाई आधार मानिएको छ । जसलाई  तालिका ४.२४ द्धारा प्रष्ट पार्न सकिन्छ ।

## तालिका ४.२३
## सामुदायिक विद्यालयको शैक्षिक उपलब्धि
## शैक्षिक वर्ष २०७१-२०७२

| कक्षा | लिङ्ग | कक्षा उत्तीर्ण दर (प्रतिशतमा) | कक्षा दोहोऱ्याउने दर (प्रतिशतमा) | बिचैमा विद्यालय छाड्नेदर(प्रतिशतमा) | उत्तीर्ण श्रेणी (प्रतिशतमा) | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम | द्धितिय | तृतिय |
| ९ | छात्र | ७८.३ | १४.६ | ७.१ | १५ | ५५ | ३० |
| | छात्रा | ७९.८ | १२.४ | ७.८ | २० | ५३ | २७ |
| | छात्र र छात्रा | ७९.०५ | १३.५ | ७.४५ | १७.५ | ५४ | २८.५ |
| १० | छात्र | ८१.५ | १०.३ | ८.२ | २० | ५१ | २९ |
| | छात्रा | ८३.४ | १०.१ | ६.५ | १८ | ५४ | २८ |
| | छात्र र छात्रा | ८२.४५ | १०.२ | ७.३५ | १९ | ५२.५ | २८.५ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका ४.२३ मा छनौटमा परेको सामुदायिक विद्यालयको माध्यमिक तहको शैक्षिक उपलब्धिको अवस्थालाई देखाइएको छ । तालिका अनुसार कक्षा ९ मा उत्तीर्ण प्रतिशत छात्रको ७८.३ प्रतिशत छ भने छात्राको ७९.८ प्रतिशत रहेको छ कक्षा १० मा कक्षा ९ को भन्दा उत्तीर्ण प्रतिशत बढेको पाइयो । उत्तीर्ण भएका छन । त्यसैगरी कक्षा दोहोऱ्याउने दर कक्षा ९ मा जम्मा १३.५ प्रतिशत रहेका छन भने कक्षा १० मा १०.२ प्रतिशत रहेको देखिन्छ । यहाँ कक्षा १० मा भन्दा कक्षा ९ मा कक्षा दोहोऱ्याउने दर बढि रहेको देखियो । विद्यालय छाड्ने दरलाई हेर्दा कक्षा ९ मा ७.४५ प्रतिशत विद्यार्थी माध्यमिक तह पुरा नगरी बिचैमा विद्यालय छाड्ने गरेको तथ्यांकले देखाउँछ । यसका साथै कक्षा १० मा विद्यालय छाड्ने दर ७.३५ प्रतिशत रहेको छ। यसरी हेर्दा माध्यमिक तहमा शैक्षिक क्षति उच्च रहेको देखिन्छ। त्यसैगरी माध्यमिक तह कक्षा ९ र १० को उत्तीर्ण दरलाई हेर्दा कक्षा ९ मा प्रथम श्रेणीमा जम्मा १७.५ प्रतिशत, द्धितिय श्रेणीमा ५४ प्रतिशत र तृतिय श्रेणीमा २८.५ प्रतिशत उत्तीर्ण भएका छन । सबैभन्दा बढि विद्यार्थी द्धितिय श्रेणीमा उत्तीर्ण हुने गरेको तथ्यांकबाट प्रष्ट पार्न सकिन्छ । कक्षा १० मा पनि प्रथम श्रेणीमा जम्मा १९ प्रतिशत, द्धितिय श्रेणीमा ५२.५ प्रतिशत र तृतिय श्रेणीमा २८.५ प्रतिशत विद्यार्थी उत्तीर्ण भएको

देखिन्छ । सबैभन्दा कम प्रथम श्रेणीमा विद्यार्थी उत्तीर्ण हुने गरेको पाइयो । कक्षा ९ र १० पुरा गरी २०७२ सालको एस.एल.सी. परिक्षामा सहभागी भएका सामुदायिक विद्यालयका जम्मा ४४ जना विद्यार्थीको एस.एल.सी. परिक्षाको शैक्षिक उपलब्धिलाई अक्षरांकन पद्धति (Greading system)अनुसार तालिका ४.२४ मा प्रस्तुत गर्न सकिन्छ ।

**तालिका ४.२४**

**सामुदायिक माध्यमिक विद्यालयको एस.एल.सी. नतिजा विवरण २०७२**

| क्र.स. | प्राप्त ग्रेड | ग्रेड प्राप्त विद्यार्थी संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | (९०-१००) = $A^+$ | - | - |
| २ | (८०-९०) = A | १ | २.२७ |
| ३ | (७०-८०) = $B^+$ | ८ | १८.१८ |
| ४ | (६०-७०) = B | ९ | २०.४५ |
| ५ | (५०-६०) = $C^+$ | १५ | ३४.१ |
| ६ | (४०-५०) = C | ११ | २५.०० |
| ७ | (३०-४०) = $D^+$ | - | - |
| ८ | (२०-३०) = D | - | - |
| ९ | २० भन्दा कम = E | - | - |
| | जम्मा | ४४ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

तालिका ४.२४ मा २०७२ सालको एस.एल.सी. परिक्षामा सामेल भएका सामुदायिक विद्यालयका विद्यार्थीले प्राप्त गरेको ग्रेडलाई देखाइएको छ । २०७२ सालको एस.एल.सी. परिक्षा देखि एस.एल.सी. परिक्षाको नतिजालाई ग्रेडिङ पद्धति बाट मूल्यांकन गरे अनुसार सामुदायिक माध्यमिक विद्यालयको विद्यार्थीको एस.एल.सी. को नतिजालाई पनि ग्रेडमा उल्लेख गरिएको छ । जहाँ ग्रेड प्रणाली अनुसार A ग्रेड ल्याउने विद्यार्थी संख्या १ जन, $B^+$ ल्याउने ८ जना, B ल्याउने ९ जना, $C^+$ ल्याउने १५ जना र C ल्याउने ११ जना रहेका छन । जसलाई प्रतिशतमा बदल्दा सबैभन्दा बढि प्रतिशत $C^+$ ल्याउने रहेका छन । भने कम

प्रतिशत A ल्याउने रहेको देखिन्छ । सामुदायिक विद्यालयको एस.एल.सी. को नतिजालाई हेर्दा खासै सन्तोषजनक देखिदैन ।

**तालिका ४. २५**

**संस्थागत विद्यालयको माध्यमिक तहको शैक्षिक उपलब्धि**

**शैक्षिक वर्ष २०७१-२०७२**

| कक्षा | लिङग | कक्षा उत्तीर्ण दर (प्रतिशत) | कक्षा दोहोऱ्याउने दर (प्रतिशत) | बिचैमा विद्यालय छाड्ने दर (प्रतिशत) | उत्तीर्ण श्रेणी | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम | द्धितिय | तृतिय |
| ९ | छात्र | ९३.९ | ४.१ | २ | ४० | ४२ | १८ |
| | छात्रा | ९२.८ | ४.३ | २.९ | ३८ | ४२ | २० |
| | छात्र र छात्रा | ९३.३५ | ४.२ | २.४५ | ३९ | ४२ | १९ |
| १० | छात्र | ९७ | ३ | - | ३७ | ४१ | २२ |
| | छात्रा | ९७.२ | १.८ | १ | ४१ | ३७ | २२ |
| | छात्र र छात्रा | ९७.१ | २.४ | ०.५ | ३९ | ३९ | २२ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका ४.२५ मा संस्थागत विद्यालयको शैक्षिक उपलब्धिलाई देखाइएको छ । कक्षा ९ मा भन्दा कक्षा १० मा कक्षा उत्तीर्ण दर बढि प्रतिशत रहेको छ भने कक्षा १० मा छात्रको कक्षा छाड्ने दर शुन्य रहेको छ । त्यसैगरी कक्षा ९ मा छात्र भन्दा छात्रा विद्यार्थीको कक्षा दोहोऱ्याउने दर बढि रहेको देखिन्छ ।

छनौटमा परेको संस्थागत विद्यालयले २०७२ सालमा लिइएको एस.एल.सी. परिक्षामा जम्मा ४७ जना विद्यार्थी सामेल गराएको थियो । उक्त विद्यार्थीले प्राप्त गरेको ग्रेडलाई तालिका ४.२७ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४. २६**

**संस्थागत विद्यालयको एस.एल.सी. नतिजा, २०७२**

| क.स. | ग्रेड | ग्रेड प्राप्त विद्यार्थी संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | (९०-१००) = $A^+$ | १ | २.१३ |
| २ | (८०-९०) = A | ८ | १७.०२ |
| ३ | (७०-८०) = $B^+$ | १० | २१.२८ |
| ४ | (६०-७०) = B | ८ | १७.०२ |
| ५ | (५०-६०) = $C^+$ | ४ | ८.५१ |
| ६ | (४०-५०) = C | १० | २१.२८ |
| ७ | (३०-४०) = $D^+$ | ६ | १२.७६ |
| ८ | (२०-३०) = D | - | - |
| ९ | २० भन्दा कम = E | - | - |
| जम्मा | | ४७ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

तालिका ४.२६ मा संस्थागत विद्यालयको २०७२ सालको एस.एल.सी. को नतिजालाई प्रस्तुत गरिएको छ । तालिकामा जम्मा एस.एल.सी. दिएका जम्मा ४७ जना विद्यार्थी मध्ये १ जनाले $A^+$, A ग्रेड ल्याउने विद्यार्थी संख्या ८ जना, $B^+$ ल्याउने १० जना, B ल्याउने ८ जना, $C^+$ ल्याउने ४ जना, C ल्याउने १० जना रहेका र $D^+$ ग्रेड ल्याउने ६ जनाले प्राप्त गरेका छन ।

## ४.८ सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयको प्रति विद्यार्थी लागत र शैक्षिक उपलब्धिको तुलना (Compare of Investment and Educational Achievement Between Community and Institutional Secondary School)

यस शीर्षकमा सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयको आर्थिक लगानी तथा शैक्षिक उपलब्धिको तुलनात्मक विश्लेषणलाई निम्न अनुसार उप-शिर्षकमा राखेर विश्लेषण गरिएको छ ।

### ४.८.१ सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयको प्रति विद्यार्थी लागतको तुलना (Comparative Analysis of Economic Investment of Community and Institutional School)

यस शिर्षकमा सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयको प्रति विद्यार्थी लागतको तुलना गरिएको छ । सामुदायिक तथा संस्थागत विद्यालयमा विद्यार्थीले माध्यमिक तह पुरा गर्दा लागेको प्रति विद्यार्थी लागत लाई तालिका ४.२७ मा तुलना गरिएको छ ।

**तालिका ४.२७**

**सामुदायिक तथा संस्थागत विद्यालयको आर्थिक लगानीको तुलनात्मक विश्लेषण २०७१/७२**

| क.स. | लागत विवरण | सामुदायिक विद्यालय | संस्थागत विद्यालय |
|---|---|---|---|
| १. | प्रति विद्यार्थी प्रत्यक्ष लागत | ३,५४० | ३६,३०० |
| २. | प्रति विद्यार्थी अप्रत्यक्ष लागत | ९,३३० | ३१,७०० |
| ३. | प्रति विद्यार्थी कुल लागत | १२,८७० | ६८,००० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

तालिका ४.२७ मा सामुदायिक र संस्थागत माध्यमिक विद्यालयको माध्यमिक तहको शिक्षाम हुने प्रति विद्यार्थी लागतको तुलना गरिएको छ । जहाँ सामुदायिक विद्यालयमा प्रति विद्यार्थी प्रत्यक्ष लागत रु.३,५४० र प्रति विद्यार्थी अप्रत्यक्ष लागत रु.९,३३० गरी माध्यमिक तह पुरा गर्न जम्मा प्रति विद्यार्थी लागत रु.१२,८७० लाग्ने गर्दछ । त्यसैगरी संस्थागत विद्यालय तर्फ माध्यमिक तह पुरा गर्न अप्रत्यक्ष प्रति विद्यार्थी लागत रु.३१,७०० र प्रत्यक्ष प्रति विद्यार्थी लागत रु.३६,३०० गरी जम्मा रु.६८,००० लाग्ने गर्दछ । सरकारी विद्यालयमा माध्यमिक तह सम्मको पढाई निःशुल्क भएका कारणले गर्दा कम लागत पर्न जाने देखिन्छ भने संस्थागत विद्यालयमा खर्चको भार उच्च रहेको छ ।

### ४.८.२ सामुदायिक तथा संस्थागत विद्यालयको शैक्षिक उपलब्धिको तुलना (Compare of Educational Achievement of Community and Institutional Secondary School)

यस अध्ययनमा कक्षा ९ र १० उत्तीर्ण तथा एस.एल.सी. उत्तीर्ण दरका आधारमा सामुदायिक र संस्थागत माध्यमिक विद्यालयको शैक्षिक उपलबिधको तुलना गरिएको छ । जसलाई तलको तालिकाद्धारा प्रष्ट गरिएको छ । जसलाई  तालिका ४.२८ द्धारा प्रष्ट पार्न सकिन्छ ।

**तालिका ४.२८**

**सामुदायिक र संस्थागत माध्यमिक विद्यालयको शैक्षिक उपलब्धिको तुलना २०७२**

| कक्षा | सामुदायिक विद्यालय | | | | | | संस्थागत विद्यालय | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कक्षा उत्तीर्ण प्रतिशत | | | उत्तीर्ण श्रेणी प्रतिशत | | | कक्षा उत्तीर्ण प्रतिशत | | | उत्तीर्ण श्रेणी प्रतिशत | | |
| | छात्र | छात्रा | जम्मा | प्रथम | द्धितिय | तृतिय | छात्र | छात्रा | जम्मा | प्रथम | द्धितिय | तृतिय |
| ९ | ७८.३ | ७९.८ | ७९.०५ | १७.५ | ५४ | २८.५ | ९३.९ | ९२.८ | ९३.३५ | ३९ | ४२ | १९ |
| १० | ८१.५ | ८३.४ | ८२.४५ | १९ | ५२.५ | २८.५ | ९७ | ९७.२ | ९७.१ | ३९ | ३९ | २२ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

तालिका ४.२८ मा सामुदायिक र संस्थागत विद्यालयको माध्यमिक तहको शैक्षिक उपलब्धि बिच तुलना गरिएको छ । सामुदायिक विद्यालयमा कक्षा उत्तीर्ण प्रतिशत कक्षा ९ मा जम्मा ७९.०५ प्रतिशत छ । जसमध्ये छात्र भन्दा छात्राको उत्तीर्ण प्रतिशत बढि रहेको देखिन्छ । त्यसैगरी कक्षा ९ मा भन्दा कक्षा १० मा उत्तीर्ण प्रतिशत बढेको देखिन्छ । कक्षा १० को विद्यार्थी उत्तीर्ण प्रतिशत ८२.४५ प्रतिशत छ । त्यसैगरी कक्षा ९ मा प्रथम श्रेणीमा १७.५ प्रतिशत, द्धितिय श्रेणीमा ५४ प्रतिशत र तृतिय श्रेणीमा २८.५ प्रतिशत विद्यार्थी उत्तीार्ण भएक्रे देखिन्छ । कक्षा १० तर्फ प्रथम श्रेणीमा १९ प्रतिशत, द्धितिय श्रेणीमा ५२.५ प्रतिशत र तृतिय श्रेणीमा २८.५ प्रतिशत विद्यार्थी पास भएका छन ।

संस्थागत विद्यालय तर्फ कक्षा ९ र १० मा सामुदायिक विद्यालयको तुलनामा बढि प्रतिशत विद्यार्थी उत्तीर्ण भएको देखिन्छ । जहाँ कक्षा ९ मा छात्र ९३.९ प्रतिशत, छात्रा ९२.८ प्रतिशत गरी जम्मा ९३.३५ प्रतिशत विद्यार्थी पास भएको देखिन्छ । त्यसैगरी संस्थागत विद्यालयमा पनि कक्षा ९ को भन्दा कक्षा १० मा बढि प्रतिशत उत्तीर्ण भएको देखिन्छ । कक्षा १० मा जम्मा ९७.१ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन । यसका साथै उत्तीर्ण श्रेणीलाई हेर्ने हो भने संस्थागत विद्यालयमा कक्षा ९ मा प्रगम श्रेणीमा ३९ प्रतिशत, द्धितिय श्रेणीमा ४२ प्रतिशत र तृतिय श्रेणीमा १९ प्रतिशत विद्यार्थी पास भएका छन । कक्षा १०

मा प्रथम श्रेणीमा ३९ प्रतिशत, द्धितिय श्रेणीमा पनि ३९ प्रतिशत र तृतिय श्रेणीमा २२ प्रतिशत विद्यार्थी पास भएका छन । सबै भन्दा बढि विद्यार्थी द्धितिय श्रेणीमा पास हुने गरेको देखिन्छ । यसरी समग्रमा हेर्दा सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयको शैक्षिक उपलब्धि बढि देखिन्छ ।

सामुदायिक तथा संस्थागत विद्यालयको कक्षा ९ र १० को शैक्षिक उपलब्धिका साथै एस.एल्.सी. परिक्षाको नतिजाको आधारमा पनि दुई विद्यालयको शैक्षिक उपलब्धि विच तुलना गर्न सकिन्छ । तसर्थ २०७२ सालको एस.एल.सी. परिक्षाको नतिजाको तुलना तलको तालिका द्धारा गर्न सकिन्छ ।

**तालिका ४.२९**

**सामुदायिक तथा संस्थागत विद्यालयको एस.एल.सी. परिक्षाको नतिजा विवरण २०७२**

| विद्यालय | | विद्यार्थीले प्राप्त गरेको ग्रेड | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | A+ | A | B+ | B | C+ | C | D+ | D | E | |
| सामुदायिक विद्यालय | संख्या | - | १ | ८ | ९ | १५ | ११ | - | - | - | ४४ |
| | प्रतिशत | - | २.२७ | १८.१८ | २०.४५ | ३४.१ | २५ | - | - | - | १०० |
| संस्थागत विद्यालय | संख्या | १ | ८ | १० | ८ | ४ | १० | ६ | - | - | ४७ |
| | प्रतिशत | २.१३ | १७.०२ | २१.२८ | १७.०२ | ८.५१ | २१.२८ | १२.७६ | - | - | १०० |

स्रोतः स्थलगत सर्वेक्षण

तालिका ४.२९ मा सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयको २०७२ सालको एस.एल.सी. परिक्षाको नतिजालाई ग्रेड पद्धतिमा देखाइएको छ । जहाँ सामुदायिक विद्यालयका विद्यार्थीले A, B+, B, C+ र C ग्रेड प्राप्त गरेका छन भने संस्थागत विद्यालयका विद्यार्थीले A+, A, B+, B, C+, C र D+ ग्रेड प्राप्त गरेका छन । सामुदायिक विद्यालयमा सबै भन्दा बढि विद्यार्थी C+ ल्याएर उत्तीर्ण भएका छन भने संस्थागत विद्यालयमा B+ र C ग्रेड ल्याएर धेरै विद्यार्थी उत्तीर्ण भएका छन । सामुदाकिय विद्यालयमा A+ ग्रेड ल्याउने विद्यार्थी संख्या एउटा पनि छैनन भने संस्थागत विद्यालयमा १ जना ले A+ ग्रेड प्राप्त गरेको छ ।

तालिका ४.२९ लाई सुक्ष्म रुपमा विश्लेषण गर्ने हो भने सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयको नतिजा केहि बढि सन्तोषजनक देखिन्छ ।

## ४.८ अध्ययनको सारांश (summary of the study)

प्रस्तुत अध्ययन शीर्षकमा “सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयमा आर्थिक लगानी र शैक्षिक उपलब्धि : एक अध्ययन जलथल गा.वि.स झापा” रहेको छ । यस अध्ययन पुरा गर्नका लागि विभिन्न विवरणहरुका आधारमा तथ्याङ्क संकलन गरि सुक्ष्म र गहन गरिएको थियो । यस अध्ययनको साधारण उद्देश्य सामुदायिक तथा संस्थागत मा.वि. मा आर्थिक लगानी र शैक्षिक उपलब्धिको विश्लेषण गर्नु रहेको छ भने प्रस्तुत शोधपत्रमा सामुदायिक तथा संस्थागत मा.वि. को आम्दानीको स्रोत तथा खर्चका क्षेत्रहरु पहिचान गर्नु, सामुदायिक तथा संस्थागत मा.वि. को प्रति एकाई विद्यार्थी लागत अनुमान गर्नु र सामुदायिक तथा संस्थागत मा.वि. को आर्थिक लगानी र शैक्षिक उपलब्धिको तुलनात्मक विश्लेषण गर्नु यस अध्ययनका विशिष्ट उद्देश्यहरु रहेका छन् । यी उद्देश्यहरुलाई पुरा गर्नका लागि जलथल गा.वि.स. मा सञ्चालित २ वटा सामुदायिक र १ वटासंस्थागत मा.वि. मध्ये १ वटा सामुदायिक र १ वटा संस्थागत मा.वि. लाई नमुनाको रुपमा छनौट गरी माध्यमिक विद्यालयको वर्तमान अवस्था, भौतिक अवस्था, आर्थिक तथा शैक्षिक अवस्थाका वारेमा विविध शीर्षक तथा उपशीर्षकहरु निर्माण गरी तथ्याङ्क संकलन गरीएको थियो । यसरी प्राप्त गरिएको प्राथमिक र द्धितीय तथ्याङ्कका आधारमा विवरणको विश्लेषण गर्नका लागि व्याख्यात्मक र विश्लेषणात्मक विधि अपनाइएको छ ।

अध्ययनका लागि प्राथमिक तथ्याङ्क संकलन गर्नका लागि नमूना छनौटका रुपमा छनौट गरिएको मा.वि. को प्र.अ., शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समिति र विद्यालय प्रशासनलाई विविध प्रश्नावलि र अवलोकन सुचि को माध्यमबाट अर्न्तवार्ता, प्रत्यक्ष अवलोकन र लक्षित समूह छलफल संचालन गरिएको थियो भने द्धितीय तथ्याङ्कक संकलन गर्न अर्थ मन्त्रालय,उच्च माध्यमिक शिक्षा परिषद्, जिल्ला शिक्षा कार्यालय, केन्द्रीय तथ्याङ्क विभाग, शिक्षा मन्त्रालय, गा.वि.स. र प्रकाशित तथा अप्रकाशित तथ्याङ्ककको सहायताको आधारमा गरिएको थियो । यसरी संकलन गरिएको तथ्याङ्कहरुलाई तालिका र स्तम्भचित्रमा प्रस्तुत गरिएको छ । यसरी विविध विवरणको माध्यमबाट संकलन गरिएको तत्थ्याङ्कलाई विश्लेषण गरी निकालिएको अध्ययनको सारांशलाई  बुदाँगत रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

छनौटमा परि अध्ययन गरिएको सामुदायिक र संस्थागत दुवै माध्यमिक विद्यालय आ- आफ्नै नीजि भवनमा सञ्चालन गरेको पाइयो ।

सामुदायिक विद्यालयको प्रति विद्यार्थी कक्षाकोठाको क्षेत्रफल २.४४ वर्ग फिट देखियो भने संस्थागत विद्यालयमा २.५७ वर्ग फिट प्रति विद्यार्थी क्षेत्रफल रहेको देखियो । त्यसैगरी सामुदायिक विद्यालयको खेलमैदान ७,५००वर्ग फिट र संस्थागत विद्यालयको खेलमैदान ७,००० वर्ग फिट रहेको देखियो ।

सामुदायिक तथा संस्थागत विद्यालयमध्ये सामुदायिक विद्यालयमा प्रतिविद्यार्थी डेक्स वेञ्च संख्या ०.२६ रहेको छ भने संस्थागत विद्यालयमा प्रतिविद्यार्थी डेक्स वेञ्च संख्या ०.२४ रहेको छ । दुवै विद्यालयमा पिउने पानीको लागि ट्युवेलको व्यवस्था रहेको छ । पुस्तकालय र शैक्षिक सामग्रीको अवस्था सामान्य रहेको पाइयो ।
सामुदायिक तथा संस्थागत विद्यालयमा शिक्षकको विवरणलाई हेर्दा सामुदायिक विद्यालयतर्फ १७ जना शिक्षक रहेको जसमा तालिम प्राप्त शिक्षक ११ जना रहेका छन् भने संस्थागत विद्यालयतर्फ १८ जना शिक्षकमध्ये तालिम प्राप्त शिक्षक  जना मात्र रहेको पाइयो ।
विद्यालयको औसतमा विद्यार्थी भर्नादर हेर्दा शैक्षिक सत्र २०७१/०७२ मा सामुदायिक विद्यालयमा छात्र २८० जना र छात्रा ३४४ जना गरी जम्मा ६२४ जना विद्यार्थी भर्ना भएको पाइयो भने संस्थागत विद्यालयमा छात्र २५८ जना र छात्रा २५५ गरी जम्मा ५१३ जना विद्यार्थी भर्ना भएको पाइयो ।
सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात १:३७ र संस्थागत विद्यालयमा शिक्षक विद्यार्थी अनुपात १:२९ रहेको पाइयो ।
सामुदायिक विद्यालयको कक्षा ९ मा कक्षा उत्तीर्ण दर ७९.०५ प्रतिशत र कक्षा १० मा ८२.४५ प्रतिशत रहेको पाइयो । त्यसैगरी कक्षा दोहोऱ्याउने दर कक्षा ९ र १० मा क्रमश १३.५ प्रतिशत र १०.२ प्रतिशत रहेको पाइयो । बीचैमा विद्यालय छाड्ने दर कक्षा ९ मा ७.४५ प्रतिशत र कक्षा १० मा ७.३५ प्रतिशत रहेको पाइयो ।
त्यसैगरी संस्थागत विद्यालयतर्फ कक्षा ९ र १० मा कक्षा उत्तीर्ण दर क्रमश ९३.३५ प्रतिशत र ९७.१ प्रतिशत रहेको पाइयो । कक्षा दोहोऱ्याउने दर कक्षा ९ मा ४.२

प्रतिशत र कक्षा १० मा २.४ प्रतिशत रहेको देखिन्छ । विद्यालय छाड्ने दर कक्षा ९ मा २.४५ प्रतिशत र कक्षा १० मा ०.५ प्रतिशत रहेको देखिन्छ ।

शैक्षिक वर्ष २०७२ सालको एस.एल.सी. परिक्षाको नतिजालाई अक्षरांकन पद्दतिमा देखाइएको छ जहाँ सामुदायिक विद्यालयमा २०७२ सालको एस.एल.सी. परिक्षामा ४४ जना विद्यार्थी संलग्न भएकामा A ग्रेडमा १ जना, B+ ग्रेडमा ८ जना, B ग्रेडमा ९ जना, C+ ग्रेडमा १५ जना र C ग्रेडमा ११ जना विद्यार्थी उत्तीर्ण भएको पाइयो । त्यसैगरी संस्थागत विद्यालयमा ४७ जना विद्यार्थीले एस.एल.सी. परिक्षा दिएकोमा १ जना A+ ग्रेडमा, ८ जना A ग्रेडमा, १० जना B+ ग्रेडमा, ८ जना B ग्रेडमा, ४ जना C+ ग्रेडमा, १० जना C ग्रेडमा र ६ जना D+ ग्रेडमा उत्तीर्ण भएको पाइयो ।

छनौटमा परेको सामुदायिक र संस्थागत विद्यालयको आर्थिक गतिविधीलाई हेर्दा सामुदायिक विद्यालयको आम्दानीको प्रमुख स्रोत सरकारी अनुदान रहेको पाइयो भने संस्थागत विद्यालयको आम्दानीको प्रमुख स्रोत विद्यार्थी शुल्क रहेको देखियो जसमा सामुदायिक विद्यालयको वार्षिक आम्दानी शैक्षिक सत्र २०७१/०७२ मा जम्मा रु.६७,०७,८५० रहेको देखियो भने संस्थागत विद्यालयको वार्षिक आम्दानी रु.८३,४०,५०० रहेको देखियो ।

छनौटमा परेको सामुदायिक माध्यमिक विद्यालयको शैक्षिक सत्र २०७१/०७२ मा रु.६६,६१,५०० खर्च भएको छ भने संस्थागत विद्यालयमा रु.५१,७०,५०० खर्च भएको देखिन्छ ।

सामुदायिक विद्यालयमा कुल आम्दानीको ८२.९६ प्रतिशत शिक्षक तथा कर्मचारीको तलब भत्तामा खर्च भएको पाइयो त्यसैगरी १०.८ प्रतिशत भौतिक सुविधा वृद्धि, ०.८२ प्रतिशत अतिरिक्त क्रियाकलाप, १.९६ प्रतिशत प्रशासनिक खर्चमा र २.१५ प्रतिशत अन्य विविध क्षेत्रमा खर्च हुने गरेको पाइयो । त्यसैगरी संस्थागत विद्यालयमा कुल खर्चमध्ये ४५.१२ प्रतिशत शिक्षक तथा कर्मचारीको तलब भत्तामा, २.९९ प्रतिशत भौतिक सुविधा वृद्धिमा, २.०४ प्रतिशत अतिरिक्त क्रियाकलापमा, ४.२४ प्रतिशत ब्याज भुक्तानीमा खर्च हुने गरेको पाइयो ।

सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको औसतमा प्रतिविद्यार्थी प्रत्यक्ष लागत रु.३,५४० र अप्रत्यक्ष लागत रु.१२,८७० लाग्ने गरेको पाइयो भने संस्थागत

विद्यालयमा  प्रतिविद्यार्थी प्रत्यक्ष लागत रु.३६,३०० र अप्रत्यक्ष लागत रु.३१,७०० लागेको देखियो ।

अध्ययन गरिएको विद्यालयको प्रतिविद्यार्थी लागतको अवस्था हेर्दा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीको औसतमा प्रतिविद्यार्थी कुल लागत रु.१२,८७० रहेको पाइयो भने संस्थागत विद्यालयमा  प्रतिविद्यार्थी लागत रु.६८,००० रहेको पाइयो ।

## अध्याय पाँच (CHAPTER FIVE)

## ५. निष्कर्ष र सुझावहरु (CONCLUSION AND RECOMMENDATIONS)

सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयको आर्थिक लगानी र शैक्षिक उपलब्धि एक अध्ययन अर्न्तगत यस अध्ययनमा झापा जिल्ला जलथल गा.वि.स. स्थित सामुदायिक तर्फ श्री लक्ष्मी मा.वि. र संस्थागत तर्फ चिल्ड्रेन गार्डेन अंग्रेजी माध्यमिक विद्यालयको आर्थिक लगानी र शैक्षिक उपलब्धि को विश्लेषण गरिएको छ । अध्ययनको उद्देश्यलाई पूरा गर्नका लागि विभिन्न विषयवस्तुहरुको उठान तथा तथ्यपरक सुचना समावेश गर्ने प्रयास गरिएको छ । यस अध्यायमा अध्ययनको विश्लेषणका आधारमा पत्ता लगाईएका निष्कर्ष र आवश्यक सुझावहरुलाई समावेश गरिएकोछ ।

### ५.१ निष्कर्ष (Conclusion)

झापा जिल्लाको जलथल गा.वि.स. मा रहेको सामुदायिक र संस्थागत माध्यमिक विद्यालयको अनुसन्धानको विश्लेषणबाट प्राप्त हुन आएको सारांश अनुरुपको निष्कर्षलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

अध्ययनमा परेको दुवै माध्यमिक विद्यालय आ-आफ्नै निजी भवनमा सञ्चालन गरेको पाइयो । सामुदायिक विद्यालयमा ६ वटा पक्की भवन रहेको देखियो भने संस्थागत विद्यालयमा २ वटा पक्की भवन र एउटा निर्माणाधिन भवन रहेको पाइयो ।

सामुदायिक विद्यालयमा प्रति विद्यार्थी कक्षाकोठाको क्षेत्रफल २.४४ वर्ग फिट रहेछ भने संस्थागत विद्यालयमा २.५७ वर्ग फिट रहेको पाइयो । अर्थात सामुदायिक विद्यालयको तुलनामा संस्थागत माध्यमिक विद्यालयको प्रति विद्यार्थी क्षेत्रफल बढी रहेको पाइयो ।

अध्ययन क्षेत्रको सामुदायिक र संस्थागत माध्यमिक विद्यालयको खेल मैदान, शौचालय, पिउने पानी र शैक्षिक सामग्री आदीको व्यवस्था भएता पनि त्यसको उचित व्यवस्थापन हुन सकेको देखिएन ।

सामुदायिक विद्यालयमा नेपाली माध्यम र संस्थागत माध्यमिक विद्यालयमा अंग्रेजी माध्यम बाट पठन पाठन गर्ने गरेको पाइयो ।

अध्ययन क्षेत्रका विद्यालय मध्ये  सामुदायिक विद्यालयमा १७ जना शिक्षक र संस्थागत विद्यालयमा १८ जना शिक्षक रहेता पनि सामुदायिक विद्यालयमा ११ जना तालिम प्राप्त र संस्थागत विद्यालयमा ७ जना मात्र तालिम प्राप्त शिक्षक रहेको पाइयो ।

नमुना छनौटमा परेको सामुदायिक माध्यमिक विद्यालयमा शैक्षिक वर्ष २०७२/०७३ मा जम्मा ६२४ जना विद्यार्थी भर्ना भएको पाइयो भने संस्थागत विद्यालयमा ५१३ जना विद्यार्थी भर्ना भएको पाइयो । अर्थात सामुदायिक विद्यालयको विद्यार्थी भर्ना संस्थागत विद्यालयको तुलनामा बढि देखिन्छ ।

सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात १:३७ र संस्थागत विद्यालयमा शिक्षक विद्यार्थी अनुपात १:२९ रहेको पाइयो । सामुदायिक विद्यालयमा भन्दा संस्थागत विद्यालयमा शिक्षक विद्यार्थी अनुपात कम रहेको देखियो ।

अनुसन्धानमा रहेको सामुदायिक विद्यालयको आम्दानीको प्रमुख स्रोत सरकारी अनुदान रहेको छ । सामुदायिक विद्यालयमा सरकारी अनुदानबाट ९२.७९ प्रतिशत आम्दानी प्राप्त भएको पाइयो । संस्थागत विद्यालयको आम्दानीको प्रमुख स्रोत विद्यार्थी शुल्क रहेको पाइयो ।

अध्ययन क्षेत्रमा रहेको सामुदायिक माध्यमिक विद्यालयको औसत कुल आम्दानी ३,३५,४२५ मध्ये ८२.२६ प्रतिशत शिक्षक तथा कर्मचारीको तलब भत्तामा र बाँकी रकम अन्य क्षेत्रमा खर्च हुने गरेको पाइयो भने संस्थागत विद्यालयको कुल औषत आम्दानी ४१,७०,२५० मध्ये ४५.१२ प्रतिशत मात्र शिक्षक तलबमा खर्च हुने गरेको पाइयो ।

सामुदायिक विद्यालयमा कक्षा उतीर्ण दर, कक्षा दोहोऱ्याउने दर, कक्षा छाड्ने दर क्रमशः ८२.४५ प्रतिशत, १०.२ प्रतिशत, ७.३५ प्रतिशत, रहेको देखियो भने संस्थागत विद्यालयमा सोही दर क्रमशः ९७.१ प्रतिशत, २.४प्रतिशत, र ०.५प्रतिशत रहेको पाइयो । यहाँ सामुदायिक विद्यालयमा भन्दा संस्थागत विद्यालयको शैक्षिक उपलब्धी सन्तोषजनक रहेको पाइयो ।

नमुना छनौटमा परेका माध्यमिक विद्यालयमा सामुदायिक माध्यमिक विद्यालयको औषत कुल लागत रु.१२,८७० मध्ये औषतमा प्रति विद्यार्थी प्रत्यक्ष लागत रु.३,५४० देखियो भने अप्रत्यक्ष लागत रु.९,३३० देखियो । त्यसैगरी संस्थागत माध्यमिक

विद्यालयको औषत कुल लागत रु.६८,००० मध्ये प्रति विद्यार्थी प्रत्यक्ष औषत लागत रु.३६,३०० र अप्रत्यक्ष औषत लागत रु.३१,७०० रहेको पाइयो । यसरी हेर्दा सामुदायिक विद्यालयमा प्रति विद्यार्थी प्रत्यक्ष लागत भन्दा अप्रत्यक्ष लागत बढि लाग्ने गरेको पाइयो भने संस्थागत माध्यमिक विद्यालयमा प्रति विद्यार्थी अप्रत्यक्ष लागत भन्दा प्रत्यक्ष लाागत बढि लागेको देखियो ।

## ५.२ सुझावहरु (Recommendations)

सामुदायिक र संस्थागत माध्यमिक विद्यालयमा गरिएको अध्ययनका आधारमा माध्यमिक विद्यालय सञ्चालन गर्दा लगानी अनुसारको शैक्षिक उपलब्धि वृद्धि गर्नका लागी विद्यालयका लगानीकर्ता, शिक्षक, अभिभावक, सरोकारवालालाई आफ्नो कार्यमा सफलताको लागी सुझावहरु पेश गर्नुपर्ने हुन्छ । तसर्थ अध्ययनको निष्कर्षको आधारमा सम्बन्धित निकायहरुलाई नीति सम्बन्धि सुझाव, प्रयोगात्मक क्षेत्रसंग सम्बन्धित सुझाव, आगामी अनुसन्धान संग सम्बन्धित सुझाव जस्ता उपशीर्षक द्वारा निम्नानुसार क्रमैसंग सुझावहरु पेश गरीएको छ ।

### ५.२.१ नीतिसँग सम्बन्धित सुझावहरु (Policy Related Recommendations)

सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयको शैक्षिक उपलब्धि वृद्धि गराउनका लागी नीतिगत रुपमा सुधार गर्नका लागी निम्न सुझावहरु पेश गरिएको छ ।

- शैक्षिक लगानीको अनुपातमा शैक्षिक उपलब्धि वृद्धि गर्नका लागि शिक्षकको नियमितता वृद्धि गर्नुपर्ने, जिल्ला शिक्षा कार्यालयले अनुगमन बढाउनु पर्ने देखिन्छ ।
- सामुदायिक विद्यालयमा सरकारले अनुदान दिँदा विद्यालयको समग्र शैक्षिक अवस्थाको अध्ययन गरी सोहि अनुसार अनुदान वितरण गर्नुपर्दछ भने संस्थागत विद्यालयलाई पनि निश्चित दरमा विद्यार्थी शुल्क उठाउने नियम बनाउनुपर्ने र विद्यालयले आम्दानीको वैकल्पिक स्रोतहरुको खोजि गर्नुपर्ने देखिन्छ ।
- विद्यालयमा तालिम प्राप्त, योग्य र दक्ष शिक्षक मात्र राख्नुपर्ने आवश्यकता देखिन्छ ।
- शिक्षक विद्यार्थी सँगको सम्बन्ध वालमैत्रि बनाउन विद्यार्थीको रुचि अनुरुपका विभिन्न कार्यक्रमहरु ल्याउनु पर्दछ ।

- सामुदायिक विद्यालयमा पनि अग्रेजी भाषालाई प्राथमिकतामा राखि अंग्रेजी माध्यमवाट शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्ने व्यवस्था मिलाउने ।
- संस्थागत विद्यालय नाफामुखि हुने हुनाले शैक्षिक क्षेत्रमा भएको ठाडो व्यापारलाई रोक्न सरकारले प्रभावकारी अनुगमन तथा निरीक्षण व्यवस्था गर्नुपर्दछ । विद्यालयले कति लगानी गरेको छ ? कति आम्दानी प्राप्त गर्छ र कुल खर्च कति हुन्छ ? भन्ने कुरा थाहा पाउन सर्वप्रथम विद्यालयको आर्थिक पक्षको लेखापरिक्षण सरकारले प्रभावकारी रुपमा गर्नुपर्दछ । यदि बढि शुल्क लिएको र शिक्षक तथा कर्मचारीलाई न्युन तलब दिने र बढी मुनाफा प्राप्त गर्ने गरेको पाइएमा त्यस्ता विद्यालयहरुलाई आवश्यक नियम लगाउने तथा कडा जरिवाना दिने व्यवस्था गर्नुपर्दछ ।

### ५.२.२ प्रयोगात्मक क्षेत्रसँग सम्बन्धित सुझावहरु (Practice Related Recommendations)

सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयको प्रयोगात्मक पक्षसँग सम्बन्धित सुझावहरु निम्नानुसार रहेका छन् :

- शिक्षालाई आधुनिक र वैज्ञानिक बनाउनको लागी शिक्षामा नविनतम विधिहरुको प्रयोगमा जोड दिने ।
- विद्यालय शान्ति क्षेत्र भएकाले कुनै पनि किसिमको बन्द, हड्ताल आदिमा पनि अध्ययन अध्यापन कार्यलाई निरन्तरता दिने वातावरण सम्बन्धित निकायले मिलाउनुपर्दछ ।
- लगानीको अवस्था बढाउन र शैक्षिक उपलब्धि उच्च बनाउनको लागि शैक्षिक प्रशासन चुस्त, दुरुस्त राख्ने, विद्यार्थीको रुचि अनुसारको अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्ने, परिक्षा प्रणालिमा सुधार गर्ने, व्यवस्थित शैक्षिक सामग्री प्रयोग गर्ने, उपयुक्त किसिमको शैक्षिक नियम प्रयोग गर्ने, दक्ष जनशक्ति र स्वच्छ शैक्षिक वातावरणको व्यवस्था गर्नुपर्दछ ।
- विद्यालयमा विद्यार्थीको उत्तिर्ण प्रतिशत बढाउनको लागि विषयगत रुपमा दक्ष र योग्यता पुगेका शिक्षकहरुको व्यवस्था गर्नुको साथै तालिमको पनि व्यवस्था मिलाउनुपर्दछ ।

- विद्यालयले प्राप्त गर्ने आयको सबैभन्दा ठुलो हिस्सा शिक्षक तलव भत्तामा खर्च हुने गरेको र विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्नमा र अन्य प्रशासनिक कार्यका लागि पनि लगानी वृद्धि गर्नुपर्दछ ।

### ५.२.३ आगामी अनुसन्धानसँग सम्बन्धित सुझावहरु (Further Research Related Recommendations)

यस अध्ययनमा सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयमा आर्थिक लगानी र शैक्षिक उपलब्धिको अध्ययन गरिएकोले यो वाहेक अन्य निम्न शैक्षिक तहको अध्ययन गर्न सक्ने देखिन्छ ।

- माध्यमिक तहमा विद्यार्थी प्रवाहदरको अध्ययन गर्न सक्ने देखिन्छ ।
- उच्च माध्यमिक शिक्षामा आर्थिक लगानी र शैक्षिक उपलब्धिको अध्ययन गर्न सक्ने देखिन्छ ।
- प्राविधिक शिक्षाले विद्यार्थीमा पारेको शैक्षिक तथा आर्थिक प्रभावको अध्ययन गर्न सक्ने देखिन्छ ।

## सन्दर्भ सूची (References)


अर्थमन्त्रालय (२०७२), *आर्थिक सर्वेक्षण २०७१/०७२,* काठमाडौं : अर्थमन्त्रालय, नेपाल सरकार उपाध्याय, ईश्वरप्रसाद (१९७३), *अधिकारमा आधारित शिक्षा एक चर्चा,* ( शैक्षिक स्मारिका) सानोठिमी भक्तपुर : शिक्षा विभाग

अधिकारी, वालकृष्ण (२०७१), *शिक्षा र विकास,* सनलाइट पब्लिकेसन, कीर्तिपुर ।

अधिकारी, विष्णुप्रसाद (२०६०), *नेपालका शिक्षा आयोगका प्रतिवेदनहरुको संग्रह,* आशिष पुस्तक भण्डार, बागबजार : काठमाडौ ।

अधिकारी, विष्णु (२०७१), *माध्यमिक विद्यालय निरीक्षक,* आशिष बुक्स प्रकाशन ।

उपाध्याय, ईश्वरप्रसाद (१९७३), *अधिकारमा आधारित शिक्षा एक चर्चा,* (शैक्षिक स्मारिका) सानोठिमी भक्तपुर : शिक्षा विभाग ।

खनाल, मुकुन्दमणी र आचार्य, सुशन (२०६३), *शिक्षाको वित्तिय अर्थशास्त्र,* मकालु बुक्स एण्ड स्टेसनर्स, पुतलीसडक काठमाडौं ।

घिमिरे, केशवप्रसाद (२०६५), *सामुदायिक उच्च माध्यमिक विद्यालय शिक्षामा शैक्षिक लगानी एक अध्ययन,* अप्रकाशित शोधपत्र, शिक्षाशास्त्र केन्द्रिय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

घिमिरे, हिन्दु (२०६८), *उच्च माध्यमिक शिक्षामा लगानी र यसको शैक्षिक उपलब्धि एक अध्ययन,* अप्रकाशित शोधपत्र, शिक्षा शास्त्र केन्द्रिय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

जलथल गा.वि.स. (२०७३), *वार्षिक गा.वि.स. योजना,* जलथल : गा.वि.स. ।

जिल्ला विकास समिति(२०७३), *झापा जिल्लाको संक्षिप्त चिनारी,* झापा : जिल्ला विकास समिति ।

थापा, विजयकुमार (२०५६), *विद्यालय शिक्षामा लगानी र उपलब्धि,* सेरिड, काठमाडौं ।

नेपालको शिक्षा आयोगको प्रतिवेदनको संग्रह (२०६१)

बुदुजा, चन्द्रकुमारी (२०६२), *माध्यमिक शिक्षामा आर्थिक लगानी र शैक्षिक उपलब्धि एक अध्ययन,* अप्रकाशित शोधपत्र, शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालयक, कीर्तिपुर

जलथल गा.वि.स. (२०७३), *वार्षिक गा.वि.स. योजना,* जलथल : गा.वि.स. ।

सिंह, नागेश्वर (२०६७), *शिक्षाका आधारहरु,* पैरवी प्रकाशन ।

शर्मा, गोपिनाथ (२०६२), *नेपालको शिक्षा आयोगको प्रतिवेदनहरु,* (दोस्रो संस्करण) काठमाडौं ।

शर्मा, चिरञ्जीवि (२०६८), *शिक्षाका आधारहरु,* एम.के. पब्लिकेशन एण्ड डिष्ट्रिब्युटर्स, काठमाडौं ।

शर्मा, निलमकुमार (२०५८), *विकास र योजनाको अर्थशास्त्र,* पैरवी प्रकाशन, काठमाडौं ।

शर्मा, निलम कुमार (२०६५), *शिक्षा र विकासको अर्थशास्त्र,* पैरवी प्रकाशन : काठमाण्डौं ।

शिवाकोटी, ध्रुवराज (२०६३), *नेपालको माध्यमिक शिक्षामा लगानी एक अध्ययन,* अप्रकाशित पि.एच.डि. शोधपत्र, *शिक्षा शास्त्र केन्द्रीय विभाग,* त्रि.वि. कीर्तिपुर, काठमाडौं ।

श्रेष्ठ, शरदकुमार (२०६४), *उच्च माध्यमिक शिक्षामा लगानी र त्यसको शैक्षिक उपलब्धि एक अध्ययन,* अप्रकाशित शोधपत्र, शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर, काठमाडौं ।

CHIRAG (1995), *Higher secondary school in Nepal,* A status servey final Report Kathmandu : co-operative Hands in Restoration Advancement & Growth .

DOE, (2001), *School level statistics of Nepal,* bhaktapur: Department of education

Herbinsion and Mayers (1968 A.D.), R*eading In the economic of education* France: UNESCO

## अनुसूची १ (Appendix 1)

## माध्यमिक तहका विद्यार्थीको अभिभावकका लागि प्रश्नावली

नाम : ठेगाना :

लिङ्ग : पेशा :

परिवार सङ्ख्या : छोरा : छोरी :

१. किन आफ्नो छोराछोरीलाई यही विद्यालय पठाउनु भएको

क) घरपायक भएकाले ख) पठनपाठन राम्रो भएकाले

ग) अनुशासन भएकाले घ) बढी सुविधा भएकाले

२. तपाईले आफ्नो छोराछोरीको पढाइमा वार्षिक कति खर्च गर्नु भएको छ ?

..........................................................................................................

३. विद्यालयले लिने शुल्क कस्तो छ ?

क) महँगो ख) सस्तो ग) ठिकै

४. तपाईको छोराछोरी पढाइमा नियमित रुपमा उतीर्ण भएका छन् ?

क) छन् ख) छैन्न

५. छन् भने कुन कुन श्रेणीमा भएका छन् ?

क) विशिष्ट ख) प्रथम ग) द्वितीय घ) तृतीय

६. छैनन् भने किन फेल भएका होलान् ?

क) छोराछोरीले मेहनत नगरेर ख) शिक्षकले राम्रोसँग नपढाएर

ग) पाठ्यक्रम, पाठ्यपुस्तक त्रुटीपूर्ण भएर

७. तपाईको वार्षिक आय मध्ये छोराछोरीलाई २ वर्षमा गरेको शैक्षिक खर्च उल्लेख गर्नुहोस्

| क्र.सं. | खर्चको विवरण | २०७०/०७१ | २०७१/०७२ |
|---|---|---|---|
| १. | भर्ना शुल्क (वार्षिक) | | |
| २. | पढाई शुल्क (वार्षिक) | | |
| ३. | परीक्षा शुल्क | | |
| ४. | रजिष्ट्रेसन शुल्क | | |
| ५. | खेलकुद शुल्क | | |
| ६. | पुस्तकालय शुल्क | | |
| ७. | अन्य शुल्क | | |
| ८. | जम्मा शुल्क | | |

८. तपाईले विद्यालयलाई नतिरेको शिक्षासँग सम्बन्धित अन्य खर्च उल्लेख गर्नुहोस् ।

| क्र.सं. | विवरण | २०७०/०७१ | २०७१/०७२ |
|---|---|---|---|
| १ | यातायात खर्च | | |
| २ | खाजा खर्च | | |
| ३ | विद्यालय पोसाक खर्च | | |
| ४ | स्टेशनरी खर्च | | |
| ५ | ट्युसन खर्च | | |
| ६ | अन्य खर्च | | |
| | जम्मा | | |

९. विद्यार्थीको पढाइको लागी कुन शीर्षकमा तपाई बढी खर्च गर्नुहुन्छ ?

.............................................................................................

१०. विद्यालयको कुन–कुन कार्यक्रममा भाग लिने गर्नुहुन्छ ?

...............................................................................................

११. एस्.एल्.सी. उत्तीर्ण भएपछि छोराछोरीलाई कहाँ पठाउनुहुन्छ ?

....................................................................................................

१२. तपाईको कुनै छोराछोरीले यस विद्यालयबाट एस्.एल्.सी. उत्तीर्ण गरेका छन् ?

....................................................................................................

१३. तपाईको गाउँमा एस्.एल्.सी. उत्तीर्ण गरेका विद्यार्थी कति जना छन् ?

....................................................................................................

१४. छोराछोरीको पढाईले आर्थिक भार बढेको कत्तिको महसुस गर्नुभएको छ ?

....................................................................................................

१५. माध्यमिक तहमा राम्रो नतिजा ल्याउन के गर्नुपर्ला

?...................................................................................................

१६. यस विद्यालयमा विद्यार्थी नियमित तर्फ बढी अंक नल्याउनुको कारण के होला ?

....................................................................................................

१७. पढाई सुधार्न तपाईको केहि सुझाव छ कि ?

....................................................................................................

## अनुसूची २ (Appendix 2)

## माध्यमिक तहका विद्यार्थीको लागि प्रश्नावली

विद्यार्थीको नाम : ठेगाना :

विद्यालयको नाम : कक्षा :

१. तपाई किन यस विद्यालयमा भर्ना हुनुभयो ?

क) पठनपाठन राम्रो भएर ख) अनुशासित वातावरण भएर

ग) घर पायक भएर घ) थाहा छैन

२. तपाई यस विद्यालयको पठन पाठनमा सन्तुष्ट हुनुहुन्छ ?

क) छु ख) छैन

३. छ भने किन, छैन भने किन ? के होस् भन्ने चाहनुहुन्छ ?

.......................................................................................................................

४. विद्यालयको शैक्षिक उपलब्धि बढाउन के गर्नुपर्छ ?

.......................................................................................................................

५. यस विद्यालयपढ्दा कति फि तिर्नुहुन्छ ?

क) भर्ना फि ........ ख) मासिक फि ........ ग) अन्य फि ..........

६. फि तिर्न कठिन भएको छ वा छैन ?

क) छ ख) छैन

७. छ भने किन छ ? कारण भन्नुहोस्?

.......................................................................................................................

८. तपाईले इच्छा अनुसार विषय पढ्न पाउनु भएको छ वा छैन ?

.......................................................................................................................

९. विद्यालय ले पठनपाठन बाहेक अन्य अतिरिक्त क्रियाकलाप गर्छ वा गर्दैन ?

क) गर्छ ख) गर्दैन

१०. यस विद्यालयको पठनपाठन राम्रो स्तरीय बनाउन के के होस् भन्ने चाहनुहुन्छ ?

.......................................................................................................................

११. तपाई सँधै विद्यालयमा उपस्थित हुनुहुन्छ ?

क) हुन्छु ख) हुन्न ग) कहिलेकाँहि मात्र

१२. तपाई घरबाटै विद्यालय जानुहुन्छ कि भाडामा बस्नुहुन्छ ?

.........................................................................................

१३. तपाईले गरेको लगानी अनुरुप प्राप्त गरेको शैक्षिक उपलब्धिबाट सन्तुष्ट हुनुहुन्छ ?

....................................................................................................

१४. यस विद्यालयको पठनपाठन राम्रो र स्तरीय बनाउन के होस् भन्ने चाहनुहुन्छ ?........................................................................................................

१५. यस विद्यालयमा अध्ययन गर्दा तपाईलाई अन्य के कस्ता समस्या आईपरेका छन् ?

..............................................................................................................

१६. उक्त समस्यालाई समाधान गर्न के कस्ता उपायहरु अपनाउनु पर्ला ?

# अनुसूची ३ (Appendix 3)

## माध्यमिक विद्यालयको प्रधानाध्यापकका लागिप्रश्नावली

विद्यालयको नाम :

विद्यालयको ठेगाना :

प्र.अ. को नामः ठेगानाः

योग्यता : कार्यकाल :

१. यो विद्यालय सञ्चालन भएको कति वर्ष भयो ?

.............................................................................................................

२. यस विद्यालयको आम्दानी पर्याप्त छ ?

.............................................................................................................

३. छ भने कुन कुन स्रोतबाट आम्दानी प्राप्त भएको छ ?

.............................................................................................................

४. वार्षिक आम्दानी र खर्च कति छ ?

आम्दानी :

खर्च :

५. सरकारको वार्षिक लगानी कति छ ?

.............................................................................................................

६. तपाई विद्यालयको शैक्षिक उपलब्धिसँग सन्तुष्ट हुनुहुन्छ ?

.............................................................................................................

७. शैक्षिक उपलब्धि उच्च तुल्याउन के के गर्नुपर्ला ?

.............................................................................................................

८. हालको मा.वि. को शिक्षा नीतिसँग तपाई सन्तुष्ट हुनुहुन्छ ?

क) छु ख) छैन

९. हाल विद्यालय सञ्चालन गर्न के के समस्या आइपरेका छन् ?

.............................................................................................................

१०. यी समस्याले गुणस्तरीय शिक्षा प्रदान गर्न के के बाधा पार्छन् ?

.............................................................................................................

११. विद्यार्थीहरुले शुल्क समयमा नै तिर्छन् ?

क) तिर्छन्                    ख) तिर्दैनन्

१२. तिर्दैनन् भने नतिर्ने कारण के होला त ?

..........................................................................................................

१३. शैक्षिक उपलब्धि उच्च तुल्याउन के कस्तो उपायहरु अपनाउनुपर्ला?

..........................................................................................................

१४. आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरुका लागि विद्यालयले छात्रवृत्तिको व्यवस्था गरेको छ या छैन ?

..........................................................................................................

१५. विद्यालयको जग्गाजमिन कति छ ?

..........................................................................................................

१६. विद्यालयमा शिक्षकहरुको अवस्था के कस्तो रहेको छ ?

..........................................................................................................

१७. गुणस्तरीय शिक्षा प्रदान गर्न सरकारको, विद्यालयको, विद्यार्थी र अभिभावकको के कस्तो भुमिका रहनुपर्ला ?

..........................................................................................................

१८. तपाई लगानी र उपलब्धि विच कस्तो सम्बन्ध देख्नुहुन्छ ?

..........................................................................................

१९. पढाईको अलावा अन्य अतिरिक्त क्रियाकलाप पनि गराउनुहुन्छ ?

..........................................................................................................

२०. शिक्षकहरुलाई तालिम तथा पुनःर्ताजगी तालिमको अवसर छ/छैन ?

..........................................................................................................

२१. विद्यालय र समुदाय विचको सम्बन्ध कस्तो छ ?

..........................................................................................................

२३. हालको मा.वि. को पाठ्यकमलाई सुधार गर्नुपर्ने छ/छैन ?

..........................................................................................

## अनुसूची ४ (Appendix 4)

## विद्यालय व्यवस्थापन समितिका लागि प्रश्नावली

नाम :

ठेगाना :

पद :

१. तपाई समितिमा बसी काम गर्नुभएको कति समय भयो ?

......................................................................................

२. अन्य कुनै संघ संस्थासँग पनि आवद्ध हुनुहुन्छ ?

......................................................................................

३. तपाईले विद्यालयमा कत्तिको समय दिनुहुन्छ ?

......................................................................................

४. तपाई विद्यालयमा आएपछि के–के सुधार गर्नुभयो ?

......................................................................................

५. विद्यालयको आर्थिक अवस्था सुदृढ बनाउन कुन–कुन क्षेत्रबाट स्रोत जुटाउन सकिन्छ ?

......................................................................................

६. शैक्षिक उपलब्धि उच्च बनाउन तपाईले कस्तो योजना बनाउनुभएको छ ?

......................................................................................

७. के विद्यार्थीहरु पढाईप्रति सन्तुष्ट छन् ?

८. विद्यालयमा नियमित रुपले सम्बन्धित बिषयमा बैठक बस्ने गरेको छ ?

९. विद्यालयको शैक्षिक उपलब्धि सँग सन्तुष्टि हुनुहुन्छ ?

......................................................................................

१०.तपाईलाई विद्यालयको भौतिक पूर्वाधारमा के कमि भएको जस्तो लाग्छ ?

......................................................................................

११. विद्यालयमा सामाजिक लेखा परिक्षण गर्न लेखा समिति बनाउनु भएको छ ?

......................................................................................

१२. विद्यालयमा पढाईको स्तर सुधार्न व्यवस्थापन समितिको भूमिका कस्तो रहेको छ ?

......................................................................................

## अनुसूची ५ (Appendix 5)

## विद्यालय अवलोकन फाराम

विद्यालयको नाम :

ठेगाना :

१. विद्यालय भवन संख्या..................कच्ची भवन.................पक्की भवन................

२. विद्यालयमा जम्मा कोठा संख्या...................

क) मा.वि. कक्षा सञ्चालन हुने कक्षा कोठा संख्या :

ख) अफिस कोठा संख्या :

ग) प्रयोगशाला कोठा संख्या :

घ) पुस्तकालय कोठा संख्या :

ङ) कम्प्यूटर कोठा संख्या :

च) स्टोर कोठा संख्या :

३. डेक्स बेन्चको संख्या :

४. प्रति कोठा डेक्स बेन्च संख्या :

५. पुस्तकालयमा उपलब्ध पुस्तक संख्या :

६. डेक्स बेन्चको संख्या :

७. सन्दर्भ पुस्तक संख्या :

८. प्रयोगशालाको व्यवस्था छ / छैन ?

९. खेल मैदानको व्यवस्था छ / छैन ?

१०. शौचालय सुविधा छ/छैन ? छात्र छात्रालाई छुट्टाछुट्टै व्यवस्था छ /छैन ?

११. पिउने पानीको व्यवस्था कस्तो छ ?

१२.कम्प्युटरको व्यवस्था छ / छैन ? कार्यालय प्रयोजनको लागि मात्र छ कि विद्यार्थीको लागी पनि छ ?

## अनुसूची ६ (Appendix 6)

## लक्षित समूह छलफल निर्देशिका

१) लक्षित समूह छलफल संचालन गर्नुभन्दा पहिले ६-१० जना सम्मको समूह निर्माण गर्नुपर्दछ ।

२) समूह निर्माण गर्दा एउटै पृष्ठभूमि भएका व्यक्तिहरुको समूह बनाउनुपर्दछ ।

३) लक्षित समूह छलफलको लागि बनाइएका प्रश्नहरु खुल्ला रुपमा समावेश हुनुपर्दछ ।

४) लक्षित समूह छलफलको लागि स्थान निर्माण गर्नुपर्दछ ।

५) छलफलमा एकजना मोडरेटर र एक जना नोट टेकर को आवश्यकता पर्दछ ।

६) छलफलमा आएका प्रश्न तथा उत्तरलाई टिपोट गर्नुपर्दछ ।

७) टिपोट गरिएका संकलित तथ्याङ्कलाई व्याख्या विश्लेषण गर्नुपर्दछ ।

**लक्षित समूह छलफलका लागि तयार गरिएको प्रश्नावली**

१)मा.वि. सञ्चालन गर्दा आइपर्ने समस्याहरु के के हुन ?

२) मा.वि. सञ्चालन गर्दा सरकार वा सम्बन्धित पक्षले के के गर्नुपर्ने देख्नुहुन्छ ?

३) मा.वि. मा अझ सुधार गर्नुपर्ने पक्षहरु के के छन ?